◆ **सम्पादकीय-**
- चुनौतीको सामना गरौं.. - २
◆ **आवरण**
- नेकपा (एमाले)को नयाँ निर्णय - ३
◆ **राजनीतिक प्रतिवेदन**
- जनताको सार्वभौमसत्तालाई स्वीकार गरिएको छ - **माधवकुमार नेपाल** - ७
◆ **स्मृति**
- स्मृतिका पानाहरुमा कमरेड बलराम दाइ– **मोदनाथ प्रश्रित** - ९
◆ **दस्तावेज**
- प्रधानमन्त्री : देउवादेखि देउवासम्म - ११
◆ **आन्दोलन**
- जनआन्दोलनमा महिला सहभागिता – **विन्दा पाण्डे** - १२
- जनआन्दोलनमा पेशाकर्मीको ऐक्यबद्धता– **पी.के. खनाल** - १४
◆ **पार्टी जीवन**
- पार्टी निर्माणका सन्दर्भमा जवज – **मदन भण्डारी** - १७
◆ **म कसरी कम्युनिष्ट भएँ ?**
- दमनले मलाई सरकारविरोधी बनायो – **प्रदिप नेपाल** - १८
◆ **टिप्पणी**
- राजाको रिनंकुश आकांक्षा ओरालोतिर – **सूर्य थापा** - २०
◆ **मुलुक परिचय**
- राजा आफ्नो भनाइमा टिक्लान् ? - **विष्णु रिजाल** - २२
◆ **विश्व**
- स्टालिनले के भनेका थिए भारतीय कम्युनिष्टलाई ? – **अग्निशिखा** - २३
- शुरु भयो जसको राजनीति खाद्य आन्दोलनबाट - २५
- इराक : चौरासी वर्षमा के भयो ? - २६
◆ **कविता**
- मदनको सम्झनामा- **कृष्ण न्यौपाने** - २८
- कुर्कुच्चाको इतिहास– **विवश वस्ती** - २८
◆ **अर्थ**
- नेपाल विकास मञ्चको बैठक: एक विश्लेषण – **डा. गोविन्दबहादुर थापा**- २९
◆ **संस्मरण**
- आमरण अनसनका बीस दिन – **प्रेम पराजुली** - ३१
◆ **चिनारी**
- सत्र सालमा पार्टी सदस्यता माग्ने बसन्त गौचन– **कमला पराजुली** - ३४
◆ **मोफसल**
- जाजरकोटमा कम्युनिष्ट आन्दोलन – **निरज आचार्य** - ३५
◆ **समाज**
- राजनीतिमा महिला सहभागिता– **लालबाबु यादव** - ३७
◆ **ऐतिहासिक दस्तावेज**

-   प्रवक्ता मदन भण्डारीको एकमात्र वक्तव्य - ३९
◆ **नेतृत्व परिचय-** शंकर पोखरेल/प्रदीप ज्ञवाली - ४०

# चुनौतीको सामना गरौं ! निकासको खोजी गरौं ! जनताको जीत सुनिश्चित छ

*बितेको जेठ महिना शासकीय हिसाबले नेपालको सर्वाधिक अकर्मण्यताको महिना रह्यो । देश सम्पूर्ण रूपमा निस्क्रिय रह्यो, त्यसैहुनाले जीवन दिशाहीन र अन्यौलग्रस्त रह्यो । सत्ता सञ्चालकहरूको अयोग्यताका कारण मुलुकले नपाउनु पर्ने अबर्चनीय कष्ट झेल्नुपऱ्यो । सामन्ती चेतनाको शिकार बनाइएका राजनीतिक पार्टीका नेताहरूले सरकारै नभएको एक महिनाको नाम नेपाली राजनीतिक इतिहासको खातामा चढाए ।*

*तीन हप्ता सरकारबिहीन भएको नेपाली राजमा, आन्दोलनरत चार दलहरूको संकीर्णता र अकर्मण्यताका कारण प्राप्त गर्न सकिने जति आन्दोलनका उपलब्धीलाई नेपाली जनताको पोल्टामा सुम्पिन सकिएन । तर सधैं हलो अड्काउने आन्दोलनको सहकार्यबाट हाम्रो पार्टीले मुक्ति पाएको छ र यो मुक्तिका सन्दर्भमा सबै नेता- कार्यकर्ताले खुशी प्रकट गरेका छन् । हामी आफ्नो निर्णय गर्न स्वतन्त्र भएका छौं भन्ने चेतनाले नै सबैलाई यो खुशी प्रदान गरेको हो ।*

*एउटा झन्झटबाट मुक्ति पाएको पार्टी  सँगसँगै अर्को झन्झटमा फँस्ने पो हो कि भन्ने त्रास कार्यकर्ताको ठूलो पंक्तिमा छाएको छ ।*

*घोडा चढ्ने लड्न सक्छ, मैदानमा बसेर 'लौ घोडा चढ् त' भनेर इख्याउने कहिल्यै घोडाबाट लड्दैन । मुलुकलाई सधैंभरि दिशाहिनताको अवस्थामा राखिराख्नु पार्टीहरूको जिम्मेवारी होइन । निकासको कुनै पनि संभावनालाई उपयोग गरेर मुलुकलाई अघिल्तिर ठेल्नु राजनीतिक पार्टीहरूको नैसर्गिक दायित्व हो । शेरबहादुर देउबाको प्रधानमन्त्री पदस्थापनलाई हामी सबैले निकासको एउटा आँखिझ्यालका रूपमा लिनुपर्छ र त्यसको अधिकतम् सहयोग होस् भनी होसियारीसाथ अगाडिको बाटो कोर्नुपर्छ ।*

*नेकपा (एमाले)ले शेरबहादुर देउवाको सरकारलाई समर्थन गर्ने निर्णय गरेर ठूलो खतरा मोलेको छ । तर साहसीहरू नै पहाड चढ्छन् । नेपालको जिम्मेवारी अब कसले लिने ? यो अहिलेको अहम् प्रश्न हो । राजाबाट देश सुध्रिएन । पटक-पटकको अनुभव यही हो । कांग्रेसले देशको भार थेग्न सकेन । अरू सानातिना पार्टीहरूलाई धेरै दोष लाउन मिल्दैन, उनीहरूसँग देश थेग्ने माग गर्न पनि सकिंदैन । त्यसैले देश थेग्ने जिम्मा स्वतः नेकपा (एमाले)को काँधमा आउँछ ।*

*जिम्मा आफ्नो काँधमा आउने सुनिश्चित भएपछि हामीले यसो होला कि, उसो होला कि भनेर तर्सिनु हुँदैन । सबैभन्दा नराम्रो परिणाम के होला ? राजाबाट फेरि एकपल्ट धोका होला । के त्यस्तो धोकाबाट हामी उक्सिनै सक्दैनौं ? सक्छौं । किनभने, इतिहासको निर्माता जनता हुन् र नेपालमा जनताको वास्तविक प्रतिनिधित्व नेकपा (एमाले)ले मात्रै गर्न सक्छ ।*

*तसर्थ कमरेडहरू, कस्तै अप्ठ्यारालाई पनि पराजित गरिछाड्ने संकल्प बोकेर काममा उत्रौं । पार्टीको आन्तरिक सुदृढीकरण, संगठनात्मक व्यवस्थापन जस्ता महत्वपूर्ण कामलाई यो बर्खाको अवधिमा हामीले सक्याउनु पर्छ । के थाहा, फेरि हामीले आन्दोलनको तयारीमा लाग्नुपर्छ कि !*

*तर त्यो आन्दोलन हामी र जनताको आन्दोलन हुनेछ । आन्दोलनले तय गर्ने माग र मुद्दाहरूमा सहमत हुनेहरू आन्दोलनका सहयात्री हुनेछन्, अरूसँग मिल्नका लागि सम्झौताका मुद्दाहरू अब तय गरिने छैनन् ।*

*जीवन सजिलो छैन, त्यसैले राजनीति पनि सजिलो हुँदैन । हाम्रो लक्ष मन्त्री वा प्रधानमन्त्री होइन । हाम्रो लक्ष हो सामाजिक रूपान्तरण । लक्षप्राप्ती कागजमा लेखेर मात्र हुन सक्दैन । त्यसका लागि प्रत्येक कार्यकर्तामा आफूप्रतिको विश्वास, जीतप्रतिको विश्वास हुनु जरूरी छ ।*

# नेकपा (एमाले)को नयाँ निर्णय

मुलुकको प्रतीक्षाको लामो समय समाप्त भएको छ । विगत २२ महिनादेखि लगातार आन्दोलनमा लागिरहेको, आन्दोलनको मैदानबाट प्रतिगमन सच्याउने चुनौती दिइरहेको नेकपा (एमाले)ले ६० दिनको चर्को एवम् निरन्तर आन्दोलनपश्चात् राजाबाट २२ महिनाअघि असक्षम भनी फ्याँकिएका शेरबहादुर देउबालाई राजाले पुनः प्रधानमन्त्री पदमा नियुक्ति गरेपछि संघर्षको नयाँ अभियान आरम्भ गरेको छ । नेकपा (एमाले)ले किन आन्दोलन छोड्यो, किन त्यसले शेरबहादुर देउवालाई समर्थन गर्‍यो, किन त्यो सरकारमा सामेल हुने तयारी गर्दैछ भन्ने प्रश्नहरूका बीचमै पार्टी केन्द्रीय कमिटीको छैटौं बैठक सम्पन्न भएको छ । बैठकले सरकार एवम् सिङ्गो राजनीतिक क्षेत्रका साथै नागरिक समाजका सामू राष्ट्रिय सहमतिको ५२ बुँदे प्रस्ताव पारित गरेर एउटा चुनौतीपूर्ण यात्रा आरम्भ गरेको छ ।

अहिलेसम्म नेकपा (एमाले) बाहेकका चार आन्दोलनरत दलहरूले शेरबहादुर देउबाको पुनः नियुक्तिलाई प्रतिगमनको निरन्तरता भनेका छन् । कसरी ? यसको उत्तर उनीहरूले कतै दिएका छैनन् । शेरबहादुरलाई प्रधानमन्त्री बनाउने काम चार दलको अनिर्णय र अकर्मण्यताका कारण हो । चार दलले प्रत्येक चुनौतीलाई स्वीकार गर्ने हिम्मत देखाएको भए अहिले शेरबहादुर प्रधानमन्त्री हुने नै थिएनन् । हतारमा निर्णय गर्ने र फुर्सदमा पछुताउने नैतिकतासमेत प्रदर्शन गर्ने साहस देखाएनन् ती दलका नेताहरूले । आन्दोलनरत दलहरूले प्रतिगमन सच्याउने तीन ओटा बाटाहरू दिएका थिए । पहिलो थियो बिघटित प्रतिनिधिसभामा उपस्थित दलहरूको सिफारिसमा प्रधानमन्त्री र प्रधानमन्त्रीको सिफारिसमा सर्वदलीय सरकार । दोश्रो थियो बिघटित प्रतिनिधि सभाको पुनर्स्थापना सम्बन्धी राजनीतिक निर्णय र सर्वदलीय सरकारको गठन । तेश्रो थियो असौज १८ गते अघिको अवस्थामा जान निष्काशित प्रधानमन्त्रीको पुनर्वहाली ।

आन्दोलनले अघि सारेका मागहरू आंशिकरूपमा पुरा भएका थिए । पाँच आन्दोलनरत दलहरूले नाम दिन सकेको भए सम्भवतः दलको सबैभन्दा महत्वपूर्ण माग पुरा हुने संभावना थियो । आफ्नै गल्तीले बाटो बिग्रिएको कुरालाई सबै दलहरूले उपयुक्त जिम्मेवारीका साथ स्वीकार्नु पर्थ्यो र ०५९ साल असौज १८ गतेसम्म जनताद्वारा निर्वाचित भै कामकाज सम्हालिरहेका शेरबहादुरको पुनर्नियुक्तिलाई समर्थन गरेर, प्रतिगमन विरोधी आन्दोलनलाई नयाँ ढाँचामा सञ्चालन गर्नुपर्थ्यो । तर उनीहरूले त्यसो गर्न सकेनन् । आन्दोलनको चर्को नारा दिँदा नै जनताको प्रेम पाइन्छ भन्ने अन्धविश्वासबाट ग्रस्त भएर सडक आन्दोलन जारी राख्ने निर्णय गरे र एक हप्तामा दुई-दुई पटक गल्ती गर्नपुगे ।

शेरबहादुर देउवाको पुनर्नियुक्ति प्रतिगमनको पराजय होइन भन्ने सत्यलाई सबैले बुझ्नुपर्छ । तर त्यो चार दलका नेताहरूले घोषणा गरेजस्तो प्रतिगमनको निरन्तरता पनि होइन । आम जनताले बुझ्ने भाषामा बोल्ने हो भने शेरबहादुर देउबाको पुनर्वहाली नै भएको हो । खोस्ने पनि उही १२७, फेरि राख्ने पनि उही १२७ । गाउँले भाकामा भन्ने हो भने यो त राजाले थुकेको थुक चाटेको जस्तै हो । अनि यसलाई कसरी लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वको हाराहारीमा राख्न मिल्छ ?

यथार्थमा अहिले प्रतिगमन रक्षात्मक स्थितिमा छ र त्यो ठहरावको बिन्दुमा छ । राजनीतिक दलहरूले ढङ्ग जाने आन्दोलनको चुटाई खाएर रन्थनिएको प्रतिगमनलाई ठेगान लाउन सकिन्छ, जानेनन् भने त्यो फेरि बौरिनेछ र नेपाली जनतालाई लामो समयसम्म दुःख दिइरहनेछ । यो बर्खाको याममा प्रतिगमनलाई ठेगान लगाउनु भनेको शेरबहादुर देउवाको मन्त्रीपरिषदलाई सशर्त समर्थन दिनु हो, पार्टीहरूको स्वायत्ततालाई कायम राख्दै सरकारलाई खबरदारी गर्नु हो ।

यदि दलहरूले अहिले पनि रमीता हेरेर बस्ने हो भने आफूले समाधान पनि नदिने, मुलुकलाई अघि बढ्ने बाटो पनि नछोड्ने अयोग्यताको प्रदर्शन हुनेछ ।

शेरबहादुरको पुनर्बहालीमा खुशी भएर रौसिनु हुँदैन र पार्टीले गल्ती पो गर्‍यो कि भनेर पिरिनु पनि हुँदैन । पौरखीहरू मात्रै चुनौतीको सामना गर्छन् । हामीले आफ्नै इतिहासलाई पनि बिर्सनु हुँदैन । कम्युनिस्ट आन्दोलनको लामो इतिहासमा हामीले थुप्रै उतारचढाव बेहोरेका छौं । तर जनताप्रतिको क्रान्तिकारी निष्ठाबाट च्यूत नभएको हुनाले हामीले सधैं दलदले सागर पार गर्दै आएका छौं । ०३६ को विद्यार्थी आन्दोलनलाई जनमत संग्रहको विन्दुसम्म पुर्‍याउने विद्यार्थी नेताहरूको ठूलो संख्या अहिले नेकपा (एमाले)को विभिन्न तहको नेतृत्व सम्हालेर कृयाशील रहेको छ । पञ्चायती व्यवस्थालाई भित्र र बाहिर दुबै ठाउँमा प्रहार गर्न हाम्रै पार्टीले पञ्चायती चुनावमा क्रान्तिकारी हस्तक्षेप गरेको थियो । त्यतिबेला पनि हाम्रो पार्टीले लाञ्छना सहनु परेको थियो । प्रतिपक्षी पार्टीहरूले पञ्चायतसामू आत्मसमर्पण गरेको आरोप हाम्रो पार्टी माथि लगाएकै थिए । तर हामीले राष्ट्रिय पञ्चायतको घाँघरभित्रै बहुदलको आवाज बुलन्द गर्‍यौं । नेपालको निर्दलीय राजनीतिमा बहुदल जिन्दावाद भन्ने नारा गुञ्जिने क्रमले तिब्रता प्राप्त गर्‍यो । अहिले हामी सगर्व घोषणा गर्नसक्ने भएका छौं - ०४० सालपछि तत्कालीन नेकपा मालेले जनपक्षीय हस्तक्षेप गरेको आन्दोलनको निरन्तरताको वास्तविक प्रतिफल थियो - ०४६ सालको जनआन्दोलन ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक)को सरकारप्रति कस्तो दृष्टिकोण अवलम्बन गर्ने भन्ने निर्णय लिइरहँदा हामीले जनपक्षीय हस्तक्षेपको यो नीतिलाई बिर्सन मिल्दैन । झण्डै दुइ वर्ष लामो आन्दोलनको आंशिक उपलब्धीका रूपमा प्राप्त भएको यो सरकारलाई तिरस्कार गरेर होइन, दवावमूलक ढङ्गले अग्रगामी काममा लगाउँदा नै जनताको आन्दोलनले वास्तविक प्रतिफल प्राप्त गर्न सक्नेछ ।

हाम्रा लागि जतिसुकै अनुकूल परिस्थिति उत्पन्न हुँदा पनि पूँजीपति र सामन्त वर्गको शासन रहँदासम्म हामीले आफ्नो सतर्कतालाई कमजोर हुन दिनुहुँदैन । प्रतिगमन जहिले पनि फणा उठाएर मौकाको चौका पर्खिएर बसिरहेको हुन्छ । शोषक वर्ग जनता शक्तिशाली भएको हेर्न चाहदैन । जनताको मनको खुशी शासकहरूका लागि अपाच्य हुन्छ । त्यसै हुनाले जनताको अधिकार रक्षा गर्ने पार्टीहरूले आफूलाई सधैं चनाखो र सतर्कताको स्थितिमा राखिरहनुपर्छ ।

यही वास्तविकतालाई मध्यनजर गर्दै हाम्रो पार्टीले शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वलाई सकारात्मक अवधारणा अन्तर्गत लिएको हो । प्रधानमन्त्री देउवाले आफ्नो पार्टीको पूर्ण समर्थन पाउनु भएको छ । त्यसैहुनाले उहाँले अरू पार्टीहरूसँग हदैसम्म लचिलो हुनसक्ने प्रतिवद्धता जाहेर गर्नुभएको छ । हाम्रो पार्टीले उहाँको सरकारले काम गर्न सकोस् भनेर राष्ट्रिय सहमतिको ५२ बुँदे प्रस्ताव प्रस्तुत गरेको छ । हामी आफू उक्त प्रस्तावको कार्यान्वयनप्रति प्रतिवद्ध छौं । त्यसैले सरकारबाट त्यसको कार्यान्वयनमा गतिरोध उत्पन्न भयो भने हामी नयाँ ढङ्गले आन्दोलन संयोजन गर्नेछौं ।

# राष्ट्रिय सहमतिका लागि अग्रगामी निकासको प्रस्ताव

हामीले राष्ट्रिय समस्याको समाधानका लागि पहिला पैंतीस सूत्रीय अग्रगमनको प्रस्ताव तथा पछि नौ सूत्रीय प्रस्ताव राष्ट्रका सामु यस अघि नै राखिसकेका छौं । ती प्रस्तावहरूमा सम्बन्धित सबै पक्षको सहमतिका लागि हामीले भरमग्दुर प्रयत्न गर्दै आएका छौं । जटिल बन्दै गएका  समस्याहरूको समाधान गरी गम्भीर हुँदै गएको संकटबाट मुलुक र जनतालाई मुक्त गर्न राष्ट्रिय सहमति आवश्यक छ । यही दृष्टिकोण र भावनाका साथ वर्तमान परिवर्तित परिस्थितिमा प्रतिगमनका नकारात्मक परिणामहरूलाई सच्याउने, माओवादी आन्दोलनका मूल कारणहरूको पहिचान समाधान गरी शान्ति स्थापना गर्ने र अग्रगमनको दिशामा अग्रसर रहने जस्ता न्यूनतम साझा कार्यक्रममा सहमत भई अगाडि बढौं भन्ने नेकपा (एमाले) को चाहना हो ।  अतः नेकपा (एमाले), सबै जिम्मेवार राजनीतिक दल, सचेत नेपाली जनता र नागरिक समाज सिंगो राष्ट्रका सामु न्यूनतम साझा सहमतिको लागि निम्नानुसारको प्रस्ताव प्रस्तुत गर्दछ :

**क) प्रतिगमनका कारण उत्पन्न समस्याहरुको समाधानका लागि गर्नुपर्ने कामहरु**

१. २०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै मुलुकलाई अग्रगामी दिशातिर डोर्‍याउने ।

२. नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, राज्यशक्तिको श्रोत नेपाली जनता भएको र राजकीय सत्ताको प्रयोग नेपाल अधिराज्यको संविधान बमोजिम मात्र हुने कुरालाई सिद्धान्ततः र व्यवहारतः स्थापित गर्ने ।

३. सरकारका राजनीतिक, नीतिगत र कार्यक्रमसम्बन्धी प्रतिबद्धताहरू औपचारिक रूपमा सार्वजनिक गर्ने । मानवाधिकारको पूर्ण परिपालना गरिने  सिद्धान्तलाई व्यवहारमा स्थापित गर्ने ।

४. मन्त्री परिषदको कार्यसम्पादन नियमावली संविधान बमोजिम मन्त्रीपरिषदको अधीनमा रहने गरी यसमा भएको संशोधन बदर गर्ने लगायत यस बीचमा भएका अप्रजातान्त्रिक र असंवैधानिक कार्यहरूलाई सच्याउने ।

५. स्थानीय निकायहरूमा गरिएको मनोनयन बदर गरी निर्वाचित जनप्रतिनिधिहरूको पुनर्वहाली गर्ने ।

६. यस बीच राज्यद्वारा असंवैधानिक र अप्रजातान्त्रिक रूपमा गरिएका सम्पूर्ण नीति, निर्णय र कामलाई सच्याउने ।

७. जनआन्दोलनमाथि दमन गर्न राज्यशक्तिको दुरूपयोग गर्दै भएका मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरूको छानबीन गरी दोषीलाई कार्यवाही गर्ने र पीडितलाई क्षतिपूर्ति दिने ।

८. राष्ट्रिय सभालाई सक्रिय बनाउने ।

**ख) माओवादी आन्दोलनका कारण उत्पन्न समस्याको समाधान र शान्तिको स्थापना**

१. सर्वदलीय सरकारको गठन गर्नुपर्दछ तथा प्रतिनिधिसभालाई कायम गर्ने दिशातिर अग्रसर हुनुपर्दछ ।

२. सरकार र माओवादी दुबै पक्षबाट युद्धबिराम गरी वार्ताको वातावरण तयार गर्नुपर्छ । युद्ध विरामको अवधिमा राज्य तथा माओवादीले पालना गर्नुपर्ने मानव अधिकार संहिता र आचार संहितामा सहमति कायम गरी त्यसको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्धता जाहेर गर्नुपर्छ ।

३. सर्वदलीय सरकारमा संलग्न दलहरूका बीच सहमतिका आधारमा मुलुकको विद्यमान स्थितिमा परिवर्तन ल्याउन अग्रगमनको विस्तृत कार्यक्रम सहित अघि बढ्नुपर्छ र त्यस कार्यक्रमका आधारमा सर्वदलीय सरकारले माओवादी पक्षसंग वार्ता गर्नु पर्दछ ।

४. अग्रगामी साझा कार्यक्रममा दलित, महिला, जनजाती, तराईका पिछडिएका जाति र समुदाय, दुर्गम क्षेत्र, गरिबीको रेखामुनि रहेका र बेरोजगारीबाट आक्रान्त समुदायको हक-हितको संरक्षण, विकेन्द्रीत शासन प्रणाली, सुशासन, जनमुखी लोकतन्त्र, भ्रष्टाचार नियन्त्रण, दण्डहीनताको अन्त्य एवं समाज र राज्यको व्यापक प्रजातान्त्रिकरण एवं राष्ट्रियताको सुदृढीकरण जस्ता विषयहरू समावेश हुनुपर्दछ ।

५. माओवादीहरूसंग सहमति भएपछि सर्वदलीय सरकारको आयोजनामा माओवादीहरू समेत सम्मिलित गोलमेच सम्मेलनको आयोजना गर्नु पर्दछ । त्यस गोलमेच सम्मेलनमा विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दलका प्रतिनिधिहरू, नेकपा (माओवादी) का प्रतिनिधिहरू र गोलमेचमा सहभागी हुने राजनीतिक दलहरूको सहमतिमा अन्य अत्यावश्यक निश्चित व्यक्तिहरूलाई पनि सामेल गर्नसकिने छ । गोलमेच सम्मेलनबाट अग्रगमनको कार्यक्रम र कार्यविधि तय गर्नुपर्दछ । यही नै राष्ट्रिय सहमतिको आधार हुनुपर्छ ।

६. गोलमेच सम्मेलनमा सहमत कार्यक्रमको कार्यान्वयनका लागि संविधान संशोधन वा नयाँ निर्माण कुन प्रक्रियामा जाने भन्ने विषयमा सहमतिमा पुग्नुपर्दछ । संविधानको संशोधन वा नयाँ निर्माण जुनसुकै विकल्पमा जाने कुरामा सहमति भएपनि त्यसका लागि प्रतिनिधिसभाको निर्वाचनको माध्यमबाट ताजा जनादेश लिएर अगाडि बढ्नु पर्दछ । यसरी निर्वाचनको प्रक्रियामा जाने सहमति भएपछि नेकपा (माओवादी) सहित सम्बद्ध सबै पक्ष सम्मिलित अन्तरीम सरकारको गठन गर्नुपर्दछ ।

७. प्रतिनिधिसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुव्यवस्थित रूपमा संचालन गर्न तथा जनताले भय र त्रासमुक्त वातावरणमा मताधिकारको प्रयोग गर्ने कुरा सुनिश्चित गर्न संयुक्त राष्ट्र संघको संलग्नता र सहयोगको लागि आग्रह गर्नुपर्दछ । निर्वाचनको अवधिमा शान्तिसुरक्षाको व्यवस्था संयुक्त राष्ट्र संघका स्थापित मान्यता र प्रक्रियाअनुरूप हुनुपर्छ ।

८. निर्वाचित प्रतिनिधिसभाले गोलमेच सम्मेलनको निष्कर्ष अनुरूप संविधानको संशोधन गर्नुपर्छ वा नयाँ संविधान निर्माणको लागि संविधान आयोगको गठन गर्नुपर्छ । नयाँ संविधान निर्माण गर्नुपर्ने अवस्थामा सो कार्य गर्न संविधानमा संशोधन गरी संविधान आयोगको गठन गर्नसकिने लगायतका आवश्यक प्रावधानहरू राखिनु पर्छ । सोही अनुरूप नयाँ संविधानको निर्माणको लागि संविधान आयोगको गठन गरिनु पर्दछ र संविधान आयोगले निर्धारित समयमा प्रतिनिधिसभामा संविधानको मस्यौदा प्रस्तुत गर्नुपर्छ । सो मस्यौदालाई यथासम्भव सर्वसम्मतिले र यसो हुननसके दुई तिहाई बहुमतले पारित गर्नुपर्छ । यसरी पारित नयाँ संविधानको विधिवत् घोषणा भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ खारेज गर्नुपर्छ ।

९. ०४६ सालको आन्दोलनको उपलब्धिको रक्षा गर्दै देशलाई अग्रगमनको दिशातिर डोऱ्याउने मान्यताको आधारमा शान्ति स्थापना र माओवादी समस्या समाधानको सन्दर्भमा, नेकपा (एमाले) राष्ट्रिय सहमतिको आधारमा नयाँ संविधान निर्माणका निम्ति आवश्यकता अनुसार संविधान सभा समेत कुनै पनि प्रकृयामा जान तयार छ ।

देशको समग्र परिस्थितिलाई हेर्दा उपर्युक्त बाटो नै यतिबेला देशमा शान्ति स्थापना गर्ने र मुलुकलाई प्रजातन्त्र तथा विकासतर्फ अग्रसर पार्ने साझा बाटो हुनसक्छ । यो बाटोबाट अघि बढ्दा सबैको हित हुने कुरा निश्चित छ । यस बाटोमा अघि बढ्न सबै पक्षमा गहिरो सुझबुझ, समझदारी र आपसी विश्वासको आवश्यकता छ । अतः

राष्ट्रिय स्वतन्त्रता, प्रजातन्त्र, विकास र संबृद्धिको मार्गतिर अग्रसर हुनका निम्ति नेकपा (एमाले) राजा, माओवादी लगायत देशका सबै राजनीतिक पार्टी, प्रजातान्त्रिक व्यक्ति, नागरिक समाज र आम जनसमुदायलाई शान्तिको मार्गतिर अग्रसर हुन हार्दिक आह्वान गर्दै यो प्रस्ताव प्रस्तुत गर्दछ ।

**ग) अग्रगमन र परिवर्तनका लागि गर्नुपर्ने कामहरु**

***(२०६० वैशाखमा सम्पन्न नेकपा (एमाले)को केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकद्वारा अघि सारिएको ३५ बुँदे प्रस्ताव)***

मुलुकमा राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा ज्वलन्तरूपमा देखापरेका समस्याहरूको समाधानका लागि हाम्रो पार्टी नेकपा (एमाले) ले निकै पहिलेदेखि नै समग्ररूपले अग्रगामी सुधार तथा परिवर्तनको प्रस्ताव अगाडि सार्दै आएको छ । यस प्रस्तावको कार्यान्वयनका लागि हामीले संसदमा निरन्तर आवाज उठाउनुका साथै राष्ट्रिय सहमति प्राप्त गर्ने प्रयास गरेका छौं । वर्तमान संविधान जारी हुँदाका वखत हामीले अघि सारेको २७ सूत्रीय असहमति पनि मुलुकलाई अग्रगति दिने उद्देश्यसँग नै सम्बन्धित थियो । देशका समस्याहरूको यथास्थितिमा समाधान हुननसक्ने ठहर गर्दै हामीले वर्तमान संविधानमा अग्रगामी संशोधनको ठोस प्रस्ताव पनि अघि सारेका थियौं । अग्रगामनतर्फको यही प्रयासलाई निरन्तर जारी राख्दै देशलाई गंभीर संकटग्रस्त अवस्थाबाट मुक्त गर्न हामीले निम्न सवालप्रति प्रतिवद्धता व्यक्त गर्दै राष्ट्रिय सहमतिका लागि तपसिलका कार्यक्रमसहितको प्रस्तावलाई पुनः अघि सारेका छौं-

क) २०४६ सालको जनआन्दोलनका उपलब्धीको रक्षा गर्दै थप उपलब्धिहरू हासिल गर्ने र विगतका अनुभवको समीक्षा गरी त्रुटी र कमजोरीहरू सच्याउने तथा जनअधिकारको विस्तार गर्दै प्रजातन्त्रको रक्षा, सुदृढीकरण र विकास गर्ने ।

ख) २०४६ सालको जनआन्दोलनबाट प्राप्त सफलताहरूलाई जनस्तरमा विस्तारित गर्ने, जनतालाई थप अधिकार सम्पन्न बनाउने, जनतामा अन्तरनिहीत सार्वभौमसत्तालाई सुदृढ गरी राजकीय सत्ताको श्रोत जनतामा रहेको यथार्थलाई सुस्पष्टरूपले स्थापित गर्ने । प्रजातन्त्रको लाभ आम जनताले पाउने कुरा सुनिश्चित गर्दै सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा यसलाई विस्तारित गर्ने । यसका लागि राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा रूपान्तरण गर्ने ।

ग) प्रजातन्त्रलाई औपचारिक र कार्यविधिगत कुरामा सीमित नराखी यसलाई वास्तविक र जनसहभागितामूलक प्रजातन्त्रको रूपमा रूपान्तरण गर्ने । राज्य र समाजको पूर्ण प्रजातान्त्रिकरण गर्दै जनउत्तरदायी र पारदर्शी नीतिको अवलम्बन गरी सुशासनको स्थापना गर्ने ।

घ) मुलुकमा सिर्जना भएको हत्या, हिंसा र अराजकताको श्रृंखलालाई समाप्त गर्ने । यसका लागि सरकार र माओवादीका बीच भएको युद्धविरामलाई सार्थकता प्रदान गर्दै शान्तिवार्तालाई देश र जनताको हितमा सफल र परिणाममुखी बनाउने ।

ङ उपरोक्त मान्यताको आधारमा मुलुकको अग्रगामी सुधार, परिवर्तन तथा उन्नति र विकासको लागि आवश्यकता अनुसार संविधानमा समेत समेटिने गरी निम्नलिखित बुँदाहरू प्रस्तुत गरिएको छ :

१. जनतामा अन्तरनिहीत सार्वभौमसत्ता र राजकीय सत्तालाई सुस्पष्ट, प्रभावकारी तथा सुदृढ तुल्याइने छ । आवश्यकता अनुसार राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गर्नसकिने व्यवस्था गरिनेछ ।

२. राष्ट्र र देशभक्तिको भावनालाई समेट्ने राष्ट्रिय गानको व्यवस्था गरिनेछ ।

३. राजसंस्थालाई पारदर्शि र प्रजातान्त्रिकरण गरिनेछ ।

४. सेनालाई जननिर्वाचित सरकार अन्तरगत राखिने छ । यो देश र जनताप्रति बफादार हुनेछ । राजनीतिक हस्तक्षेपबाट मुक्त राखी यसको प्रजातान्त्रिक मान्यता अनुरूप व्यवसायीकरण गरिनेछ ।

५. निर्वाचन प्रणालीमा रहेका वर्तमान त्रुटीलाई सच्याउँदै उपयुक्त प्रणालीको अवलम्बन गरिने छ । निष्पक्ष र धाँधली रहित निर्वाचनलाई सुनिश्चित गर्न विगतमा निर्वाचनको सुधार सम्बन्धमा गठित उच्चस्तरीय समितिको प्रतिवेदनलाई लागू गरिने छ ।

६. राष्ट्रियसभाको पुनःसंरचना गर्दै यसलाई जनजाति, दलित, महिला तथा राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिहरू समेत समाविष्ट सदन बनाइनेछ ।

७. राज्यलाई धर्म निरपेक्ष घोषित गरिने छ । धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका भेदभावहरूलाई हटाइनेछ ।

८. माओवादी समस्यालाई समाधान गर्नका निम्ति मुलुकमा जारी व्दन्व्दलाई राष्ट्रिय सहमति अनुरूप अग्रगामी परिवर्तनको कार्यक्रमको आधारमा समाधान र रूपान्तरण गर्दै दिगो शान्ति कायम गरिनेछ ।

९. वर्तमान स्थानीय निकायको प्रशासनिक ढाँचाको पुनःसंरचना गर्दै स्थानीय निकायलाई विकेन्द्रीकरणको भावना अनुरूप स्वायत्त अधिकार प्रदान गरिनेछ । यसो गर्दा जातीय-भाषिक विशेषता र विविधतालाई ध्यानमा राखिने छ । यसलाई साधनस्रोत एवं अधिकार सम्पन्न बनाउँदै स्थानीय सरकारको रूपमा स्थापित गरिनेछ ।

१०. मुलुकको विद्यमान राजनीतिक-प्रशासनिक ढाँचालाई सामाजिक र साँस्कृतिक विविधता र भौगोलिक यथार्थता एवं आर्थिक अवस्थालाई ध्यानमा राखी पुनःसंरचना गरिनेछ ।

११. प्रतिनिधिसभामा महिला सहभागितामा बृद्धि गर्दै ३३ प्रतिशतको लक्ष्य लिई प्रत्येक राजनीतिक पार्टीले उम्मेदवार उठाउने व्यवस्था गरिनेछ ।

१२. महिलालाई सम्पत्तिमा समान अधिकार प्रदान गरिनेछ । महिला विरूद्धका सबै विभेदहरूलाई समाप्त गर्दै उनीहरूमाथिको घरेलु हिंसा, बेचबिखन जस्ता अपराधमा कडा कार्वाईको व्यवस्था गरिनेछ ।

१३. छुवाछूतलाई अक्षम्य र कडा दण्डनीय अपराधको रूपमा लिंदै राजनीतिक, प्रशासनिक र जनप्रतिनिधिमूलक तहमा रहेका व्यक्तिले यस्तो कार्य गरेको पाइएमा तिनलाई तत्काल पदबाट बर्खास्त गरिनेछ ।

१४. सबै जनजातीका भाषा, धर्म र संस्कृतिको संरक्षण-सम्बर्धन तथा विकासको निम्ति विशेष नीति अवलम्बन गरिनेछ । सबै जातीका नेपालीलाई विना भेदभाव समान अवसर र सबै क्षेत्रमा समान पहुँचको नीति लिइनेछ ।

१५. तराईवासीहरूप्रति रहेका सबै विभेदहरूलाई समाप्त गरिने छ । तराई क्षेत्रको द्रुततर विकासका लागि पूर्व पश्चिम रेलवे मार्ग र हुलाकी मार्गको निर्माणमा उच्चतम महत्व दिइनेछ ।

१६. समानुपातिक विकासको अवधारणालाई आत्मसात् गर्दै दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१७. गरिबीको रेखामुनी रहेका जनताको पहिचान गरिनेछ । तिनको उत्थानको लागि योजनावद्ध विशेष कार्यक्रम संचालन गरिनेछ ।

१८. बेरोजगारी समस्याको समाधानका लागि विशेष कार्यक्रमको तर्जुमा गरी लागू गरिनेछ । वैदेशिक रोजगारीलाई नियमित र व्यवस्थित बनाइनेछ ।

१९. पिछडिएका वर्ग, समुदाय र क्षेत्रको पहिचान गरिनेछ र तिनको विकासको लागि विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ ।

२०. दलित, पिछडिएका, टुहुरा, अपाङ्ग, जनजाती, विपन्न परिवारका महिलाको निम्ति शिक्षा, शीप र रोजगारीको विशेष व्यवस्था गरिनेछ ।

२१. स्वच्छ र सक्षम प्रशासन संयन्त्रको निर्माण गरिनेछ । प्रशासन संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी प्रजातान्त्रिकरण र व्यवसायीकरण गरिनेछ

२२. सहज, सरल र सुलभ न्यायको व्यवस्था गरिनेछ । विवाद समाधानका वैकल्पिक परिपाटीको पनि अवलम्बन गरिनेछ ।

२३. राष्ट्रिय सहमतिका आधारमा एउटा आधार वर्ष तय गरी देशमा, खासगरी तराई क्षेत्रमा, विद्यमान नागरिकता समस्यालाई समाधान गरिनेछ ।

२४. सबै प्रकारका सामन्ती शोषण उन्मूलन गरिनेछ । क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागू गरी भूमिहीन, कमैया र सुकुम्वासीहरूलाई जग्गा उपलब्ध गराइनेछ । कृषि क्षेत्रको विकासलाई उच्चतम प्राथमिकता दिंदै अल्पकालीन, मध्येकालीन र दीर्घकालिन विकासको कार्यक्रम अवलम्बन गरिनेछ ।

२५. भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गरिनेछ । यस सम्बन्धमा कसैलाई उन्मुक्ति दिईने छैन तथा भ्रष्टाचार नियन्त्रणका संवैधानिक र कानूनी संयन्त्रलाई सशक्त बनाई क्रियाशील बनाइनेछ ।

२६. राजनीतिक पार्टीको संचालन र हिसाब किताब पारदर्शी हुने व्यवस्था गरिनेछ ।

२७. देशमा विद्यमान दण्डहीनताको स्थिति समाप्त गरी विधिको शासनलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

२८. राष्ट्रिय औद्योगिकरणको लागि सुस्पष्ट सोचको साथ कार्यक्रम लागू गरिने छ । राष्ट्रिय हितमा विदेशी लगानीलाई आकर्षित गरिनेछ । मुलुकको हित अनुरूपको स्वतन्त्र आर्थिक नीति अवलम्बन गरिनेछ । नीजि र सहकारी क्षेत्रको विकासमा विशेष जोड दिइनेछ ।

२९. देशको आर्थिक विकासको प्राथमिकता तोकिनेछ । कृषि, जलविद्युत, पर्यटन, मानव संशाधन र भौतिक पूर्वाधारको विकासमा उच्चतम प्राथमिकता दिइनेछ । सरकारको साधारण खर्चमा नियन्त्रण गरी विकास खर्चमा बृद्धि गरिनेछ ।

३०. समाजका पिछडिएका, उपेक्षित एवं गरीवीको मारमा परेका जनताका लागि सामाजिक सुरक्षाको विशेष कार्यक्रम लागू गरिनेछ ।

३१. व्यवसायिक, प्राविधिक र अनौपचारिक शिक्षामा विशेष जोड दिइनेछ । शिक्षालाई राष्ट्रिय हित र आवश्यकता तथा सामान्य जनताको पहुँच भित्र रहने व्यवस्था गरिनेछ । निरक्षरता उन्मूलनको निम्ति विशेष राष्ट्रिय अभियान संचालन गरिनेछ ।

३२. आम जनताका लागि स्वास्थ्य सेवालाई सहज र सुलभ बनाइनेछ र यसका लागि सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ ।

३३. हत्या, हिंसा र अराजकताको परिणास्वरूप विस्थापित भएका जनताका लागि पुनः स्थापना तथा ध्वस्त भएका भौतिक संरचनाहरूको पुनर्निर्माणको विशेष कार्यक्रम लागू गरिनेछ ।

३४. असंलग्नता र पंचशीलमा आधारित सन्तुलित र राष्ट्रिय हित अनुरूपको विदेश नीति अवलम्बन गरिनेछ ।

३५. भारतसंग गरिएको सन् १९५० को सन्धी लगायत सबै असमान सन्धि-सम्झौताहरूको पुनरावलोकन, संशोधन वा खारेजी गरी समानता र पारस्परिक हितको आधारमा सन्धि-सम्झौता गरिनेछ ।

# जनताको सार्वभौमसत्तालाई स्वीकार गरिएको छ

**' माधवकुमार नेपाल, महासचिव**

... ... प्रतिगमनका विरूद्ध संयुक्त जनआन्दोलन तीब्र र व्यापक बन्दै गएपछि राजाबाट मनोनीत प्रधानमन्त्री सूर्यबहादुर थापा गत वैशाख २५ गते राजीनामा दिन बाध्य भएका थिए । प्रधानमन्त्रीको राजीनामा पश्चात् पनि राजाबाट जनताको सार्वभौसत्तालाई स्थापित हुन र आन्दोलनकारी राजनीतिक दलहरूको हातमा राज्य संचालनको जिम्मा जान नदिने अनेक प्रकारका षडयन्त्रहरू भए । त्यस्ता षडयन्त्रहरूलाई असफल पार्न हामीले प्रधानमन्त्रीका लागि उम्मेदवार दिनुपर्छ भनेर अन्तिमसम्म जोड लगाउँदा पनि अरू चार राजनीतिक दलहरूका कारण आन्दोलनरत पाँच राजनीतिक दलहरूबाट प्रधानमन्त्रीको नियुक्तिका निम्ति उम्मेदवार दिने काम हुनसकेन । अन्ततः प्रधानमन्त्रीमा शेर बहादुर देउवाको नियुक्ति भएको छ । प्रधानमन्त्री पदमा शेरबहादुर देउवाको नियुक्तिका सम्बन्धमा विभिन्न राजनीतिक दलका विभिन्न धारणाहरू सार्वजनिक भएका छन् । जनता राष्ट्रिय समस्याहरूको शीघ्र समाधानका प्रतीक्षामा छन् । सामना गर्नुपर्ने चुनौतीहरू पनि यथावत छन् ।

... ... जनता दैनिक जीवनका लागि अत्यावश्यक वस्तु तथा स्वास्थ्य सेवाबाट बञ्चित भइरहेका छन् । मानिसहरूको सामान्य आवागमन समेत अवरूद्ध हुँदै गएको छ । जनता एक प्रकारको बन्दी जीवन बिताउनु परेको गुनासो गरिरहेका छन् । अर्कोतिर मुलुकको साधन-स्रोत युद्ध र सैनिकीकरणमा खर्च हुँदै गएको छ । विकास-निर्माणका कार्यहरू ठप्प छन् । मुलुकको आर्थिक स्थिति ओरालो लागिरहेको छ । युवा बेरोजगारी डरलाग्दो स्तरमा रहेको छ । काम-माम र अवसरको खोजीमा मुलुकको जनशक्ति विदेश पलायन भइरहेको छ । निराशा, अन्योल र अनिश्चितताले मुलुकलाई झनै खतरनाक दिशातर्फ धकेलिरहेको छ ।

... .... हाम्रो पार्टी नेकपा (एमाले) लगायत विघटित प्रतिनिधिसभामा रहेका पाँच राजनीतक दलहरूद्वारा संचालित संयुक्त जनआन्दोलनको गत चैत १९ गतेदेखि शुरू भएको राजधानी केन्द्रित आन्दोलनमा जनसमुदायको व्यापक सहभागिता र समर्थन रह्यो । प्रजातन्त्रको रक्षाका लागि प्रतिगमनका विरूद्ध संचालित संयुक्त जनआन्दोलनको यो चरण क्रमशः देशव्यापीरूपमा फैलियो । हजारौं जनसभा र प्रदर्शनहरूमार्फत् प्रजातन्त्रको पक्षमा तथा निरंकुशता र प्रतिगमनको विरोधमा जनभावना अभिव्यक्त भयो । सबै वर्ग, पेशा, समुदाय र तहका जनता आन्दोलनप्रति समर्थन जनाउँदै जुलुस, धर्ना र आमसभामा सहभागी बने । आन्दोलनमा मजदुर, किसान, विद्यार्थी, प्राध्यापक, शिक्षक, पत्रकार, कानून व्यवसायी, मानवाधिकारवादी, व्यवसायी, कर्मचारी, डाक्टर, इन्जिनीयर, साहित्यकार, गीतकार-संगीतकार, कलाकार, चलचित्रकर्मी, अपांग, बृद्धसमेतको सहभागिता रह्यो । जनआन्दोलनको इतिहासमा पहिलो पटक राष्ट्र बैंकको ढुकुटीसमेत आन्दोलनको समर्थनमा बन्द भयो । आन्दोलनको मैदानमा संघर्षरत रौतहटका किसान नेता नेकपा (एमाले) जिल्ला कमिटीका सदस्य ताहिर मिया अन्सारी, बर्दियाका नेकपा (एमाले) गाउँ कमिटीका सचिव र इलाका कमिटीका सदस्य गजेन्द्रबहादुर शाही र बुटवलका विद्यार्थी नेता देवीलाल पौडेल शहीद हुनुभयो ।

... ... आन्दोलनले सिर्जना गरेको दवावका कारण नै अहिले राजाबाट आफैंले २० महिनाअघि पदच्यूत गरिएका शेरबहादुर देउवालाई पुनः प्रधानमन्त्रीमा नियुक्त गरिएको छ । प्रधानमन्त्रीको नियुक्तिको सिलसिलामा नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन् भन्ने यथार्थलाई स्वीकार गर्दै पार्टीको स्थानलाई स्वीकार गरिएको छ । यसप्रकार संयुक्त जनआन्दोलन मूलभूतरूपमा अत्यन्त प्रभावकारी, सशक्त र उपलब्धिमूलक रह्यो । यसले मुलुकभित्र र बाहिर अभूतपूर्व प्रभाव पार्‍यो । यद्यपि आन्दोलनलाई निर्देशित गर्ने स्पष्ट अवधारणापत्र तथा १८-सूत्रीय मागहरू तथा आन्दोलन संचालन गर्ने संयुक्त संयन्त्रहरू हुँदाहुँदै पनि केही समस्याहरू उत्पन्न भए । पाँच दलका बीच सहमत सार्वभौमसत्ता जनतामा, राज्यशक्तिको स्रोत जनता र राजकीय शक्तिको प्रयोग संविधानबमोजिम भन्ने मान्यताका आधारमा प्रधानमन्त्रीको पदका लागि नाम तय गरौं भन्ने कुरालाई हामीले अगाडि सारेका थियौं । यसको उद्देश्य जनआन्दोलनका उपलब्धिहरूको सुरक्षा गर्ने नै थियो । आन्दोलनका मागहरू पूरा गर्दै उपलब्धिहरूको रक्षा गर्ने र थप उपलब्धिका लागि अगाडि बढ्ने सम्बन्धमा आन्दोलनका सहभागी अन्य दलहरूमा रहन गएका संकीर्णता एवं अस्पष्टताले समय-समयमा कठिनाई र जटिलताहरू उत्पन्न भए । आन्दोलनका सहभागीहरूका बेग्लाबेग्लै राजनीतिक दृष्टिकोण, सैद्धान्तिक मान्यता, कार्यक्रम र पृष्ठभूमिका कारण मतभेदहरू रहनु स्वाभाविकै भएपनि आन्दोलनलाई उपलब्धिको विन्दुमा पुर्‍याउने चरणमा आइपुग्दा सहमति हुननसक्नु आन्दोलनको अत्यन्त दुःखद पक्ष रह्यो । यसो हुनुमा आन्दोलनका अन्य सहभागी दलमा रहन गएको अवसरवादिता, नेकपा (एमाले) विरोधी प्रवृत्ति, पूर्वाग्रह र संकीर्ण स्वार्थ मूलभूतरूपमा जिम्मेवार रहेको छ । हाम्रोतर्फबाट आन्दोलनको आरम्भदेखि नै आवश्यक सजगता, गृहकार्य र पहलमा पनि कतै कमी रहन गयो कि भन्नेतर्फ पनि हामीले आवश्यक समीक्षा गर्नै पर्छ । आन्दोलनलाई सबै दृष्टिकोणबाट समग्र समीक्षा गरेर नै हामी अन्य सहकर्मी पार्टीहरूको भूमिकाको पनि वस्तुवादी समीक्षा गर्नसक्छौं । यस्तो समीक्षाले आन्दोलनका सबल र दुर्बल पक्षहरूलाई चिन्हित गरेर आगामी दिनमा प्रभावकारी भूमिका निर्वाह गर्न सहयोग पुग्छ ।

... ... मुलुकलाई प्रतिगमनकारी दिशातर्फ धकेल्ने प्रस्थान विन्दुको रूपमा निर्वाचित प्रधानमन्त्रीको बर्खास्तगी रहेको थियो । यसरी बर्खास्त प्रधानमन्त्रीलाई राजाबाट पुनः नियुक्त गरी जनताको सार्वभौमसत्तालाई समेत स्वीकार गरिएको स्थितिमा आन्दोलनलाई वर्तमान स्वरूपमा नै कायम राखिरहनु औचित्यपूर्ण हुँदैन । अतः जनताको सार्वभौमसत्ताको सम्मान र कार्यकारी अधिकारको उपयोगको दिशामा राजा र नवनियुक्त प्रधानमन्त्रीबाट कस्तो व्यवहार हुन्छ त्यसको मूल्याङ्कन गरेर मात्र अगाडिको बाटो तय गर्नुपर्दछ । अतः हाल संचालित आन्दोलनलाई स्थगित गर्नुपर्दछ । हालसम्म संचालित आन्दोलनको समीक्षा गर्दै भविष्यमा उत्पन्न हुने परिस्थितिका लागि तम्तयार रहनु पर्दछ ।

... ... प्रधानमन्त्री बन्ने विषयमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासमेत कतिपय नेताहरूले सार्वजनिकरूपमै प्रधानमन्त्रीमा आफ्नो दावीमात्र होइन सोही अनुरूप हुने भएको कुरा सार्वजनिक गर्नथाले । यस्तो सार्वजनिक अभिव्यक्ति पाँच आन्दोलनरत पार्टीहरूका बीच भएको पूर्व निर्णयविपरीत मात्र थिएन, आचारसंहिताको उल्लंघन पनि थियो । यसप्रकार पाँच पार्टीको निर्णयविपरीत भएका सार्वजनिक अभिव्यक्तिहरूबारे नेकपा (एमाले) का कतिपय नेताहरूबाट पूर्व निर्णयको पक्षमा भएका अभिव्यक्तिहरूका बारेमा भने अनुचित टिप्पणी गरियो । यस्तो वादविवादको अन्त्य गर्दै सबै कुरामा स्पष्ट निर्णयका साथ पारदर्शी किसिमले जाऔं भन्ने हाम्रो विचार र आग्रह रह्यो ।

... ... राजाबाट माग भइआएमा एक मिनटभित्र प्रधानमन्त्रीको सहमतिपूर्ण नाम दिनसकिने' सार्वजनिक अभिव्यक्तिहरू नेपाली कांग्रेस र अन्य तीन पार्टीका विभिन्न नेताहरूबाट भइ नै रह्यो । तर जब राजाबाट प्रधानमन्त्रीको नाम सिफारिसका लागि सार्वजनिक आह्वान भयो त्यसपछि नेपाली कांग्रेस लगायतका अन्य राजनीतिक दलहरूले तुरून्तै आफ्नो पूर्व अभिव्यक्तिलाई फेर्दै प्रधानमन्त्री पदका लागि नामका सम्बन्धमा निर्णय गरिनु हुन्न भन्ने धारणा अगाडि सारे । प्रधानमन्त्री पदमा नियुक्तिका लागि राजदरबारबाट जारी भएको सूचनाको भाषा र प्रक्रियाप्रति हाम्रो पनि सहमति थिएन । राजदरबारको सूचनामा भएका गलत कुराहरूप्रति असहमत हुँदै पाँच पार्टीहरूको दृष्टिकोण, अडान र निर्णयका साथसाथै प्रधानमन्त्रीका उम्मेदवारको नामलाई स्पष्टरूपमा सार्वजनिक गरौं भन्ने हाम्रो विचार थियो ।

... ... प्रधानमन्त्रीको पदका लागि नाम सिफारिस गर्दा राजदरबारको ढोकामा गएर नाम दर्ता गराउनुपर्छ भन्ने हाम्रो मान्यता थिएन । निर्णित नामलाई सार्वजनिक गरेर वा राजासँग सामूहिक भेटवार्ताको माग गरेर पनि राख्न सकिन्थ्यो । यसो गरेको भए राजाको हात तल पर्थ्यो र आन्दोलनरत पाँच दलको सिफारिसभन्दा बाहिरबाट प्रधानमन्त्री नियुक्त गर्न राजालाई अप्ठ्यारो हुन्थ्यो । तर पाँच आन्दोलनरत पार्टीहरूलाई अनिर्णयको बन्दी बनाउने नेपाली कांग्रेस लगायतका अन्य पार्टीहरूको प्रवृत्ति र व्यवहारका कारण प्रधानमन्त्रीको पद पाँच दलभन्दा बाहिरका व्यक्तिको हातमा पुगेको छ । फलस्वरूप उपलब्धिको विन्दुमा पुगेर जनतालाई उन्नतस्तरबाट गोलबन्द र परिचालन गर्ने अवसरबाट समेत पाँच पार्टी बञ्चित भएका छन् ।

... ... नवनियुक्त प्रधानमन्त्री र सरकारको सम्बन्धमा हामीले उक्त कुराहरू तथा प्रधानमन्त्री देउवाका प्रतिवद्धता तथा व्यवहारको आधारमा आफ्नो दृष्टिकोण र ब्यवहार निर्धारित गर्नुपर्दछ । तर पनि पाँच राजनीतिक दलले अनिर्णयको बन्दी भई कुनै विकल्प दिननसकेको स्थितिमा जनताको सार्वमभौमसत्तालाई स्वीकारेको कुरा र प्रधानमन्त्रीमा देउवाको बहालीलाई आन्दोलनको आंशिक सफलता कै रूपमा लिनुपर्दछ ।

क) प्रधानमन्त्री देउवाका राजनीतिक, सैद्धान्तिक, नीतिगत र कार्यक्रमसम्बन्धी प्रतिबद्धताहरू औपचारिकरूपमा सार्वजनिक हुनुपर्दछ र जनताको सार्वभौमसत्ताको प्रयोग जनताको प्रतिनिधित्व गर्ने सरकारले व्यवहारबाट सावित गर्दै जाने कुरामा बचनबद्ध रहनुपर्दछ ।

ख) राष्ट्र र जनताको हितलाई सर्वोपरी राख्दै विगतका विकृति र विसंगतिहरूको पुनरावृत्ति नगर्न पूर्ण प्रतिबद्ध हुनुपर्दछ तथा राष्ट्र हितविपरीत भएका सबै निर्णयहरूलाई सच्याइनु पर्दछ ।

ग) जनताको सार्वभौमसत्ता, जनता नै राजकीय शक्तिको स्रोत, सरकारद्वारा संविधानअनुरूप राजकीय सत्ताको प्रयोग, प्रजातन्त्र र मानवाधिकारको पूर्ण परिपालना जस्ता विषयमा पूर्ण बचनबद्ध हुनुपर्दछ ।

घ) असोज १८ को प्रतिगमनकारी कदमपछि देशमा भएका अप्रजातान्त्रिक कार्यहरूलाई सच्याउन तयार हुनुपर्दछ ।

ङ) मुलुकलाई शान्ति र स्थिरतातर्फ डोऱ्याउन माओवादीसँग वार्ता गर्दै समस्याको समाधान गर्न नेकपा (एमाले) ले अगाडि सारेको नौ-सूत्रीय राष्ट्रिय समस्याको समाधानसम्बन्धी प्रस्तावको कार्यान्वयनका लागि प्रयत्न गर्न तत्पर हुनुपर्दछ ।

च) मुलुकलाई अग्रगति प्रदान गर्नको लागि नेकपा (एमाले) लगायतका आन्दोलनकारी पार्टीहरूले अगाडि सारेका मागहरू तथा जनताको भावनाअनुरूप काम गर्न तयार हुनुपर्दछ ।

छ) स्थानीय निकायमा भएको स्वेच्छाचारी नियुक्तिका साथै अन्यत्र गरिएका अप्रजातान्त्रिक र स्वेच्छाचारी नियुक्तिहरूलाई बदर गर्न तयार हुनुपर्दछ ।

ज) आमनिर्वाचनलाई स्वतन्त्र र निष्पक्ष किसिमले सम्पन्न गर्न शान्ति-सुरक्षाको वातावरण कायम गर्दै साझा सहमतिको आधारमा निर्मित आचार संहिताको पूर्ण पालना गर्न प्रतिबद्ध हुनुपर्दछ ।

झ) जनतालाई राहत दिन सबै सम्भव उपायहरूको अवलम्बन गर्न र यसका लागि यथासम्भव सबै पक्षलाई समेटेर जान तयार हुनुपर्दछ ।

ञ) जनआन्दोलनको क्रममा सरकारबाट भएका ज्यादतिको छानबिन गर्ने, पीडितहरूलाई क्षतिपूर्ति दिने तथा पूर्वसांसद हेमनारायण यादव हत्याकाण्ड जस्ता हत्याकाण्डहरूको जाँचबुझ गर्ने कुरामा तत्पर हुनुपर्दछ ।

ट) भुटानी शरणार्थी समस्याको समाधान गर्न राष्ट्रिय सहमतिका साथ सक्रियरूपमा अगाडि बढ्नुपर्दछ ।

**७) आगामी कामहरू**

क) शान्तिको स्थापना र प्रजातन्त्रको सुरक्षा

ख) प्रतिगमनको अन्त्य र जनताको सार्वभौमसत्ताको रक्षा

ग) व्यापक प्रजातान्त्रिक एकताको पक्षपोषण

***महासचिव माधवकुमार नेपालबाट पार्टी केन्द्रीय कमिटीको बैठकसमक्ष प्रस्तुत प्रतिवेदनका महत्वपूर्ण अंशहरू***

# स्मृतिका पानाहरूमा कमरेड बलराम दाइ

**' मोदनाथ प्रश्रित**

**जे**ठ २५ गते जब वीरगञ्जबाट कमरेड बलराम उपाध्यायको देहावसानको समाचार आयो, जब संचार माध्यमहरूले पर्याप्त महत्वकासाथ त्यो समाचार प्रकाशित गरे, नयाँ पुस्ताका युवाहरूमा बलराम उपाध्यायबारे जिज्ञासाको लहर फैलियो । लामो समयदेखि गम्भीर रोगहरूसँग कुस्ती खेल्दै, सञ्चो भएर अझै पनि समाजको निम्ति केही गर्छु भन्ने आकांक्षा राख्दै क. बलराम बाहिरी दृश्यबाट ओझेल रहेर निकै बर्ष बिताउनुभयो । त्यसैले नयाँ पुस्ताका लागि उहाँ एकप्रकारले अपरिचित जस्तै हुनुभयो ।

क. बलराम को हुनुहुन्थ्यो र नेपालको लोकतान्त्रिक र कम्युनिष्ट आन्दोलनमा उहाँको योगदान कस्तो थियो भन्नेबारे विभिन्न पार्टीका ती नेताहरू, हजारौं कार्यकर्ताहरू र बनारसमा पढ्न जाने लाखौं नेपाली विद्यार्थीहरूलाई थाहा छ, जसले भारत प्रवासमा बसेर नेपाली जनक्रान्तिको लागि क. बलराम निरन्तर क्रियाशील भएको देखेका थिए । साँच्चै भन्ने हो भने क. बलराम प्रवासी नेपालीहरू र बनारस पढ्न जाने विद्यार्थीहरूलाई कम्युनिष्ट बनाउने एउटा 'कारखाना' जस्तै हुनुहुन्थ्यो ।

वि. १९८९ चैत १९ गते कास्की, पोखराको बाटुलेचौरमा उहाँ जन्मनुभएको थियो । उहाँले त्यहीं प्राथमिक शिक्षा लिंदालिंदै २००४ मा जब 'जयतु संस्कृतम्' आन्दोलनको हल्ला चल्यो र काठमाण्डूबाट निकालिएका विद्यार्थीहरू पढ्नको लागि बनारस गएको थाहा पाउनुभयो, त्यसै उत्साहमा उहाँ पनि बनारसतिर लाग्नुभयो । त्यसबेला बनारस नेपाली क्रान्तिकारीहरूको एउटा विशिष्ट अड्डा बनेको थियो । त्यहाँको विद्यार्थी जीवनमा शुरूको तीन-चार बर्ष उहाँ कांग्रेस पार्टीका समर्थक भएर काम गर्नुभयो । २००७ को अधूरो जनक्रान्तिपछि जब दिल्ली सम्झौताविरोधी आन्दोलन चल्यो, त्यसै सन्दर्भमा २००८ मा उहाँ नेपाल कम्युनिष्ट पार्टीतिर आकर्षित हुनुभयो र २००९ मा पार्टीको सदस्यता लिएर सक्रिय रूपले काम गर्न थाल्नुभयो ।

बनारस लामो परम्परादेखि नेपाली जनताको पनि धार्मिक तीर्थस्थल रहँदै आएको छ । पहिले पहिले प्रतिबर्ष दसौं हजार नेपाली तीर्थयात्रानिम्ति त्यहाँ पुग्थे र थुप्रै नेपालीहरू तीर्थबासी भएर त्यहीं जीवन बिताउँथे । त्यसरी नै पढ्नको निम्ति शताब्दीयौंदेखि नेपालीहरू त्यहाँ जाने परम्परा रहेको छ । २०१५ सालतिर म त्यहाँ पढ्न जाँदा बीस-पच्चीस हजार नेपाली विद्यार्थी त्यहाँ भेटिन्थे । नेपालीहरू नोकरीको लागि पनि बनारस जान्छन् । त्यसका साथै १९९७ को शहीद काण्डपछि नेपाली राजनीतिको पनि केन्द्र नै बनेको थियो त्यो ठाउँ । यसरी अनेकौं कारणले बनारसमा नेपालीहरूको ठूलो जनमट हुने हुनाले

राजनीतिक पार्टीहरूलाई प्रचार र संगठनको लागि निकै उपयुक्त अवसर थियो । बी.पी., डिल्लीरमण, पुष्पलाल, कृष्णप्रसाद भट्टराई आदि अनेकौं व्यक्तित्वहरू बनारसबाटै पार्टी नेतृत्वमा स्थापित भएका हुन् ।

यसै पृष्ठभूमिमा क. बलराम पनि अध्ययनको साथसाथै राजनीतिक कार्यकर्ताको भूमिका खेल्दै नेतृत्वस्तरमा उठ्नुभएको हो । उहाँ २०१५ मा नेकपा (बनारस युनिट)को सदस्य हुनुभयो र 'अखिल भारत नेपाली विद्यार्थी फेडरेशन'को बनारस युनिटको अध्यक्ष भएर पनि केही वर्ष काम गर्नुभयो । उहाँले संस्कृतमा आचार्यस्तरको उपाधि लिनुभएको थियो ।

२०१७ सालसम्म नेपाली राजनीति खुलारूपमा चलेकोले नेता-कार्यकर्ताहरू बनारसमा कम मात्रामै बसे । तर २०१७ को काण्डपछि बनारस फेरि नेपाली नेता-कार्यकर्ताहरूको संगमस्थल बन्यो ।

२०१९ सालमा नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशन बनारसमै भयो । त्यसबेला क. बलराम केन्द्रीय समितिको वैकल्पिक सदस्यमा छानिनुभयो ।  तर दुर्भाग्यवश त्यसपछि नेपालको कम्युनिष्ट आन्दोलन अनेकौं घटकमा विभाजित भयो र रूसपन्थी, चीनपन्थी र दरबारपन्थी आदि प्रवृत्तिहरू देखापरे । त्यसपछि नेकपाका संस्थापक महासचिव क. पुष्पलालले पार्टी पुनर्गठनको प्रयास अघि बढाउनुभयो । त्यस सन्दर्भमा तेस्रो महाधिवेशनबाट बनेको केन्द्रीय समितिका ६ जना कमरेडहरू पुष्पलाल, एकदेव आले, हिक्मतसिंह भण्डारी, देवेन्द्रलाल (काहिँला बा), बलराम उपाध्याय र प्रेमप्रकाशले पार्टीको राष्ट्रिय सम्मेलनको लागि आह्वान गर्नुभयो । २०२५ सालमा तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । क. पुष्पलाल महासचिव रहनुभएको तत्कालीन केन्द्रीय समितिमा क. बलराम पनि छानिनुभयो र मन्त्रिपरिषद् (अर्थात् पोलिटब्युरो)को सदस्यसमेत हुनुभयो ।

२०२८ सालदेखि म पनि त्यस पार्टीको सांस्कृतिक मोर्चाको महासचिव भएर बनारसतिरै बस्न थालें र २०२९ मा बनारसमा भएको पार्टीको चौथो राष्ट्रिय सम्मेलनमा केन्द्रीय समितिको सदस्यमा छानिएँ । त्यस समयदेखि २०३३ सम्म एउटै समितिमा बसेर काम गर्दा क. बलरामको पार्टीप्रतिको समर्पित भाव र सक्रियतालाई मैले ज्यादै नजिकबाट हेर्ने मौका पाएँ ।

त्यसबेला नेपालमा पार्टीहरू प्रतिबन्धित हुनाले र कम्युनिष्ट पार्टी विभाजित भएको हुनाले हाम्रो पार्टीको केन्द्रीय सम्पर्क कार्यालय सञ्चालन, प्रकाशन र प्रचार व्यवस्था, खानपीन र यातायात खर्च आदिको निम्ति भयंकर आर्थिक संकट थियो । कार्यालयको भाडा एक डेढबर्षसम्म उधारो रहन्थ्यो । प्रकाशनहरू नियमित हुनसकेका थिएनन् । त्यहाँ बस्ने नेता-कार्यकर्ताहरूले दुई छाक दालभात र रोटी खाने कुरा त टाढै रहोस्, दुई-दुई मुठी चना पाउनु पनि गाऱ्हो थियो । कहिलेकाहीँ त केवल चिया खाएर दुई-तीन छाक उपवास बस्नुपर्थ्यो । त्यस्तो भीषण संकटको बेलामा पनि क. बलराम दुई हातले पेट थिचेर दूधविनायक, रामघाट, दुर्गाघाट र ब्रम्हघाटका चियापसल, पेटीहरू र विद्यार्थीहरूका कोठा-कोठामा गएर पार्टीको प्रचार-प्रसार र संगठनात्मक काम गरिरहनुहुन्थ्यो । कार्यकर्ता, समर्थक र विद्यार्थीहरूलाई राजनीति सम्झाउनलाई कराउँदा कराउँदा उहाँका मुखको दुवै कुनामा फींज निस्केको हुन्थ्यो । जब भोकले सताउँथ्यो, उहाँ एउटा बिडी तन्काएर फेरि कक्षा चलाउनुहुन्थ्यो । त्यसरी खट्दा उहाँ पटक-पटक रिंगटा लागेर घोप्टो पर्नुहुन्थ्यो र धेरै बेरपछि लामो सास फेर्नुहुन्थ्यो । उहाँको यो क्रम एक दुई महिना वा एक दुई बर्षमात्र होइन, २०१७ सालदेखि निरन्तर त्यही रूपमा चल्दै आएको थियो ।

उहाँको जनसम्पर्क ज्यादै ठूलो थियो । विद्यार्थीहरू, शिक्षकहरू, तीर्थबासीहरू, पार्टी कार्यकर्ताहरू, प्रवासी नेपाली संघका कार्यकर्ताहरू, नेपालका जिल्ला जिल्लाबाट भेट्न आउनेहरू, अरू पार्टीका साथीहरू आदिसित उहाँको निरन्तर भेटघाट र कुराकानी भैरहन्थ्यो । त्यस्तै सम्पर्कको माध्यमबाट उहाँ केही न केही आर्थिक संकलन गरी पार्टी कार्यालयको दुई चार महिनाको भाडा तिर्नुहुन्थ्यो र दुई चार किलो चामलको व्यवस्था पनि गर्नुहुन्थ्यो ।

हामी बनारस बस्दा पार्टीका भन्दा पनि एउटै परिवारका सदस्य जस्तै भएर बसेका थियौं । हामी पुष्पलाललाई कमरेडभन्दा बढी माइल्दाइ भन्थ्यौं । कहिलेकाहीँ जानहुँदा क. सहानालाई सहाना भाउजू भन्थ्यौं । त्यसरी नै हाम्रो बीचमा बलराम दाइ, एकदेव दाइ, गोविन्द दाइ, मोदनाथ दाइ आदि सम्बोधन चल्थ्यो । बलराम दाइकहाँ अनेकौं मानिसहरू अनेकौं समस्या लिएर पुग्दथे । विद्यार्थी क्षेत्रको संगठन, वनभोज, चुनाव, तीर्थबासी नेपालीहरूका घरायसी समस्या र मुद्दा मामिलाहरू, परीक्षा दिन जाने विद्यार्थीहरूका फर्म भर्ने र रोकिएको परीक्षाफल निकाल्ने समस्या, बिरामी पर्ने साथीहरूका उपचारका समस्या, भारतका पार्टीहरूसित भेटघाट आदि आदि । त्यस्ता समस्याहरूलाई उहाँ फटाफट निर्णय, निर्देशन, फैसला, फोन आदिबाट निप्ट्याइदिनुहुन्थ्यो ।

पार्टीको तेस्रो सम्मेलनपछि क. एकदेव आलेको दुःखद निधन भयो । प्रेमप्रकाश धेरै समय पार्टी सम्पर्कमा रहनुभएन । केही समयपछि हिक्मतसिंह पनि पार्टीबाट टाढिंदै जानुभयो । तेस्रो सम्मेलनबाट नेतृत्वमा छानिएका रोहित र केशरमणि पनि केही वर्षपछि टाढिंदै गए । त्सस सम्पूर्ण अवधिमा क. पुष्पलालको साथमा निरन्तर रहेर काम गर्ने विश्वसनीय पुराना कमरेडहरूमा बलराम नै हुनुहुन्थ्यो । २०३३ सालमा विभिन्न मतभेद राखेर 'मुक्तिमोर्चा समूह'को रूपमा हामीहरू पनि अलग भएपछि क. पुष्पलालको मृत्युपर्यन्त (२०३५ सम्म) उहाँका निकटतम सहयोद्धा क. बलराम, गोविन्द ज्ञवाली आदि नै हुनुहुन्थ्यो ।

मैले २०३२ तिर एकदिन बलराम दाइलाई सोधेको थिएँ-कमरेड, तपाईले आजसम्म कति मानिसलाई पार्टीको नजीक ल्याउनुभए होला ? उहाँले सहजरूपमा भन्नुभयो-'एकलाख त पक्कै नाघे होला ।' उहाँको भनाइ यथार्थको नजीक थियो ।

बनारसमा लामो समय बस्दा भोग्नुपरेको भीषण आर्थिक संकट, निरन्तर प्रचार र संगठनमा खट्दाको परिश्रम, चारैतिरको दौडधूप, खानपीन, सुत्नेउठ्ने कुराको अनियमितता र दुःखकष्टका साथीको रूपमा बिडी र चुरोटको बढी संगत आदिले गर्दा उहाँलाई दम र ग्याष्ट्रिक रोगले गाँज्दै लगे । कति नै उपचार गर्दा पनि सीप लागेन । उहाँ दीर्घरोगी हुनुभयो र रोगी अवस्थामा पनि काममा खट्न भने कहिल्यै छोड्नुभएन ।

क. पुष्पलालको निधनपछि उहाँ त्यस पार्टीका कार्यवाहक महासचिव भएर काम गर्नुभयो । त्यसपछि पुष्पलाल समूह र मनमोहन समूह मिलेर नेकपा (मार्क्सवादी)को स्थापना भयो । त्यहाँ पनि उहाँ पोलिटब्यूरोमा रहनुभयो । २०४७ मा नेकपा माले र मार्क्सवादीको एकीकरणबाट एमाले बनेपछि पनि उहाँ पोलिटब्यूरो सदस्य हुनुभयो । २०४८ मा उहाँ राष्ट्रियसभाका सांसदमा निर्वाचित हुनुभयो । एमालेको पाँचौं महाधिवेशनदेखि उहाँ केन्द्रीय सल्लाहकार समितिमा रहेर काम गर्दै आउनुभयो भने २०५४ मा 'पुष्पलाल स्मृति प्रतिष्ठान'का उपाध्यक्ष भएर काम गर्नुभयो ।

क. बलराम संगठक र नेतामात्र होइन, उहाँ कलममा पनि सशक्त हुनुहुन्थ्यो र पार्टीका दस्तावेजहरूको लेखनमा उहाँ सक्रिय रहँदै आउनुभएको थियो । उहाँभित्र सृजनशील साहित्यिक व्यक्तित्व पनि थियो । 'बराउति (बलराम उपाध्याय तिम्सिना) उपनामबाट उहाँका साहित्यिक रचनाहरू पनि पत्रपत्रिकामा प्रकाशित भैरहन्थे । 'स्वर्गमा हलचल' भन्ने उहाँको व्यंग्य लेख निकै चर्चित भएको थियो । यदि उहाँले साहित्यिक क्षेत्रमा नियमित कलम चलाउनुभएको भए अवश्य पनि उच्चस्थान पाउनुहुन्थ्यो भन्ने कुरामा शंका छैन ।

यसरी नेपालको वाम प्रजातान्त्रिक आन्दोलनमा सिंगो जीवन अर्पी ७२ वर्ष बिताएका पुष्पलालका घनिष्ट सहयोद्धा क. बलराम उपाध्याय श्रीमती विद्या उपाध्यायका साथमा दुई छोरा र एक छोरी छोडेर २०६१ जेठ २५ गते सदा सदाका लागि हामीबाट विदा हुनुभयो । पार्टीकेन्द्रले उहाँको अन्तिम श्रद्धाञ्जलीको आयोजना गऱ्यो । क. महासचिव माधवकुमार नेपालले पार्टीको झण्डा ओढाएर सम्मान गर्नुभयो । प्रधानमन्त्री शेरबहादुर देउवाले पनि श्रद्धाञ्जलि दिनुभयो । हाम्रो पार्टी र अरू पार्टीका नेता र कार्यकर्ताहरूको ठूलो पंक्ति श्रद्धाञ्जलिसहित आर्यघाटको अन्त्येष्टिमा सहभागी भयो । यसरी हाम्रो पार्टीले पुरानो पुस्ताका एक पाका नेता गुमायो ।

*– २०६१/२/२७, स्वयंभू*

# प्रधानमन्त्री : देउवादेखि देउवासम्म

**शेरबहादुर देउवालाई पदमुक्त गर्दा**

**राजदरवारको विज्ञप्ति**

(२०५९ असोज १८ गते )

...नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहायका आदेशहरू जारी गरिबक्सेका छौं :

१. निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज २०५९ साल असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं ।

२. प्रतिनिधिसभाका लागि आगामी कार्तिक २७ गते हुने निर्वाचन स्थगित गरिबक्सेका छौं ।

अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहीत राखी मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं ।

नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास हामीबाट लिइबक्सेका छौं । ...

**लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाउँदा**

**राजदरवारको विज्ञप्ति**

(२०५९ असोज २५ गते)

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्री पदमा श्री लोकेन्द्रबहादुर चन्दलाई नियुक्त गरिबक्सी निजको अध्यक्षतामा देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजनको आदेश जारी गरिबक्सेको छ ।

मौसूफबाट यस मन्त्रिपरिषद्लाई देशको दैनिक प्रशासन सञ्चालनका अतिरिक्त देहाय बमोजिमको जिम्मेवारी पनि तोकिबक्सेको छ ।

१. राष्ट्रिय सहमतिसहितको अनुकूल परिस्थितिको सिर्जना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने ।

२. स्वतन्त्र र निष्पक्ष ढङ्गमा स्थानीय निकाय तथा प्रतिनिधिसभाको निर्वाचन यथाशीघ्र सम्पन्न हुने गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संस्थागत सुदृढीकरण गर्ने ।

३. सबै तहका भ्रष्टाचार नियन्त्रणको कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने ।

४. आर्थिक अनुशासन एवं पारदर्शिता अवलम्बन गर्नुका साथै सर्वसाधारण जनताको लागि सेवामूलक कार्यक्रम गरी सुशासनको प्रत्याभूति दिने ।

५.परिलक्षित परराष्ट्र नीतिअनुसार छिमेकी राष्ट्रहरूसँग रहेको सुमधुर सम्बन्ध एवं समझदारी तथा दौत्य सम्बन्ध प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

मौसुफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रिपरिषद्लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

**सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउँदा**

**राजदरवारको विज्ञप्ति**

(२०६०, जेठ २१ गते)

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ बमोजिम राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता श्री सूर्यबहादुर थापालाई प्रधानमन्त्री पदमा नियुक्ति गरिबक्सी नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी आदेश जारी गरिबक्सेको छ । साथै मौसुफबाट नवनियुक्त प्रधानमन्त्रीलाई सकभर सबै पक्ष मिलाएर मन्त्रिपरिषद् गठनको लागि सिफारिस चढाउन हुकुम बक्सेको छ । मौसुफबाट प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्द तथा मन्त्रिपरिषद्का अन्य सदस्यहरूलाई धन्यवाद बक्सेको छ ।

**शेरबहादुर देउवालाई पुनः प्रधानमन्त्री बनाउँदा**

**राजदरवारको विज्ञप्ति**

(२०६१, जेठ २० गते)

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान-२०४७ को धारा १२७ बमोजिम नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सी नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान-२०४७ को धारा ३५ बमोजिम हुने गरी आदेश जारी गरिबक्सेको छ । साथै मौसुफबाट सार्वभौमसत्ता निहीत नेपाली जनताको चाहनाबमोजिम देशमा सकेसम्म शान्ति सुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्न सकभर सबै पक्ष मिलाएर मन्त्रिपरिषद् गठनको लागि सिफारिस चढाउन हुकुम बक्सेको छ । मौसुफबाट प्रधानमन्त्री श्री सूर्यबहादुर थापा तथा मन्त्रिपरिषद्का अन्य सदस्यहरूलाई धन्यवाद बक्सेको छ ।

❒

# जनआन्दोलन, महिला सहभागिता र यसले दिएको शिक्षा

## ' बिन्दा पाण्डे

२०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र र जनअधिकारमाथि राजाले २०५८ साल असोज १८ गते धावा बोलेपछि जनता राजदरवारतर्फ औंला ठड्याउँदै आफ्नो अधिकार रक्षाका लागि मैदानमा उत्रिए ।

शुरूका दिनहरूमा आन्दोलन राजनीतिक पार्टीहरूबाट भए पनि यसको उत्कर्षमा राजनीतिक कर्मीका साथै पत्रकार, नागरिक समाज, पेशाकर्मी र समाजका सबै क्षेत्र र तहका जनसमुदायहरू बहुदलीय प्रजातन्त्र र जनअधिकारको बहालीको मागसहित आफ्नो पेशागत र क्षेत्रगत पहिचानसहित आन्दोलनको मैदानमा उत्रिएका छन् । यसक्रममा अन्तिम चरणमा मैदानमा उत्रने जमात भनेको निजामती कर्मचारी रह्यो, जो आफ्नो पेशालाई हत्केलामा राखेर गत बैशाख २९ र ३० गतेबाट आमहड्तालको दिनबाट मैदानमा आए । राष्ट्रमा राजनीतिक सरकार नभइरहेको अवस्थामा स्थायी सरकारको रूपमा चिनिने कर्मचारी प्रशासन पनि प्रजातान्त्रिक लडाइँको मैदानमा हुनुले सिंगो राज्यको राजाको एक्लो मनोकांक्षामा चलिरहेको कुरा छर्ल्लङ्गै छ । र, दैनिक रूपमा टेलिभिजनको पर्दामा देखाइने "राजाको बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिवद्धता" नेपाली जनताका बीचमा राम्रो किस्सा बनेको छ ।

शिक्षामा महिलाको सहभागिताले सामाजिक विकास र चेतनाको अवस्थालाई अनुमान गर्न सकिन्छ भनेझैं जनअधिकार बहालीको आन्दोलनमा महिला सहभागिताले समाजको राजनीतिक चेतनाको अवस्थालाई आङ्कलन गर्न सकिन्छ । यसपटकको आन्दोलनमा महिला सहभागिताको अवस्था र निरन्तरताको पक्षलाई हेर्दा विगत १२ बर्षमा राजनीतिक रूपमा महिलाहरू फड्को मारेर अगाडि बढेका रहेछन् भन्ने कुरालाई सहजै अनुभूत गर्न सकिन्छ ।

*२०६० बैशाख २१ गतेबाट जनअधिकार पुनर्वहालीको लागि शुरू भएको जनआन्दोलनमा महिला सहभागिता उल्लेखनीय रहँदै आएको छ । अझै, २०६० चैत १९ गतेबाट नयाँ सिराबाट अगाडि बढेको आन्दोलनको अग्रपंक्तिमा*

*प्रेरणादायी भूमिका निर्वाह गर्ने छाँयादेवी पराजुलीलगायत दैनिक रूपमा सैयौंको संख्यामा आन्दोलनको मोर्चामा उत्रने महिलाहरूको राम्रै जमात रहेको छ। यो महिलाहरूको पंक्ति मूलतः राजनीतिकर्मीहरू नै हुन्। उनीहरूको यो सहभागिताको आधार राजनीतिक आस्था र राजनीतिक पार्टी नै हुन् भन्नेमा दुईमत छैन। विगत १२ बर्षको अवधिमा राजनीतिक पार्टीहरूलाई जसले जति दोष दिए पनि प्रहरीको बर्बर दमनका वावजुद पनि निरन्तररूपमा मैदानमा उत्रने महिलाको यो पंक्ति तयार हुनुको जस राजनीतिक पार्टीहरूलाई दिनैपर्छ।*

*यसमा संख्यात्मकरूपमा अझै पनि सन्तोष गर्ने ठाउँ छैन, तर जति सहभागी बनेका छन् उनीहरूमा निरन्तरता छ, उत्साह र जनताको जित हुने कुरामा विश्वास छ। यो नै दीर्घकालीन रूपमा महिला नेतृत्व विकास र स्थायित्वका लागि देखापरेको उत्साहजनक पक्ष हो। मानिसलाई राजनीतिक चेतना र प्रतिबद्धताले मात्र स्वाभिमानीपूर्वक अगाडि बढ्न प्रेरित गर्छ भन्ने कुरा यस आन्दोलनमा रहेको महिला राजनीतिकर्मीहरूको सहभागिताले देखाएको छ।*

विद्यार्थी र युवाहरू आन्दोलनको मैदानमा निरन्तर देखिने शक्ति रहे। विषयको उठान र आन्दोनलको निरन्तरतामा विद्यार्थीको भूमिका अतुलनीय नै रह्यो। यस समुदायमा पनि महिलाहरूको निरन्तर सहभागिताको अवस्था उल्लेखनीय नै रहादै आएको छ। दङ्गाक्षेत्र घोषणाको अवधिभर पद्मकन्या कलेजअगाडि पुगेपछि प्रहरीहरू त्यत्तिकै पनि आत्तिने अवस्थामा रहिरह्यो। यति हुादाहुादै पनि सिङ्गो सामाजिक रूपान्तरणको निरन्तर आन्दोलन र भोलिको नेतृत्व विकासको उर्वर भूमिको रूपमा समेत रहेको यो विद्यार्थी र युवा समुदायमा महिला सहभागिता अझै सवल र सशक्त बनाउने पक्षमा योजनावद्धरूपमा लाग्नुपर्ने आवश्यकता भने छादै छ।

पेशागत क्षेत्रको कुरा गर्दा अध्यापनको क्षेत्रमा तुलनात्मकरूपमा महिलाको सहभागिता राम्रो छ  र उनीहरू पढेलेखेका मानिस पनि हुन्। पेशाको हिसावले पनि यस क्षेत्रमा महिला सहभागिता शुरूदेखि राम्रो रहादै आएको छ भने संगठन सञ्चालनको हिसाबले पनि यो पुरानो क्षेत्रमा पर्दछ। तर पनि यस क्षेत्रबाट आन्दोलनमा महिला सहभागिता उत्साहजनक रहन सकेन। आफ्नो सुझबुझका साथ कति मानिसहरू कसरी मैदानमा उत्रिए अर्को कुरा हो तर आ-आफ्नो पेशागत पहिचानसहित सडकमा आउने महिला पेशाकर्मीको संख्या हेर्दा निश्चित अनुहारहरूमात्रै देखिन्थे। तुलनात्मकरूपमा ट्रेड युनियनहरूले आफ्नो पहिचानसहित निकालेका जुलुसहरूमा केही महिला संख्या देख्न सकिन्थ्यो, तर त्यो पनि त्यति सन्तोषजनक भने फेरि होइन।

यस आन्दोलनको अर्को महत्वपूर्ण पाटो पत्रकार क्षेत्र रह्यो। आन्दोलनकारीले जत्तिकै दमनको सामना गर्ने र आन्दोलनलाई निर्णायक मोडमा पुऱ्याउन उर्जा थप्ने काममा यस क्षेत्रको भूमिकालाई प्रशंसा गर्नैपर्छ। यस क्षेत्रले आन्दोलनको पक्षमा समाचार संप्रेषण गर्नेमात्र नभएर आन्दोलनको चरणबद्ध कार्यक्रमसहित आफैं आन्दोलनमा उत्रने कुरा आफैंमा प्रशंसनीय छ। तर, बहुदलको स्थापनासागै महिला सहभागितामा तीव्र बृद्धि हुन गएको यस क्षेत्र पनि आन्दोलनको मैदानमा महिला सहभागिता गराउने सन्दर्भमा निकै पछाडि नै छाडिएको अवस्था रह्यो। आफ्नै पहिचानमा आयोजित आन्दोलनको कार्यक्रममा पनि महिला उपस्थिति गणनायोग्य रहन सकेन भने आन्दोलनको समाचार संकलन र सम्पादनको क्षेत्रमा महिला पत्रकारको उपस्थिति नगण्य नै रहन गयो। "सूचना नै शक्ति" बन्न पुगेको यस शताब्दीमा संचार क्षेत्रमा नै महिला सहभागिता सन्तुलित हुन सकेन भने आगामी दिनमा सामाजिक परिवर्तनको पक्षमा हुने निरन्तर आन्दोलन महिला सहभागिताको दृष्टिबाट फेरि पनि लंगडो नबनोस् भन्ने दिशामा यस क्षेत्रले सोच्नु वाञ्छनीय देखिन्छ।

आन्दोलनको महत्वपूर्ण पाटोमध्येको हो नागरिक समाज। यस क्षेत्रमा क्रियाशील नागरिकहरू अधिकांश दिन अनुगमनको काममा लागेका थिए भने कुनै कुनै दिन आफ्नो व्यानरसहित ऐक्यबद्धताका लागि मैदानमा उत्रिएका थिए। तर, ती पंक्तिहरूमा महिलाको संख्या बहुत कम देख्न पाइन्थ्यो। नागरिक समाजका क्षेत्रमा रोजगारीमा महिलाको संख्या उल्लेख्य भएको र जनताको बीचमा आफूले "सबैभन्दा बढी काम गरेको" दाबी गर्ने यस क्षेत्रका महिलाहरू जनअधिकार रक्षाको आन्दोलनमा भने सबैभन्दा कम सहभागिता रहनु निश्चितै रूपमा राम्रो कुरा होइन। र, यसले स्पष्ट देखाएको छ, "जागिरे चेतना र प्रजातन्त्रप्रतिको प्रतिवद्धता" फरक कुराहरू हुन्।

समाज स्वाभाविक रूपमा चलिरहेको समयमा "मानवअधिकार–महिला अधिकार" भनेर चिल्लाउनेको जमात राम्रै देखिन्थ्यो। तर, सडकमा उत्रिएर जनताले लाठो खाइरहेको समयमा निलो पट्टी लगाएर "मानवअधिकार र महिला अधिकार" को अनुगमनको काममा समेत महिला अनुहारहरू देख्न मुस्किल पऱ्यो भने लाठो खाने सम्भावनासहितको जुलुसमा त कमै आशा गरौं। आन्दोलनमा ऐक्यबद्धताको लागि एक सय वटाभन्दा बढी सदस्य संस्था रहेको "महिला सुरक्षा दबाव समूह" ले बैशाख ९ गते निकालेको जुलुसमा ५० जनाको पनि उपस्थित नहुनु र संस्थाको रूपमा १० वटाको पनि प्रतिनिधित्व नहुनुले गैरसरकारी संस्थाका नाममा महिला आन्दोलन र अधिकारको कुरा र प्रजातन्त्रप्रति उनीहरूको प्रतिबद्धतालाई सहजरूपमा देख्न सकिन्थ्यो।

सहज परिस्थितिमा चेतना र जागरणका ठूला कुरा गर्ने नागरिक समाजलाई जनअधिकार र प्रजातन्त्र अप्ठेरो पर्दा मैदानमा पनि आउन सक्ने बनाउने पक्षमा अझै थप मेहनत गर्नुपर्ने संकेत यस आन्दोलनले दिएको छ।

आन्दोलन, महिला अधिकार र सहभागिताको कुरा गर्ने क्रममा अर्को एउटा महत्वपूर्ण घटनालाई सायद हामीले भुल्नु हुँदैन। अक्षर चिन्ने अवसरबाट समेत बञ्चित छायाँदेवी पराजुलीहरू र शिक्षा क्षेत्रमा विद्यावारिधिसम्मका अवसर पाएका र

आफूलाई केही प्रतिष्ठित महिलामध्येको सूचिमा राख्नेहरूबीच जनअधिकार र प्रजातन्त्रको लडाइँका सन्दर्भमा भने तुलनै गर्न नसकिने अवस्था देखियो । शिक्षा र अवसरमा पछाडि, उमेरले पाको र शारीरिकरूपमा जीर्ण भए पनि छायाँदेवीहरू स्वाभिमानको प्रतिमूर्ति, उत्साहको खानी र आन्दोलनको दरिलो हस्तीको रूपमा स्थापित हुन पुगेका छन् । जनअधिकार र महिला समानता सामन्तसँग मागेर होइन, जनताको संघर्षबाट स्थापित हुन्छ भन्ने अटल विश्वास संगाल्दै आम नेपालीमा यही सन्देश संचार गर्न पुगेका छन् । प्रजातन्त्रप्रति महिलाको सहभागिता र प्रतिबद्धतामा कसैले प्रश्न गर्न नसक्ने जवाफ बनेका छन् ।

शिक्षामा राम्रै अवसर पाएका, उमेरले छायाँदेवीहरूभन्दा निकै नयाँ पुस्ता, नेपालको मात्र होइन दुनियाँभरकै महिला आन्दोलनको बारेमा पढेका, जानेका र व्याख्यान दिनसक्ने र सामाजिक जीवनमा राम्रै चलखेल गर्ने अवसर र क्षमता राख्ने महिलाहरूको एउटा जमात राजाको निगाहाबाट महिला समानता आउँछ भन्ने भ्रम पाल्दै राजदरवारतिर लाग्छन् । आन्दोलनको मैदानमा महिला आन्दोलनकारीमाथि पुरूष प्रहरी र सरकार–संरक्षित गुण्डाबाट लछारपछार हुँदा एक शब्द लेख्न र आन्दोलनमाथिको बर्बर दमन हेर्न सडकको किनारासम्म पनि आउन नसक्ने वा आवश्यक नदेख्ने यो जमात सामन्तवादको प्रतीकका रूपमा रहेको राजालाई विन्तीपत्र लेखेर उनैको निगाहाबाट महिला अधिकार ल्याउने सपना सँगालेर हिंडेका छन् । यो नेपाली महिला आन्दोलनको लागि विडम्बना नै हो, प्रत्येक स्वाभिमानी नेपाली महिलाहरूको लागि सरमको कुरा हो ।

यसले के देखाउँछ भने राजनीतिक चेतना, स्पष्टता, परिपक्वता र प्रजातन्त्रप्रतिको प्रतिवद्धता हरेक मानिसको स्वाभिमानको आधार हो र जनतामाथिको अटल विश्वास र भरोसा जनअधिकार प्राप्ति र रक्षाको सही मार्ग हो । यी दुई कुराको अभावमा अवसर र क्षमताले मात्रै मानव जातिले स्वाभिमानको शीर ठाडो पारेर सामाजिक परिवर्तनमा सही कदम चाल्न र सकारात्मक योगदान गर्न सक्दैन ।

जबसम्म महिलाहरूमा राजनीतिक चेतना, विचारप्रतिको परिपक्वता, प्रजातन्त्रप्रतिको प्रतिवद्धता र जनताप्रतिको भरोसाको विकास हुँदैन, तवसम्म जनअधिकार र प्रजातन्त्रको रक्षा र विकासमा महिला सशक्तिकरण हुनै सक्दैन । जबसम्म राजनीतिक पार्टीहरू र जनआधारित संघसंस्थाहरू महिला अधिकार, समानता र सहभागिताको विषयमा स्पष्ट नीति र कार्यक्रमसहित अगाडि आउन सक्दैनन्, जुनसुकै नाममा चलाइएको भए पनि अन्य संघसंस्थाका विविध नामका "सहज रोजगारी उन्मुख" अभियानबाट मात्र महिला अधिकार, समानता र उत्थानको आशा राख्नै सकिदैन । यसर्थ, महिला सशक्तिकरणका लागि क्षमतावान अराजनीतिक महिलाको होइन, राजनीतिक स्पष्टतासहितको सक्षम महिला जमात आजको आवश्यकता हो । यही नै कुरा यसपटकको जनआन्दोलनले दिएको शिक्षा पनि हो ।

# जनआन्दोलनमा पेशाकर्मीको ऐक्यबद्धता र सहभागिता

**' पी.के. खनाल**

२०५९ असोज १८ गते राजाले शाही घोषणाबाट नेपाली जनतामा निहीत राजकीय सत्ता प्रयोग गर्न पाउने अधिकार आफैंमा निहीत रहेको घोषणा गरेर जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्तगी गरेपछि मुलुकमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट नेपाली जनताले प्राप्त गरेको सार्वभौम अधिकार, प्रजातान्त्रिक अधिकार राजाबाट खोसिन पुग्यो ।

३० बर्षसम्मको निरंकुश पञ्चायती व्यवस्थाको अन्त्यका खातिर २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा राजनीतिक दलहरूको अलावा समाजका सबै तह र तप्काका जनसमुदाय, विभिन्न पेशामा अबद्ध प्राध्यापक, डाक्टर, वकिल, शिक्षक, पत्रकार, निजामती, संस्थान, बैंकका कर्मचारीले सक्रिय सहभागी भई बलिदानीपूर्ण संघर्ष गरी प्राप्त गरेका प्रजातान्त्रिक अधिकारमाथि राजाको शाही घोषणा र राजाको स्वविवेकीय ढंगबाट गठन गरिएको सरकारबाट एकपछि अर्को गर्दै रोक लगाउने, भेला हुने, संगठन गर्ने र अभिव्यक्ति गर्न पाउने स्वतन्त्रताको हकमाथि प्रतिबन्ध लगाउन थालेपछि संसदवादी प्रमुख पाँच राजनीतिक दलले २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै मुलुकको अग्रगामी सुधार र परिवर्तनका विभिन्न नयाँ दिशा प्रदान गर्न २०६० वैशाख २१ देखि संयुक्त जनआन्दोलनको घोषणा गरेपछि मुलुकमा यतिखेर राजाको शाही घोषणाबाट खडा भएको प्रतिगमनविरूद्ध आन्दोलन भइरहेको छ ।

प्रतिगमनका विरूद्ध पाँच राजनीतिक दलहरूले संचालन गरेको चालू आन्दोलन दल विशेषको आन्दोलनमा सीमित रहेको छैन, किनकि प्रतिगमनले नेपाली जनताको सार्वभौम अधिकार खोसिएको छ, जनताको शान्तिपूर्ण तवरले बाँच्न पाउने अधिकार, निर्वाधरूपमा हिंडडुल गर्न पाउने अधिकारमा सरकारले रोक लगाएको छ । विभिन्न पेशामा आबद्ध पेशाकर्मीहरूको भेला हुने, संगठन गर्ने, माग राख्न पाउने जस्ता आधारभूत मानवअधिकार, ट्रेड युनियन अधिकारमाथि सरकारले प्रतिबन्ध लगाएको छ । राज्यको चौथो अंगको रूपमा रहेका पत्रकारहरूलाई स्वतन्त्रतापूर्वक समाचार संकलन गर्ने र सम्प्रेषण गर्न सरकारले नियन्त्रण गरेको छ, आन्दोलनका क्रममा समाचार संकलनमा गएका पत्रकारहरूलाई लाठीचार्ज गरी घाइते तुल्याउने, टियरग्याँस प्रयोग गर्ने जस्ता अमानवीय कार्य गरेको छ । बिरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई निर्घात लाठीचार्ज

गर्ने, अस्पताल परिसरमा घातक टियरग्याँस प्रयोग गर्ने कार्य गरेको छ । विश्वविद्यालयका प्राध्यापक, डाक्टर, वकिल, शिक्षक जो कोहीलाई पनि सरकारले अमानवीय व्यवहार गरी प्रजातान्त्रिक हक-अधिकारमाथि रोक लगाइरहेको वर्तमान घडीमा तमाम पेशाकर्मीहरूको हकहितको रक्षा तथा राष्ट्र र जनताप्रतिको दायित्वलाई समेत बोध गर्दै प्रजातन्त्र, मानवअधिकार र ट्रेड युनियन अधिकारको रक्षा र बहालीका लागि नेपालका तमाम पेशाकर्मीहरू चालु संयुक्त जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै जनआन्दोलनमा सहभागी भएका छन् ।

चालू जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै विभिन्न पेशामा आवद्ध पेशाकर्मीहरूले संगठितरूपमा ऐक्यबद्धता आन्दोलनलाई अगाडि बढाइरहेका छन् । यसक्रममा देशका प्रबुद्ध बुद्धिजीवी, प्राध्यापक, शिक्षक, डाक्टर, वकिल, इन्जिनीयर, निजामती, संस्थान, बैंकका कर्मचारीहरू, स्वास्थ्यकर्मी, प्राविधिकहरूलगायत गैरसरकारी संस्थामा संलग्न पेशाकर्मीहरूको ४० वटा संगठनका प्रतिनिधिहरूको भेलाबाट डा. मंगलसिद्धि मानन्धर संयोजक रहनुभएको प्रजातान्त्रिक आन्दोलनका लागि पेशाकर्मी नागरिक समाज नामक संस्था गठन भएको छ । उक्त समाजले हालसम्म काठमडौं उपत्यकामा २ पटक विशाल र्‍यालीको आयोजना गरेको छ भने कीर्तिपुरको अडिटोरियम हलमा बृहत् भेलाको आयोजना गरी चालू जनआन्दोलनमा पेशाकर्मीहरूको ऐक्यबद्धताको महत्वका बारेमा विचार गोष्ठीको आयोजना गरेको छ ।

यस्तै नेपाल बार एशोसिएसन, नेपाल चिकित्सक संघ, नेपाल पत्रकार महासंघ, नेपाल इन्जिनीयर्स एशोसिएसनलगायत मानव अधिकारवादीहरूको संस्था मिली प्रजातान्त्रिक जनआन्दोलनका लागि पेशाकर्मीहरूको संगठन गठन गरी जनआन्दोलनका लागि ऐक्यबद्धता प्रकट गर्दै भेला, र्‍याली, जुलुसको आयोजना गरेका छन् भने नेपाल बार एशोसिएसनको नेतृत्वमा मुलुकभरका कानुन व्यवसायीहरूले धर्ना, मैनबत्ती जुलुस, र्‍याली कार्यक्रमको संचालन गरेका छन् । यस्तै डाक्टर नर्सहरूले समेत सेतो पोशाक लगाएर प्रतिगमनविरूद्ध चालू जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै जुलुस प्रदर्शन गरेका छन् ।

चालू जनआन्दोलनको समाचार संकलनका क्रममा पत्रकारहरूलाई प्रहरीले लाठीचार्ज गरी घाइते तुल्याउने जस्ता कार्य गरी प्रेस स्वतन्त्रताको हकमाथि कुठाराघात गरेकोमा सरकारको अप्रजातान्त्रिक कदमका विरूद्ध नेपाल पकार महासंघले चरणबद्ध विरोध कार्यक्रम संचालन गरिरहेको छ । यसक्रममा धर्ना, जुलुस, हातमुखमा कालोपट्टि बाँध्ने, सकरकारका मन्त्री उपस्थित कार्यक्रमको समाचार बहिष्कार गर्ने, १० सेकेण्ड समाचार प्रसारण नगर्नेजस्ता कार्यक्रम सम्पन्न भएका छन् ।

शाही घोषणापश्चात् गठन भएको असंवैधानिक सरकारले पेशाकर्मीहरूको ट्रेड युनियन अधिकारमाथि प्रतिबन्ध लगाएपछि मुलुकका ३ वटा ट्रेड युनियन महासंघहरू-पेशागत महासंघ नेपाल, नेपाल ट्रेड युनियन महासंघ र नेपाल ट्रेड युनियन कांग्रेसले पनि संयुक्तरूपमा चालु जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै "प्रजातन्त्र, मानवअधिकार र ट्रेड युनियन अधिकार"को रक्षाका खातिर संघर्ष संचालन गर्ने निर्णय गरेको छ । यसक्रममा ३ वटा ट्रेड युनियन महासंघको आयोजनामा हालसम्म २ पटक देशव्यापीरूपमा बृहत् विरोध प्रदर्शन भइसकेको छ भने महासंघहरूको आह्वानमा प्रजातन्त्र, मानवअधिकार र ट्रेड युनियन अधिकारको रक्षाका खातिर र चालू जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्न "प्रजातन्त्रप्रति प्रतिबद्धता, जनआन्दोलनप्रति ऐक्यबद्धता"को नारा रातो कपडामा लेखी हरेक संस्थान, बैंक, औद्योगिक प्रतिष्ठान, होटल आदि स्थानमा महासंघमा आबद्ध प्रतिष्ठानस्तरका ट्रेड युनियनहरूले टाँगेका छन् । यसबाट चालू जनआन्दोलनको ऐक्यबद्धताको लहर संस्थान, बैंक र औद्योगिक प्रतिष्ठानस्थित लाखौं श्रमजीवीबीच पुगेको छ ।

यस्तै चालू जनआन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै आन्दोलनका कार्यक्रम संचालन गर्ने क्रममा पेशागत महासंघ, नेपाल र नेपाल ट्रेड युनियन कांग्रेसमा आवद्ध ४ वटा राष्ट्रियस्तरका ट्रेड युनियनहरू- अन्तर बैंक कर्मचारी संघले "प्रजातान्त्रिक आन्दोलन ऐक्यबद्धता संघर्ष समिति" गठन गरी मुलुकका सार्वजनिक संस्थान तथा बैंकमा विशेष कार्यक्रम संचालन गरेका छन् । यसक्रममा हातमा कालोपट्टी बाँधी काम गर्ने, हरेक संस्थान, बैंकमा सरकारले मानवअधिकार र ट्रेड युनियन अधिकारमाथि लगाएको प्रतिबन्धका विरूद्ध कालो व्यानर टाँग्ने र कर्मचारी भेला गर्ने आदि कार्य सम्पन्न भएका छन् भने २०६१ वैशाख २९ र ३० को दुई दिने आमहड्तालमा सम्पूर्ण सरकारी कार्यालय, संस्थान, बैंक, शिक्षण संस्थामा कार्यरत पेशाकर्मीहरूले कलम बन्द गरी आमहड्ताललाई सफल बनाउन सहयोग पुर्‍याए । नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा यसरी सिंगो मुलुक ठप्प भएको यो पहिलो पटक हो । यसैगरी जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउने क्रममा वीर हस्पिटलका डाक्टर, नर्स र कर्मचारीहरूले समेत एक घण्टा काम छोडी आमहड्ताललाई सफल बनाउन योगदान पुर्‍याए ।

यसरी प्रतिगमनका विरूद्धको चालू जनआन्दोलनमा राजनीतिक दल, तिनका कार्यकर्ता सँगैसँगै मजदुर, किसान, विद्यार्थी, युवा, महिला लगायत मुलुकका विभिन्न पेशामा आबद्ध लाखौं पेशाकर्मीहरू ऐक्यबद्धता प्रकट गर्दै सहभागी भएका छन् । नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा चालू संयुक्त जनआन्दोलन ऐतिहासिक बन्न पुगेको छ । विगतका प्रजातान्त्रिक आन्दोलनभन्दा भिन्न, व्यापक, संगठित अवस्थाबाट संचालन भएको छ । जनान्दोलनको पक्षमा व्यापक जनलहर सिर्जना भएको छ । राजाले गरेको शाही घोषणा 'ठीक' भनेर संगठितरूपमा सडकमा आउन नसक्नु, जनआन्दोलनमा बालक, युवा, बृद्धदेखि समाजका सबै तह र तप्का एवं विभिन्न पेशामा आवद्ध पेशाकर्मीहरू संगठितरूपमा ऐक्यबद्धता प्रकट गर्दै आ-आफ्नो संगठनको छुट्टाछुट्टै विरोध कार्यक्रम संचालन गर्दै अगाडि बढ्नुले चालू जनआन्दोलनले निर्णायक मोड लिने निश्चित छ । अझ निजामती, संस्थान, बैंकका हजारौं कर्मचारीले पेनडाउन हड्ताल गरी आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्नु, विश्वविद्यालय र शिक्षण संस्थाका प्राध्यापक, शिक्षक, कर्मचारीले समेत कक्षा बहिष्कार गरी आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरी आन्दोलित हुँदै अगाडि बढ्नु चालू जनआन्दोलनको विशिष्ट विशेषता रहेको छ ।

प्रजातन्त्र रहेमात्र पेशागत संघ, संगठन, ट्रेड युनियनहरू रहने र पेशागत संगठन-ट्रेड युनियनहरूको अस्तित्वरक्षा र भूमिकामा मात्र पेशागत हकहितको संरक्षण र सम्वर्द्धन हुनसक्ने तथ्यलाई पेशाकर्मीहरूले आत्मसात गरेकै कारण प्रतिगमनविरोधी चालू जनआन्दोलनप्रति पेशाकर्मीहरूको गम्भीर चासो, सरोकार र ऐक्यबद्धता बढेर गएको छ । विभिन्न पेशामा आवद्ध सम्पूर्ण पेशाकर्मी प्रजातन्त्रको पक्षमा दृढ रहेका छन् । प्रतिगमनका विरूद्ध उनीहरूको अन्तर हृदयदेखि नै घृणा र आक्रोस छ । स्वाभिमान र पेशागत हकहितका खातिर प्रजातन्त्र अपरिहार्य रहेको विषयलाई पेशाकर्मीहरूले आत्मसात गरेका छन् । लाखौं पेशाकर्मीहरूको जनआन्दोलनप्रति ऐक्यबद्धता र सहभागिता रहेका कारण चालू जनआन्दोलनले छिट्टै नै सफलता प्राप्त गरी मुलुकमा प्रजातन्त्रको पुनर्वहाली हुने विश्वास लिन सकिन्छ ।

# कमरेड बलराम उपाध्यायको निधन

नेकपा (एमाले) केन्द्रीय सल्लाहकार कमिटीका सदस्य बलराम उपाध्यायको जेठ २५ गते निधन भएको छ । ७२ बर्षीय उपाध्यायको वीरगञ्जमा निधन भएपछि सोही दिन राजधानी ल्याई अन्तिम संस्कार गरिएको थियो ।

त्यसअघि पार्टी केन्द्रीय कार्यालयमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा महासचिव माधवकुमार नेपालले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली चढाउनुभएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवा, कांग्रेसका महामन्त्री सुशील कोइराला, सद्भावना (आनन्दीदेवी)का उपाध्यक्ष भरतविमल यादवलगायतले उहाँप्रति श्रद्धाञ्जली चढाउनुभएको थियो ।

उहाँको निधनप्रति दुःख व्यक्त गर्दै महासचिव नेपालले जारी गर्नुभएको विज्ञप्तिमा पार्टी स्तब्ध र अत्यन्तै दुःखित भएको बताउनुभएको छ ।

नयाँ नेपालको निर्माण एवं जनताको सुखका लागि २००८ सालदेखि आफूलाई प्रजातान्त्रिक तथा वाम आन्दोलनमा अनवरत क्रियाशील पार्नुहुने कमरेड उपाध्यायको निधनले पार्टीलाई अत्यन्त ठूलो क्षति पुगेको छ र राष्ट्रले एउटा जुझारू प्रजातन्त्रवादी योद्धा गुमाएको छ भन्दै लामो समयसम्म कमरेड पुष्पलालको घनिष्ट सहयोद्धासमेत रहनुभएका क. उपाध्यायले नेपालको कम्युनिष्ट आन्दोलनको माथिल्लोस्तरको जिम्मेवारीसमेत सम्हाल्नुभएको स्मरण उहाँले गर्नुभएको छ । नेकपा (माले) र नेकपा (मा.) बीचको एकीकरणमा योगदान पुऱ्याउँदै उहाँले एकीकृत पार्टीको महत्वपूर्ण ओहदासमेत सम्हाल्नुभएको थियो भन्दै महासचिव नेपालले कमरेड बलराम उपाध्याय हामीबीच नरहे पनि मुलुकको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा उहाँका योगदानहरू अविस्मरणीय रहनेछन् भन्नुभएको छ ।

यसैगरी केन्द्रीय कमिटीको छैटौं बैठकले शोक प्रस्ताव पारित गर्दै भनेको छ-"नेकपा (एमाले) केन्द्रीय सल्लाहकार कमिटीका सदस्य, नेपालको कम्युनिष्ट र प्रजातान्त्रिक आन्दोलनमा लामो समयदेखि विभिन्न जिम्मेवारीमा रहेर महत्वपूर्ण योगदान पुऱ्याउने योद्धा तथा राष्ट्रियसभाका पूर्व सांसद कमरेड बलराम उपाध्यायको यही जेठ २५ गते ७२ बर्षको उमेरमा दुःखद् निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँका शोक सन्तप्त परिवारजनहरूमा केन्द्रीय कमिटीको यो बैठक गहिरो समवेदना प्रकट गर्दछ ।"

यसैगरी केन्द्रीय सल्लाहकार कमिटीका सभापति कमल कोइरालाले एक विज्ञप्ति प्रकाशित गर्दै दुःख प्रकट गर्नुभएको छ ।

कमरेड बलरामको जन्म विक्रम सम्वत् १९८९ चैत १९ गते बाटुलेचौर पोखरामा भएको थियो । उहाँ २००४ सालदेखि वाराणसीमा विद्या आर्जन गर्न जानुभयो । त्यहीं विद्यार्थी जीवनमा उहाँ नेपाल कम्युनिष्ट पार्टीको सम्पर्कमा आउनुभयो । २०१५ सालमा उहाँले नेकपा बनारस युनिटको सदस्यता प्राप्त गर्नुभयो । २०१९ सालमा नेकपाको तेस्रो महाधिवेशनबाट वैकल्पिक केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । त्यसपछि क. पुष्पलालको निकटतम घनिष्ट सहयोगीहरूमध्ये एक हुनुभयो । २०२५ सालमा सम्पन्न क. पुष्पलालद्वारा आयोजित गोरखपुर सम्मेलनको संयोजकमध्ये उहाँ एक हुनुभयो । उक्त सम्मेलनबाट केन्द्रीय कमिटीमा निर्वाचित हुनुभयो ।

कमरेड पुष्पलालको देहावसानपछि उहाँ नेकपा (चौथो सम्मेलन)को कार्यवाहक महासचिव हुनुभयो । नेकपा (मार्क्सवादी) र उक्त पार्टीको एकीकरण हुँदा उहाँ पोलिटब्युरो सदस्य हुनुभयो । २०४७ सालमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)को एकीकरण हुँदा स्थायी कमिटी सदस्य हुनुभयो । २०४८ सालमा उहाँ राष्ट्रियसभाको सदस्य निर्वाचित हुनुभयो । त्यसपछि नेकपा (एमाले)को पाँचौं महाधिवेशनबाट उहाँ केन्द्रीय सल्लाहकार कमिटी सदस्य हुनुभयो । उहाँ २०५४ सालमा पुष्पलाल प्रतिष्ठानको उपाध्यक्ष हुनुभयो ।

उहाँले विद्यार्थी जीवनदेखि अविचलित रही कम्युनिष्ट आन्दोलनमा ठूलो त्यागमय योगदान गर्नुभएको स्मरण गर्दै सभापति कोइरालाले नेपालको कम्युनिष्ट आन्दोलन उहाँप्रति सधैं अनुग्रहित रहिरहने बताउनुभएको छ ।

# पार्टी निर्माणका सन्दर्भमा जबजको संगठनात्मक सिद्धान्त

**‘ मदन भण्डारी**

- पार्टी मार्क्सवादी सिद्धान्तलाई रचनात्मक ढंगले बुझ्ने, विश्व कम्युनिष्ट आन्दोलनका अनुभवहरूलाई गुणदोषका आधारमा ग्रहण गर्ने र आफ्नो कार्यक्षेत्रको ठोस परिस्थितिको विश्लेषण गरी विशेष सिद्धान्तहरूक सिद्धान्तहरूको निर्माण गर्ने काम गर्दै अघि बढिरहेको छ । (पृ.-५)
- हाम्रो पार्टी रूढीवादलाई काँध हालेर हिंड्ने पार्टी होइन र विज्ञानका बारेमा पनि अन्धविश्वास राखेर चल्ने पार्टी होइन । शास्त्र र सूत्रहरूको निम्ति जीवनको बलिदान दिने होइन जीवनको निम्त सूत्र र शास्त्रहरूको रचना गर्ने पार्टी हो । गल्ती हुन्छ कि भनेर कामै नथाल्ने वा गल्ती नहोस् भनेर शास्त्रमा भनेजस्तो मात्र गर्ने र गल्ती भएपछि त्यसैको जिम्मा लगाएर आफू पन्छिने पार्टी होइन । काम गर्ने आँट गर्नुपर्छ, रचनात्मक ढंगले काम गर्ने शैली अपनाउनुपर्छ र गल्ती भए सच्याउने तत्परता र साहस गर्नुपर्छ । हाम्रो पार्टी पनि त्यस्तै पार्टी हो । (पृ.-५)
- लेनिनवादी संगठनात्मक सिद्धान्तलाई दृढतापूर्वक स्थापित गर्नुपर्ने, नेता, कार्यकर्ता र आम सदस्यहरूको चिन्तन तथा जीवनशैलीलाई अझ राम्ररी सर्वहाराकरण गर्नुपर्ने, सैद्धान्तिक चेतनालाई अझ माथि उठाउनुपर्ने, नेपाली क्रान्तिका विशेष सिद्धान्तहरूलाई सुस्पष्ट र गहिरो बनाउनुपर्ने, नीति निर्माणमा दूरदर्शिता हुनुपर्ने, परिस्थितिको मागअनुरूप अघि बढ्नुपर्ने, संगठनको रूप र ढाँचालाई व्यवस्थित बनाउनुपर्ने र कार्यपद्धति र शैलीका समस्याहरूलाई सामयिक ढंगले हल गर्नुपर्ने, कतिपय समस्या र तिनीहरूमा विसंगति तथा कमजोरीहरू पनि रहेका छन् । (पृ.-५)
- हामीले पार्टीको क्रान्तिकारी राजनीतिक कार्यदिशालाई लेनिनवादी संगठनात्मक सिद्धान्तको अचूक प्रयोगबाट कार्यान्वित गर्न सक्छौं र यसै क्रममा नै बाँकी राजनीतिक, संगठनात्मक समस्याहरूलाई पनि व्यवस्थित ढंगले समाधान गर्नसक्छौं । (पृ.-५)
- संगठनात्मक क्षेत्रमा र व्यावहारिक कार्यको क्षेत्रमा पनि एकता प्राप्त गर्न त्यसलाई जोगाईराख्नको नीम्त पार्टीभित्र विचारमा एकता हुनु, त्यसमा एकरूपता कायम गर्नु सबभन्दा मुख्य विषय हुन्छ । (पृ.-६)
- सर्वग्राही शैली प्रयोग गर्दा हामीलाई मार्क्सवाद-लेनिनवादले पनि बाटो देखाउन सक्दैन । त्यसकारण हामीलाई चाहिएको शैली भनेको तत्वग्राही विश्लेषणात्मक शैली हो, हरेक कुराभित्र रहेको त्यसको सामान्य स्वरूप र विशिष्ट स्वरूप, समान्य तत्व र विशिष्ट तत्वको बीचमा विभेद गर्ने शैली हो । मार्गदर्शक सिद्धान्त सामान्य सत्य हो र सत्य कहिल्यै पनि अर्मूत हुँदैन । (पृ.-६)
- कमिटीमा निर्णय भइसक्दा पनि अझै फरक मत वा मतहरू रहेका छन् भने कमिटीको निर्णयलाई मानेर निर्वाधरूपमा काममा लाग्ने शर्तमा फरक मत राख्ने सदस्यको माग भए फरक मतलाई कमिटीमा सुरक्षित राख्ने र स्थिति र आवश्यकता हेरी कमिटीभित्र वा त्यसका सदस्यहरूका बीचमा छलफल चलाउने वातावरण बनाउने । (पृ.-९)
- कमिटीका निर्णयहरूलाई प्रभावित पार्ने उद्देश्यले प्रत्यक्ष वा परोक्षरूपमा कुनै “दवाव समूह” बन्न नदिने र दवाव दिने तरिका प्रयोग गर्न रोक लगाउने । (पृ.-९)
- विचारधारात्मक संघर्षको नाममा पार्टीका सिद्धान्त, नीतिहरू र प्रतिष्ठाको विरूद्ध विरोध फैलाउने, अनादर, उपेक्षा गर्ने, खिल्ली उडाउने र व्यंग्य गर्ने ढंगका बचन वा लेखन कुनै पनि कुराहरूलाई पार्टीभित्र कडाइका साथ विरोध गरिनुपर्दछ । (पृ.-१०)
- पार्टीको विचार र संगठनको बीचमा द्वन्द्वात्मक सम्बन्धलाई व्यवहारिक रूप दिने सिद्धान्त जनवादी केन्द्रीयताको सिद्धान्त हो । (पृ.-१०)
- सिद्धान्त, संगठन र संघर्षको बीचमा द्वन्द्वात्मक सम्बन्धलाई स्थापित गर्ने, कायम राख्ने र विकास गर्दै जाने सवाल क्रान्तिकारी नेतृत्व विज्ञानको गुदीको हो । एउटा पार्टी सदस्य पार्टीका कुनै न कुनै कमिटीमा संगठित भएर पार्टीका दैनिक क्रियाकलापमा संलग्न हुन्छ । नियमितरूपमा पार्टी सदस्यता शुल्क तिर्छ । यदि ऊ कमिटीमा संगठित छैन, दैनिक क्रियाकलापमा संलग्न हुँदैन र नियमित शुल्क तिर्दैन भने त्यस्तो व्यक्ति पार्टी सदस्य बन्न लायक भइसकेको छैन । (पृ.-१२)
- एउटा कम्युनिष्ट पार्टीमा नेतादेखि साधारण सदस्यसम्म कोही पनि स्वच्छन्द भएर मनमौजी चल्न पाउँदैन । उसले कमिटीको अधीनमा बस्नुपर्छ, कमिटीको निर्णय र निर्देशनअनुसार काम गर्नुपर्छ । आफ्ना विचार, काम र समस्याहरूको नियमित जानकारी कमिटीलाई दिइरहनुपर्छ । (पृ.-१२)
- पार्टीलाई विचारधारात्मक, राजनीतिक र संगठनात्मक रूपमा एकीकृत राख्ने, केवल औपचारिक जनवाद वा औपचारिक केन्द्रीयताको स्थितिमा रहन नदिनको निम्ति अर्को महत्वपूर्ण कुरा हो-रिर्पोटिङ, जाँचबुझ, निरीक्षण र

निर्देशनको नियमितता । यो पनि लेनिनवादी संगठनात्मक सिद्धान्तको एउटा महत्वपूर्ण अंग हो । एउटा स्वस्थ शरीरको रक्त संचार जस्तै नियमित र अविरलरूपमा तल्ला कमिटीहरूले माथिल्ला कमिटीमा रिपोर्ट पठाउने र माथिल्लो कमिटीबाट तल्लो कमिटीहरूको स्थिति र कामको नियमित रूपमा जाँचबुझ तथा निरीक्षण र निर्देशनको व्यवस्था हुनुपर्छ । यदि आफ्नो सिंगो कार्यक्षेत्रको सम्पूर्ण समस्या र परिस्थितिको जस्ताको तस्तै जानकारी भएन भने कुनै पनि कमिटीले ठीक ढंगले विचार बनाउन र निर्णय लिन सक्दैन । माथिल्लो कमिटीका नीति निर्देशनहरू ठीक ढंगले कार्यान्वित गर्न सक्दैन । जाँचबुझ र निरीक्षणको काम भएन भने कमिटीले लिएका निर्णयहरू अन्तिम रूपमा सही छन् कि छैनन् भन्ने फैसला हुन सक्दैन । (पृ.-१५)

*(सबै उद्धरणहरु मदन भण्डारी संकलित रचनाहरू भाग १ बाट उधृत गरिएका हुन् ।*

# दमनले मलाई सरकारविरोधी बनायो

**' प्रदिप नेपाल**

२०२५ सालमा गाउँका दाइहरू निर्वासनबाट घर फर्किनुभयो । गंगाप्रसाद कोइराला र हेमराज कोइरालासँग मेरो पारिवारिक नाता थियो । घर पनि हाम्रो सँगसँगै थियो । उहाँहरूले गाउँ छोड्दाको झझल्को मात्र थियो मसँग । एकप्रकारले भन्ने हो भने राजनीतिको लस्को त्यतिबेलै मनमा पसेको थियो होला । त्यसैले उहाँहरू फारबीसगञ्ज छोडेर आफ्नो गाउँ पोखरे फर्किएपछि मैले उहाँहरूको साथ छोड्नै सकिनँ । साँझमा माथ्लाघर ठूलाबाको फराकिलो आँगनमा चौतारी चल्थ्यो राजनीतिको । निर्वासनमा नगए पनि हाम्रो दाजु (काकाको छोरा) हरिप्रसाद नेपाल त्यो चौतारीको सक्रिय सदस्य हुनुहुन्थ्यो । निर्वासनबाट फर्किएका कोइराला बन्धुहरूमाथि सरकारी निगरानी छ भन्ने उहाँलाई थाहा हुन्थ्यो । उहाँ कलेजको प्राध्यापक हुनुहुन्थ्यो । तर उहाँ उत्तिकै अटेरी पनि हुनुहुन्थ्यो । अलिकति पनि डर नमानी उहाँ त्यो चौतारीमा सहभागी हुनुहुन्थ्यो । म त विद्यार्थी । निगरानी सिगरानी भन्दै हामी बढी जिस्किने नै गर्थ्यौं । त्यसैले मलाई त्यो चौतारीको श्रोता हुन पटक्कै डर लाग्दैनथ्यो ।

त्यो चौतारीमा दुइटा शब्दको अत्यधिक प्रयोग हुन्थ्यो-एन.सी. र सी.पी. । ती शब्दको अर्थ नबुझेर हप्ता दश दिन म कुहिराको काग भएँ । मेरो आफ्नो दाजु बासुदेव नेपाल पनि चौतारीको मौसमी सदस्य हुनुहुन्थ्यो । मैले उहाँसँगै ती दुई शब्दको अर्थ सोधें । उहाँले मलाई सम्झाउँदै भन्नुभयो, "एन.सी. भनेको नेपाली कांग्रेसको छोटकरी हो, अनि सी.पी. भनेको चाहिँ कम्युनिस्ट पार्टीको छोटकरी हो ।"

दाजुले दिएको जवाफले मलाई जिज्ञासु मात्रै बनाइदियो । एउटा कौतुहलपूर्ण प्रश्न मेरो मनमा जन्मियो- जसरी कांग्रेसलाई नेपाली भनिन्छ, त्यसरी कम्निस्टलाई किन नेपाली नभनेको होला ! यो प्रश्न कुनै राजनीतिक चेतनाको गोरेटो थिएन । यो विद्यार्थीको जिज्ञासु प्रश्नमात्रै थियो । एकप्रकारले भन्नुस्- बीयुटी (BUT) चाहिँ बट हुन्छ भने (PUT) चाहिं किन पुट हुन्छ ? कि त दुबै **बुट** हुनुपर्छ कि **पुट** हुनुपर्छ भनेजस्तै थियो ।

एकाध दिनपछिको चौतारीमा मैले दाइ हेमराज कोइरालासँग सोधें, "तपाईंहरू किन कांग्रेसलाई नेपाली कांग्रेस (NC) भन्नुहुन्छ ? अनि किन कम्निस्टलाई चाहिँ कम्निस्ट पार्टी (CP) भन्नुहुन्छ । कम्निस्टलाई पनि नेपाली कम्निस्ट भने हुँदैन ?"

"कम्निस्टहरू आफूलाई अन्तर्राष्ट्रवादी भन्छन् । संसारका सबै कम्निस्टको झण्डा उस्तै हुन्छ । उनीहरूले गर्ने काम पनि उस्तै हुन्छ । नेपालका कम्निस्टहरू नै आफूलाई नेपाली कम्निस्ट भन्दैनन् । अनि हामीले कसरी उनीहरूलाई पनि एन.सी. ( नेपाली कम्निस्ट) भन्ने ?"

दाइको जवाफ सही थियो, तर मैले त्यसलाई रूचाइनँ । मैले कम्निस्टबाटै यसको उत्तर खोज्न चाहेको थिएँ, तर त्यो औसर मैले पाइनँ । किनभने हाम्रो गाउँमा म कम्निस्ट हुँ भनेर छाती ठोकेर बोल्नसक्ने कोही थिएनन् ।

०२५ सालमा एस.एल.सी. परीक्षाको तयारी गरिरहेको बेला मधेशबाट गोविन्द न्यौपाने घर आउनुभयो । उहाँ मेरो मामाको छोरा हुनुहुन्थ्यो । दाजु बासुदेव र गोविन्द मसँग लुकाएर खुसुरफुसुर गरिरहनु हुन्थ्यो । म बेलामौकामा सोधखोज गर्थें । दुबै जना "तिमी आफ्नो जाँचको तयारी गर" भनेर मलाई पन्छाउनु हुन्थ्यो । जाँच सकेपछि मैले त्यही खुसुरफुसुरका बारेमा दाजुसँग सोधखोज गरें ।

दाजुले मलाई सम्झाउँदै भन्नुभयो, "गोविन्द कम्निस्ट पार्टीमा लागेछ, विराटनगरमा । राम्रै गरेछ, । तर कसैसँग कुरा नगर्नू । उसलाई अप्ठ्यारो पर्छ ।"

कम्निस्टहरूले आफूलाई किन नेपाली कम्निस्ट नभनेको भनेर गोविन्द न्यौपानेसँग सोधखोज गर्न नपाएकोमा मलाई धेरै दिनसम्म पछितो लागिरह्यो । यो जिज्ञासा नै राजनीतितिर मलाई डोऱ्याउने एउटा गोरेटो भयो ।

०२६ सालको बैशाखमा म काठमाडौं आएँ । राजनीति मेरो अभीष्ट थिएन । म भूगोलको विद्वान हुन चाहन्थें । भूगोलको पढाइ त्रिचन्द्र कलेजमा हुन्थ्यो । राजनीतिको योजना बनाएर होइन, भूगोल पढाइ हुने भएको हुनाले मैले त्रिचन्द्र कलेजमा आफ्नो पढाइ थालें ।

काठमाडौं आएपछि सामाजिक, सांस्कृतिक गतिविधिमा मेरो सक्रियता उत्पातै बढ्यो । "राल्फा" को भाइ थिएँ म । राल्फा आफ्नो विद्रोही अराजकतावादको पोखरीमा चुर्लुम्म डुबेको थियो । त्यसका "भोकै मर्ने महाकविका पेटका सारङ्गीहरू, हाम्रा गीतहरू," "तिम्रो नाउँमा बली हुन मलाई स्वीकार छैन, मेरो बुढो देउताको देश," जस्ता गीतहरू मेरा आफ्ना गीत भएका थिए । राल्फाको अराजकतालाई ०२६ सालदेखि अस्तित्ववादले छोप्न थालेको थियो । यस्ता जनताउन्मुख गीतमा त्यही छापको छहारी परेको थियो । राल्फा परिवारले साहित्यकार गोविन्द भट्टको सहकार्य पाएको थियो, भूपि शेरचन राल्फाका साथी थिए । गोविन्द भट्टको प्रगतिवादी सोचले बिस्तारै बिस्तारै राल्फालाई प्रभावित पार्दै थियो । अन्तर्राष्ट्रिय क्षेत्रमा सत्तरीको दशकको आरम्भमा उठेको विद्रोही स्वरहरूको आवाज राल्फालीहरूको ओठमा झुण्डिन पुगिसकेको थियो । नेपालमा तिनीहरू भोकै मर्ने महाकविका गीत गाउँथे भने विदेशी गीतमा तिनीहरू ग्वान्तानामेर र युथ इण्टरन्याशनल ... जस्ता गीतहरू गाउँथे ।

म राल्फा थिइनँ, तर बाहिरका मान्छेले मलाई राल्फा नै भन्थे । किनभने म राल्फाको भाइ थिएँ । त्यसै हुनाले राल्फा रूपान्तरणको प्रभाव ममाथि काठमाडौं आइपुगेकै साँझदेखि पर्न थालिहाल्यो । यसरी मलाई जनताको पक्षमा उभिन प्रेरित गर्ने एउटा संगठन राल्फा हो ।

मैले पढ्ने त्रिचन्द्र कलेज पनि राजनीतिको केन्द्र रहेछ । त्यहाँको राजनीतिमा हेलिनु हुन्छ कि हुन्न भन्ने विषयमा मैले कुनै चाहना पाल्न पाइनँ । हामीजस्ता नौला विद्यार्थीका आँखा त्यहाँ दुईजना पुराना विद्यार्थीमा चढिहाल्थे । मार्शलजुलुम शाक्यलाई सबैले कांग्रेस भन्थे । नेविसंघ त्यतिबेलासम्म थिएन । मार्शलको पिठ्यूँ पछिल्तिर यस्तो कुरो हुन्थ्यो, "यो कहाँ पढ्न आएको हो र ? यो त राजनीति गर्न आएको !" अर्को हुनुहुन्थ्यो मुकुन्दबहादुर बस्नेत । हामी जिल्लाबासी थियौं र उहाँ भोजपुरे केटाकेटी कुलतमा लाग्लान् कि भनी विशेष चासो राख्नुहुन्थ्यो । उहाँचाहिँ त्यतिबेला कम्निस्ट हुनुहुन्थ्यो । उहाँ हामीलाई स्ववियु चुनावमा लाग्न विशेष प्रेरित गर्नुहुन्थ्यो । "कांग्रेस सांग्रेस हुने हैन, प्रगतिशील हुनुपर्छ" एकदिन मार्शलजुलुमको कुरा सुनिरहेको देखेपछि उहाँले मलाई भन्नुभएको थियो ।

म हेर्दाहेर्दै कलेजको प्रगतिशील खेमाको सदस्य भएँ, बुझ्दै नबुझी । यद्यपि बेलामौकामा हुने साहित्य गोष्ठीमा कविता पाठ गर्नु बाहेकको मेरो अर्को भूमिका त्यतिबेला बन्नसकेको थिएन । यसरी जनताप्रतिको निष्ठामा उभिन मलाई प्रेरणा दिने अर्को संस्था त्रिचन्द्र कलेज हो ।

साथीहरूले मन पराउने मेरा केही गुण थिए । म असाध्यै दौडधुप गर्न सक्थें । जहाँका पनि गोष्ठीहरूमा पुग्न सक्थें । नयाँ-नयाँ कुराहरू सिक्न जहिले पनि म अगाडि हुन्थें । राजनीति बुझेको भनेर होइन, मेरा यिनै गुणका कारण म भन्दा अगुवा विद्यार्थीहरूले मलाई सगरमाथा स्ववियुको काममा लगाए । स्ववियुको काममा लागेपछि अनेरास्ववियुको सम्मेलन विवाद, देउसी विवाद जस्ता सबै विवादमा सक्रिय सहभागिता जनाउन म सफल भएँ। राजनीतिमा हेलिन मलाई सघाउने अर्को संस्था सगरमाथा स्वतन्त्र विद्यार्थी युनियन पनि हो ।

मलाई कम्निस्ट बनाउने गुरू हुनुहुन्छ आदरणीय गोविन्द भट्ट । उहाँसँगको सान्निध्यलाई म सबैभन्दा बढी महत्वको ठान्दछु । उहाँको प्रेरणा, सहयोग र शिक्षाले मलाई कम्निस्ट बन्न ठूलो सहयोग गरेको छ । आफूप्रति कुनै माग राख्न नहुने असल कम्निस्ट बन्न सिकाएको छ । पछिल्तिर हेर्दा म प्रायः झसङ्ग हुन्छु- गोविन्द भट्टको निस्वार्थी र मायालु हात हुँदैनथ्यो भने म कम्निस्टै हुँदा पनि स्वार्थी, अल्छी र गफाडी कम्निस्ट हुन बेर लाउँदिनथें हुँला ।

०२६ सालको साउनमा त्रिचन्द्रका विद्यार्थीमाथि भएको नृशंस दमनले मलाई सरकार विरोधी बनायो । त्यतिबेला म कम्निस्ट भइसकेको थिइनँ, तर जाडोमा घर जाँदा म थाहै नपाई सरकारी आँखाको कम्निस्ट भइसकेको रहेछु । इन्स्पेक्टरसँग पुरानो चिनजान थियो । उनले जाने बित्तिकै मलाई सम्झाए, "तिमी यहाँ नबस । काठमाडौंतिरै फर्क ।" उनले किन भन्ने मेरो प्रश्नको उत्तर त दिएनन् । तर दाजुसँग उनले "बासुजी, भाइ त कम्निस्ट भएछन्" भनेर चुहाइसकेका रहेछन् ।

बिदाको बेलाको काठमाडौं साह्रै फुर्सदिलो हुन्थ्यो त्यतिबेला । म धेरै समय पारिजात र गोविन्द भट्टको डेरा एवम् नेपाल-चीन मैत्रीसंघ र नेपाल-भारत मैत्रीसंघका पुस्तकालयमा बिताउँथें । अघिल्ला दुई ठाउँमा राजनीतिक छलफल हुन्थे । मैत्रीसंघका पुस्तकालयमा म क्रान्तिकारी साहित्यको अध्ययन गर्थें । ओयाङहाइको गीत, बौलाहाको डायरी, यशपालको सिंहावलोकनले मलाई क्रान्तितिर तान्न थालेका थिए ।

मैले सबैभन्दा पहिले पढेको राजनीतिक पुस्तक "असल कम्निस्ट कसरी बन्ने" हो । त्यो किताब मलाई गोविन्द भट्टले दिनुभएको थियो र त्यही किताबको प्रभावले लिउशाओचीलाई मैले कहिल्यै गद्दार मान्न सकिनँ । कम्निस्ट हुन चाहने जोकोहीले पनि त्यो किताब एकपल्ट पढ्नुपर्छ भन्ने मलाई सधैं लागिरहन्छ ।

०२६ सालको जाडो टरिसकेको थियो । भोजपुरबाट कम्निस्ट भएका कारण काठमाडौं फर्काइएपछि म कलेजमा, भेलामा, साहित्य गोष्ठीमा, सबैतिर पार्टी खोज्न थालें । तर मैले भन्ने गरेको नेपाली कम्निस्टको पार्टी कतै थिएन । म मन मिलेका साथीहरूसँग कुरा गर्न थालें ।

त्यही खोजबीनमा मैले महेश भट्टराई भन्ने साथीलाई भेटें । उसले मलाई भन्यो, "यसरी खोजेर कम्निस्ट पार्टी पाइन्न । कम्निस्ट हुनु भनेको ठूलो त्याग-तपस्याको बाटो हो । जोकोही कम्निस्ट हुन सक्दैन ।"

महेशले जति तर्साए पनि मैले कम्निस्ट हुने अठोट गरिसकेको थिएँ र मलाई आफ्नो अठोटबाट कसैले हल्लाउन सक्दैनथ्यो । महेश र म घनिष्ट भयौं । त्यसमा थपियो- पुष्कर कुँवर । तीन भएपछि पाँच हुन हामीलाई गाह्रो परेन ।

कम्निस्ट पार्टीसँग भेट्टाउने जिम्मा महेशले लिएको थियो । ऊ हामीलाई किताबहरू किन्न प्रेरित गर्थ्यो । कम्निस्ट पार्टीको घोषणापत्र, कम्निस्ट किन हुने जस्ता किताबहरू महेशसँग संगत भएपछि नै मैले पढेको हुँ ।

१० महिनाको अथक परिश्रमपछि महेशले मलाई कम्निस्ट हुन लायक भएको घोषणा गऱ्यो । "कम्निस्ट सदस्यता लिनासाथ संगठित हुनुपर्छ ।" उसले आदेश दियो । मनमनै धेरै खुशी भएँ म । तर ह्वात्त सदस्य भइहाल्न मनले मानेन । जान्नु न तान्नु घँचेडी माग्नु भनेजस्तो होला कि भन्ने लाग्यो । मैले महेशसँग एकाध दिन समय मागें । मैले सबैभन्दा पहिले आफ्नो दाइ मञ्जुलसँग नयाँ प्रगतिको बारेमा कुरा गरें । उहाँले भन्नुभयो, "कम्निस्ट हुने कुरो रहरको होइन, अठोटको हो, बीचमा बाटो छोडेर नभाग्ने भए लाग्नू । यस्तो कुरो धेरै सरसल्लाह र हल्लामा गर्नुहुँदैन ।"

हल्ला नगरे पनि गोविन्द भट्टलाई संकेत त दिनै पर्छ भन्ने मलाई लाग्यो । उहाँलाई मैले सबै कुरो भनिन । मैले भने, "मेरो एउटा साथी छ महेश भट्टराई । उ मलाई कम्निस्ट पार्टीको सदस्य बन्नुपर्छ भन्छ ।"

उहाँले पनि झन्डै झन्डै मञ्जुलको जस्तै कुरा गर्नुभयो । सतर्कता उच्च हुनुपर्छ । यो काम सरसल्लाह होइन, आफ्नो अठोटको हो । तपाईं कम्निस्ट हुनु असल कुरा हो । अरूसँग यसरी छलफल नगर्नुहोला । कम्निस्टले धेरै पढ्नुपर्छ, जनतासँग नम्रताको व्यवहार गर्नुपर्छ, आफ्नो इमानलाई दीगो राख्नुपर्छ, कुनै लोभलालचमा फस्नुहुँदैन । बाटो अप्ठ्यारो छ तर हिंड्नै नसकिने भने होइन ।

०२७ सालको मंसिर महिनाको दोस्रो हप्तामा झोंछेको एउटा कोठामा महेशले मलाई कम्निस्ट पार्टीको सदस्यता दियो । तर केही बर्षमै महेश हरायो । मलाई प्रभावित पार्ने मुकुन्दबहादुर बस्नेतलाई कम्निस्ट पार्टीसँग विरक्ति जाग्यो । तर गोविन्द भट्टको सतिशाल व्यक्तित्वले सधैं मलाई झक्झक्याइरह्यो, "जनतासँग नम्रताको व्यवहार गर्नुपर्छ, आफ्नो इमानलाई दीगो राख्नुपर्छ, कुनै लोभलालचमा फँस्नुहुँदैन । बाटो अप्ठ्यारो छ, तर हिंड्नै नसकिने भने होइन ।"

म भन्दा अघिका कम्निस्ट नेताहरूको अकर्मण्यताका कारण मैले चार पटक पार्टीको सदस्यता लिनुपऱ्यो । दोस्रो पटक ०२८ सालमा कृष्णदासको समूहबाट म पार्टी सदस्य भएको थिएँ । तेस्रोपल्ट निर्मल लामाको मुखबाट म कम्निस्ट पार्टीको सदस्य भएको जानकारी पाएको थिएँ ३० सालको जाडोमा । घनेन्द्र बस्नेतले फेरि म कम्निस्ट पार्टीको सदस्य भएको जानकारी दिनुभयो ०३३ सालको साउनमा । गजबको थियो हामी सिकारू हुँदाको छितरिएको कम्निस्ट पार्टी । श्यामप्रसाद अरूलाई पार्टी नमान्ने, कृष्णदास श्यामप्रसाद समूहलाई पार्टी नमान्ने, न्युक्लियस कृष्णदास समूहको सदस्यतालाई सकार्न नमान्ने, झापाली केन्द्रले त नेपालका सबै समूहलाई गद्दार घोषणा गरेकै थियो ।

अब कहिल्यै यस्तो नहोस् ।

# राजाको निरंकुश आकांक्षा ओरालोतिर

## ' सूर्य थापा

**प्र**सिद्ध अमेरिकी साप्ताहिक 'टाइम' लाई दिएको अन्तर्वार्तामा राजाले आफूलाई राजनीतिक पार्टी र नेताहरूभन्दा जनप्रिय रहेको दावी गरेका थिए । २०६० माघ २५ गते नेपालगञ्जमा आयोजित अभिनन्दनसम्म पुग्दा राजाको निरंकुश आकांक्षा चरमचुलीमा पुगेको थियो । महेन्द्र रंगशालामा भएको अभिनन्दनलाई संबोधन गर्ने क्रममा राजाको भनाइ थियो-'अबका दिनहरूमा राजा देखिने, तर नसुनिने, जनताको दुःख हेर्ने, तर नबोल्ने र जनताले आँसु बगाउँदा पनि हेरेर बस्ने जस्तो अवस्था छैन ।'

राजनीतिक पार्टीहरूमाथि ठाडो दोषारोपण र आलोचना गर्दै शाही संबोधनमा भनिएको थियो-'नेपाली जनताको चाहनाअनुसार बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रादुर्भाव भएपछि जनता र देशको हितमा राजनीति अग्रसर नभएको जनगुनासो सुनिन्छ । विश्व इतिहासले उत्कृष्ट शासन व्यवस्था ठहऱ्याएको बहुदलीय व्यवस्थालाई नेपालमा असफल सिद्ध गर्ने दुष्प्रयासहरू, जनताको हितमा नबोल्ने तर सत्ताको हानथापमा व्यस्त भएर प्रजातन्त्रलाई नै कमजोर बनाउने, निमुखा जनतालाई आतंकित तुल्याउने, ठूलो दुःख गरेर बनाएका विकासका संरचनाहरू भत्काउने जस्ता देश र जनताविरोधी गतिविधिहरू अब बन्द हुनुपर्छ । राजनीतिकर्मीहरूलाई 'म' भन्न छाडेर 'हामी भन्न, 'दल' मात्र भन्न छाडेर 'जनता' भन्न देश र जनताको हितमा बहुदलीय प्रजातन्त्रलाई समर्पित तुल्याउन आज फेरि हामी आह्वान गर्दछौं ।'

२०६० फागुन १८ गते राजदरवार संवाद सचिवालयले जनताको मागअनुसार भनेर राजाबाट मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सुरक्षा र विकास योजना कार्यान्वयनको लागि दश बुँदे निर्देशन जारी गऱ्यो । त्यसले राजा हुकुमी शासन चलाउन उद्यत रहेको देखायो । माघ २२ देखि फागुन ९ गतेसम्म मध्यपश्चिमाञ्चलका सबै जिल्ला सदरमुकाम पुगेर फर्केका राजाको उक्त निर्देशनमा शान्तिसुरक्षा एवं आतंकबाट पीडितहरूको पुनर्स्थापना, विकास आयोजनाहरूको कार्यान्वयन, क्षेत्रीय सदरमुकाम र जडिबुटीसम्बन्धी मूल बुँदाहरू समेटिएका थिए । तर उल्लेखित निर्देशन ठोसरूपमा कार्यान्वयन नभई सस्तो आश्वासन सावित भयो । राजाले बोलेको कुरा व्यवहारमा लागू भएको कहीं कतै देखिएन ।

२०६० चैत १५ गते पोखरामा आयोजित राजाको अभिनन्दन माओवादीको नाकाबन्दी र आन्दोलनकारी दलहरूको बहिष्कारका कारण भव्य हुनसकेन । जसले राजाको अभिनन्दनमोह पनि भंग भएको जस्तो देखियो । पोखरामा राजाको संबोधनमा भनिएको थियो-'बिनासकारी आतंकवादको अन्त्य होओस् भन्ने जनचाहना पूरा गर्न संवैधानिक प्रक्रिया र प्रजातान्त्रिक आदर्शमा विश्वास गर्नेहरू देश र जनताको हितमा शान्ति, समझदारी र सिर्जनाको फराकिलो राजमार्गमा आउनेछन् भन्ने हाम्रो विश्वास छ। देशभक्तिलाई मिलनबिन्दु बनाएर, जनकल्याणलाई नै सर्वोपरी ठानेर अघि बढ्दा जुनसुकै उल्झन पनि सुल्झाउन सकिन्छ । आफ्नो चिन्तन र कार्यशैलीलाई प्रजातान्त्रिक मूल्य पद्दतिबाट निर्देशित तुल्याएर शान्तिसुरक्षा पुनर्स्थापित गरी आफ्नो प्यारो मातृभूमिलाई छिटो सम्पन्न र विकसित तुल्याउने प्रण गरौं ।'

संबोधनमा उल्लेख थियो-'आगामी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गरी शासनसत्ता जननिर्वाचित प्रतिनिधिहरूलाई सुम्पिने वातावरण तयार पार्न सम्बन्धित सबै पक्षलाई हामी आह्वान गर्दछौं ।

२०६० चैत १९ देखि प्रतिगमनविरूद्धको आन्दोलनले काठमाडौं केन्द्रित जनअवज्ञाको रूप लियो । दैनिक हजारौं आन्दोलनकारीले रत्नपार्कमा शान्तिपूर्ण धर्ना दिने काम गरे । आन्दोलनमा निरन्तर जनताको व्यापक सहभागिता बढेको देखेपछि सरकारले माओवादी घुसपैठ रहेको झुटो बहाना रचेर वैशाख २४ देखि चक्रपथभित्रको क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषणा गऱ्यो । लगातार २२ दिनसम्म दंगाग्रस्त क्षेत्रको व्यापक उल्लंघन र अवज्ञा गरी आन्दोलनकारीले सरकारलाई झुक्न बाध्य पारे । वैशाख १ गते राजा र दलबीच सहमति खोज्न भारतीय राजदूत श्यामशरणले कांग्रेस सभापति कोइरालालाई भेटी आग्रह गरे । वैशाख २ गते जनमोर्चाका केही नेताहरूलाई सार्वजनिक अपराधको मुद्दामा नजरबन्दमा राखेको पूर्जी थमाइयो । पछि एमाले र कांग्रेसका कार्यकर्ताहरूलाई पनि उक्त पूर्जी दिएर नजरबन्दमा राख्ने काम भयो । वैशाख ११ गते सरकारले दंगाग्रस्त क्षेत्र घटाएको घोषणा गर्नुपऱ्यो ।

राजाबाट आन्दोलनरत तीन दल नेकपा (एमाले), नेपाली कांग्रेस र नेमकिपाका प्रमुख नेतालाई 'दर्शनभेट'मा बोलाउन थालियो । तर राजालाई भेट्ने वातावरणको प्रश्नमा दलहरूबीच मतभेद उत्पन्न भयो । नेपाली कांग्रेसका सभापतिद्वारा दंगाग्रस्त क्षेत्र हटाउने र गिरफ्तार आन्दोलनकारीहरूलाई रिहा गर्ने काम भएको खण्डमा दर्शनभेटमा जानुपर्ने शर्त राखियो । नेकपा (एमाले) स्थायी समितिले राजासँग संवादको लागि सूर्यबहादुर थापाको सरकार खारेज हुनुपर्ने, दंगाग्रस्त क्षेत्र हटाउनुपर्ने, झुट्टा मुद्दा फिर्ता लिनुपर्ने, गिरफ्तार आन्दोलनकारीहरूलाई रिहाई गर्नुपर्ने र समस्या समाधानको निम्ति इमान्दारीका साथ संवादको सदुपयोग गर्न तयार हुनुपर्ने जस्ता शर्तहरू राख्यो । वैशाख २० गते ललितपुरमा आयोजित संयुक्त विरोधसभालाई संबोधन गर्दै सभापति कोइरालाले बताए-साथीहरूको कुरा सुन्दा अचम्म र दिक्क दुवै लागेको छ । राजासित ठोस एजेन्डाका साथ वार्ता गर्न किन डराउने ?

वैशाख २२ गते सरकारले अपरान्ह १२ बजे नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल र वामदेव गौतम तथा कांग्रेस सभापति र महामन्त्रीलाई पनि पक्रेर चारैजनालाई सशस्त्र प्रहरी बलको प्रधान कार्यालयमा बिनापूर्जी दिनभर नियन्त्रणमा लिएकोमा त्यसप्रति व्यापक विरोध र चर्को प्रतिक्रिया उत्पन्न भयो ।

नेपाल विकास मञ्चको बैठक शुरू हुनुअघि वैशाख २२ गते दशवटा प्रमुख दातृ संस्थाका प्रतिनिधिहरूले नेपालमा प्रजातन्त्र र मानवअधिकारको स्थितिमा सुधार हुनुपर्ने र त्यस्तो सुधार नै भावी सहयोगको आधार हुने कुरा सार्वजनिक गरे भने दक्षिण एशियाली मामलाका अमेरिकी नायव सहायक सचिव डोनाल्ड क्याम्पले वैशाख २४ गते राजा र दलहरूबीच तत्कालै समझदारी स्थापना गर्न र माओवादीलाई शान्तिवार्तामा ल्याउन सुझाव दिए ।

वैशाख २५ गते प्रधानमन्त्री सूर्यबहादुर थापा राजीनामा दिन बाध्य भए । राजीनामा दिनुअघि राष्ट्रको नाममा संबोधन गर्दै थापाले भने-'संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र मुलुकको बृहत्तर हितका लागि राष्ट्रिय सहमतिको मार्गप्रशस्त गर्ने उद्देश्यले मैले राजीनामा दिएको हुँ ।' यसप्रकार आन्दोलनको दवावका सामु राजाको स्वविवेकमा बनेको थापा सरकार टिक्न सकेन । वैशाख २७ गते कांग्रेस सभापति कोइरालाले आफू प्रधानमन्त्री बन्ने आशयका साथ एक अन्तर्वार्तामार्फत् भने-'परिस्थितिमा धेरै परिवर्तन आएको छ, त्यसकारण माधवजीले यसमा ध्यान दिनुहुनेछ । उहाँले प्रधानमन्त्री बन्ने कुरामा पुनर्विचार गर्नुहोला ।'

जेठ १ गते पोखरामा बोल्दै देउवाले बताए-'राजाले आफ्नो इज्जत बचाउन यताउती गर्न सक्छन् । तर सर्वसाधारणले बुझ्ने भाषामा असोज १८ को कदम नसच्याइकन प्रस्ताव आएमा म प्रधानमन्त्री हुन्न । म सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द बन्न चाहन्नँ ।' जेठ ३ गते नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवाले भने-'संविधानसभा दिन राज्य तयार नभएसम्म माओवादीसँग वार्ताको कुरा उठाउनु बेकार हो । मौलिक विषयहरूलाई आधार मान्दै राष्ट्रिय सहमतिका साथ संविधानसभा दिनुपर्ने बेला भइसक्यो ।' नेपाली कांग्रेस प्रजातान्त्रिक) जेठ ४ गतेदेखि प्रतिगमनविरूद्ध आन्दोलनमा उत्रियो ।

जेठ ४ गते राजाबाट गोकर्ण रिसोर्टमा ३ सय ५३ जनालाई सामुहिक दर्शनभेट दिई ३ सय ३० जनासँग परामर्श लिने काम भयो । त्यस अवसरमा हिमाल साउथ एसियाका सम्पादक कनकमणि दीक्षितले दलहरूसँगको तिक्तता र अविश्वास कम गर्नुपर्ने सुझाव दिंदा राजाबाट हुकुम भएको थियो-'मैले तिनै भ्रष्ट र कुशासन गर्नेहरूलाई दिने हो भने त आजै राति दिन्छु नि !' यस भनाइले राजामा दलहरूप्रति कति पूर्वाग्रह रहेछ भन्ने प्रष्ट भयो ।

जेठ ५ गते अमेरिकी विदेश मन्त्रालयले राजा र दलहरूबीच अविश्वास र द्वन्द्व कायम रहेकोले प्रजातान्त्रिक संरचनाहरू निकम्मा बन्दै गएको उल्लेख गर्दै प्रजातन्त्र पुनर्स्थापनाका लागि राजा र आन्दोलनरत दल एकै विन्दुमा उभिन तत्कालै संवाद शुरू गर्नुपर्ने कुरामा जोड दियो । जतिसुकै हठ देखाए पनि जेठ ६ गते राजनीतिक दलहरूसँग सामूहिकरूपमा भेटघाट र संवाद गर्न राजा तयार हुनुपऱ्यो । नागार्जुन दरवारमा पाँच पार्टीका प्रमुख नेताहरूको राजासँग सामूहिक संवाद भयो । उल्लेखनीय कुरा के भयो भने यसअघि राजाले कहिल्यै भेट्न नचाहेका नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का उपाध्यक्ष भरतविमल यादव पहिलोपटक राजासँगको संवादमा निम्त्याइए । तर नेताहरूले साझा सहमतिका एजेन्डा र दलहरूको सिफारिसमा प्रधानमन्त्रीको साझा उम्मेद्वार प्रस्तुत गर्न नसकी आ-आफ्ना डम्फू बजाएको हुनाले संवादहीनताको अवस्था तोड्न बाहेक नागार्जुन भेटघाट अर्थहीन भयो । राजाबाट जेठ ७ गते नेकपा (एमाले)का महासचिव र जेठ ८ गते कांग्रेस सभापतिसँग छुट्टाछुट्टै भेटघाट र संवाद पनि गरियो ।

आन्दोलन राजाको निरंकुश महत्वाकांक्षाविरूद्ध जुझारू ढंगले अघि बढ्यो । देशभरीका क्याम्पस, नवलपरासीको बेलहनी र हेटौंडाको चिसापानीमा नमूना जनमत संग्रह सम्पन्न गरियो, जहाँ करिब ९२ प्रतिशत मत गणतन्त्रको पक्षमा खसेको देखियो भने सक्रिय राजतन्त्रको पक्षमा बदर मत भन्दा पनि कम मत खस्यो । त्रिभुवन विश्वविद्यालयका २८ वटा विभागमा टाँगिएका राजा-रानीका तस्वीर झिकेर सचेत प्राज्ञिक समुदायले 'प्रतिगामी कूलपति' मान्दैनौं भन्दै जलाउने काम गरे । अमृत क्याम्पस, बाल्मीकि र विश्वभाषा क्याम्पसमा पनि 'प्रतिगामी कूलपति'को फोटो हटाउने र जलाउने काम भयो । बुटवल र वीरगञ्जमा राजा महेन्द्रको शालिक ढालियो भने विराटनगर लगायतका ठाउँमा महेन्द्र चोकको नाम 'आन्दोलन चोक'मा बदल्ने काम भयो । पोखरामा राजतन्त्रको उन्मूलनको आह्वान गर्दै पृथ्वीनारायण क्याम्पसका विद्यार्थीले हस्ताक्षर अभियान चलाए र डेढ लाख हस्ताक्षर संकलन गरी सिडिओ कार्यालयमार्फत् नारायणहिटी राजदरवारमा बुझाउन जाँदा प्रहरीले हस्तक्षेप गरी विद्यार्थीलाई घाइते पाऱ्यो र दर्जनौंलाई गिरफ्तार गऱ्यो ।

सरकारले आन्दोलन दबाउन जनपद र सशस्त्र प्रहरी, सेना, मण्डले र कुण्डलेहरूको मात्र प्रयोग गरेन, अपराधिक गिरोहहरूलाई भाडामा परिचालन गर्ने काम पनि गर्‍यो । आमहड्तालको विरूद्ध राजावादी समता पार्टीका अध्यक्ष नारायणसिंह पुनको नेतृत्वमा प्रतिगामी जत्थालाई सडकमा उतार्ने दुस्साहससमेत भयो । राष्ट्रिय एकता परिषद्, देशभक्त संघजस्ता दरबारद्वारा पालितपोषित संस्थाहरूलाई भौतिक हमलामै उतारियो । तर यस्ता कुनै पनि प्रयत्न काम लागेनन् ।

दरवार राजनीतिक दलहरूसँग सहमति र सहकार्य गर्ने पक्षमा नरहेको मात्र होइन, प्रधानमन्त्री पदको हैसियत र मर्यादा खत्तम पार्न पनि सक्रिय थियो । राजाले दरखास्त आह्वान गरेर प्रधानमन्त्री छान्ने खालको कुनै प्रावधान नेपाल अधिराज्यको संविधान-२०४७ मा छैन। तर जेठ १७ को राजदरवारको सूचनामा भनियो-'श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रधानमन्त्रीको पदबाट चढाउनुभएको राजीनामा स्वीकृत गरिबक्सेको अवस्थामा राजनीतिक दलका नेताहरू, पूर्व प्रधानमन्त्रीहरू र नागरिक समाजसँग संयुक्त तथा व्यक्तिगत परामर्श गरिबक्सेको सबैमा विदितै छ । नेपाल अधिराज्यको संविधान-२०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि सार्वभौमसत्तानिहीत नेपाली जनताको चाहना बमोजिम देशमा शान्तिसुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्न सबै पक्ष मिलाएर मन्त्रिपरिषद् गठन गर्नसक्ने स्वच्छ छवि भएको व्यक्तिको नाम २०६१ साल जेठ १८ गते १७ बजेभित्र जाहेर गर्न राजनीतिक दलहरूलाई आह्वान गरिबक्सेको छ ।' उक्त सूचनापश्चात् सुरू भयो-मध्ययुगीन शैलीमा दरवारको पश्चिम ढोकामा बिन्तीपत्र हाल्ने दौड । राजेश्वर देवकोटाजस्ता विद्वान व्यक्तिमात्र होइन, राइटर बाजे, लक्ष्मणसिंह खड्का, सूर्यबहादुर खडका 'बिखर्ची', बद्री मण्डल, गोरेबहादुर खपांगी, नारायणसिंह पुन, निक्षसमशेर राणालगायत रंगी-विरंगी ३४ जनाले पश्चिम ढोकामा दरखास्त हाल्न पुगे भने गुल्मीका हिमबहादुर बोहराले फ्याक्समार्फत् विन्तीपत्र चढाए । यसरी प्रधानमन्त्री पदको हुर्मत लिने काम भयो ।

आन्दोलनको प्रमुख घटक नेकपा (एमाले)ले दरबारको सूचनामा रहेका कमीकमजोरी र गलत पक्षको आलोचना गरी पाँच पार्टीको तर्फबाट प्रधानमन्त्रीको लागि साझा उम्मेद्वार तय गरी सार्वजनिक गर्नुपर्ने प्रस्ताव राख्यो । तर बडो षड्यन्त्रमूलक चलखेलका साथ निर्धारित समयभन्दा दुई घण्टा ढिलो बैठकस्थलमा उपस्थित पाँच पार्टीमध्ये अन्य चार पार्टीका प्रमुख नेताहरू प्रधानमन्त्रीको साझा नाम तय गर्न सहमत भएनन् । सैद्धान्तिक र नीतिगत असहमतिको आवरणमा उनीहरूले निर्धारित समयभित्र साझा नाम तय गरेर सार्वजनिक गर्न सकेनन् । यतिमात्र होइन, नेपाली कांग्रेसका सभापतिले पाँच पार्टीलाई आफ्नो जमिन्दारी जस्तो ठानेर बैठकमा सहमति र समझदारी बढाउनुभन्दा छलछाम र षड्यन्त्रको अखडा बनाउँदै अकर्मण्य र अनिर्णयको बन्दी बनाउने काम गर्नुभयो र निष्कर्षमा नपुगी र बैठक छाडेर हिंड्नुभयो । राजाको सामन्ती निरंकुशताका विरूद्ध प्रजातन्त्रको लागि लडाई लडिरहेका र जनआन्दोलनको नेतृत्व गरेको बताउने पाँच पार्टीको यस्तो हविगत देखिनु निश्चय नै आश्चर्यजनक कुरा थियो । यतिमात्र होइन, पाँच पार्टीको यो हविगत प्रजातान्त्रिक आन्दोलनका नेतृत्वकर्ता दावी गर्नेहरूको अयोग्यता र नालायकीको भद्दा प्रदर्शन थियो । दरबारबाट नाम मागिएको खण्डमा १ मिनेटमै निर्णय गरेर पठाउन सक्छौं भन्ने कतिपय नेताहरूको पूर्व धारणाको अकर्मण्य त्यस स्थितिले खिल्लीमात्र उडाएन, तिनको इमान्दारी र विश्वसनीयतामा गम्भीर प्रश्नचिन्ह खडा गरिदियो । त्यही अनिर्णयको अवस्था र अकर्मण्यताले एउटा उचाइमा पुग्न सफल भएको जनआन्दोलन विजयको शिखर चढ्न असफल भयो ।

पाँच पार्टीको अकर्मण्यताकै कारण राजाले असोज १८ मा बर्खास्त भएका शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने अवस्था सिर्जना भयो । अन्यथा आन्दोलनकारी दलको सिफारिसमा प्रधानमन्त्री नियुक्त हुने वा राजाको नियतको पुनः परीक्षा गर्न पाइने परिस्थिति विद्यमान थियो । राजाबाट पहिले 'श्री लोकेन्द्रबहादुर चन्द', 'राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता श्री सूर्यबहादुर थापा'लाई प्रधानमन्त्री नियुक्त गरेकोमा अहिले 'नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति श्री शेरबहादुर देउवा'लाई जेठ २० गते प्रधानमन्त्रीमा नियुक्त गरियो । त्यस नियुक्तिमा 'सार्वभौमसत्ता निहीत नेपाली जनताको चाहनाबमोजिम' भन्ने वाक्यांश थपेर राजा जनताको सार्वभौमसत्ता स्वीकार्न बाध्य भएको देखिएको छ ।

देउवाको पुनः नियुक्तिले राजा गलेको र राजाको निरंकुश आकांक्षा ओरालोतिर लागेको प्रष्ट भएको छ । तर प्रतिगमन पूर्णरूपमा पराजीत भएको छैन । कतिपय आशंका गर्ने अवस्था यथावत छन् । जस्तो कि भारतीय विदेशमन्त्री के. नटवरसिंहलाई दर्शनभेट दिंदा राजाबाट भारतीय प्रधानमन्त्री मनमोहन सिंह र कांग्रेस (आई)का अध्यक्ष सोनिया गान्धीलाई नेपाल भ्रमणको निम्तो बाँड्ने काम गरिएको छ। यसरी निम्तो बाँड्ने कुरा राष्ट्रप्रमुखको हैसियत र कूटनीतिक परम्पराविपरीत मात्र होइन, सार्वभौमसत्तानिहीत जनताको प्रधानमन्त्रीले गर्ने काममा ठाडो हस्तक्षेप पनि हो । पाँच पार्टीको आन्दोलन परस्पर अविश्वास र अकर्मण्यतामा फसेको स्थितिमा रत्नपार्ककेन्द्रित आन्दोलनको औचित्य सकिएको छ। अब सर्वदलीय सरकार र प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा आन्दोलन गरिरहनुको कुनै अर्थ छैन । नयाँ संविधान निर्माणको उचाइसम्म उठाएर माओवादी समस्या समाधान गरी मुलुकमा शान्ति बहाल गर्ने दिशामा उन्मुख गराउन नयाँ माग र नाराको पुनर्संयोजन गर्न नसक्ने हो भने आन्दोलनले जनताको परिवर्तनकारी आकांक्षालाई समेट्न नसक्ने निश्चित छ ।

# राजा आफ्नो भनाइमा टिक्लान् ?

दुनियाँ एक्काइसौं शताब्दीबाट अघि बढिरहँदा पनि सत्रौं शताब्दीको कालो युगमा रूमल्लिरहेका थोरै राष्ट्रमध्ये एक हो-भुटान । राजकीय संरचना र स्वरूप मात्र होइन, सामाजिक व्यवस्थासमेत अविकसित र पछौटे अवस्थामा रहेको भुटान दुनियाँका सामु अन्याय, अत्याचार र दमनको नमूना नै बनेको छ । खासगरी त्यहाँको सामन्ती राजतन्त्रले आफ्नो सिंहासन

हल्लिने त्रासले सचेत नागरिकलाई देशनिकाला गरेपछि उसको असली नियत विश्वका सामु उदाङ्गिएको हो । सन् १९९० देखि जब आफ्नै नागरिकबाट त्यहाँको निरंकुश र जहाँनिया राजतन्त्रले आफूलाई असुरक्षित ठान्यो, तब शुरू गर्‍यो-नेपालीभाषी नागरिकलाई देशबाट निकाल्न । भुटानको जनघाती कदमबाट पीडित एक लाखभन्दा बढी भुटानीहरू झण्डै डेढ दशकअघिदेखि नेपालमा शरणार्थीको रूपमा जीवन बिताउन विवश छन् ।

भुटानको राजतन्त्र दुनियाँका लामो इतिहास भएका र कुनै कालखण्डमा परिस्थितिवस भए पनि जनताका लागि लडेका राजतन्त्रको सूचिमा पर्दैन । त्यहाँको राजतन्त्रले अहिलेसम्म जम्मा चार पुस्ता गुजारेको छ । जबकि त्यहाँका नेपालीभाषी भुटानीहरूले त्यसको तुलनामा कैयौं धेरै पुस्ता बिताइसकेका छन् । कुनैबेला रछ्यानबाट टिपेर ल्याएको राजतन्त्रले कुनै दिन आफ्नै छातीमा यसरी छुरा रोप्ला भन्ने कल्पना शायद त्यतिबेला कसैले गरेको थिएन होला । तर सर्पलाई दूध खुवाएर पाल्यो भने पनि कुनै दिन डस्छ भन्ने यथार्थ यतिबेला एकलाख भन्दा बढी नेपालीभाषी भुटानी नागरिकको जीवनमा चरितार्थ भएको छ ।

कुनै पनि भाषा, जाति, धर्म, संस्कृति वा सम्प्रदायको आधारमा नागरिकलाई राज्यबिहीन बनाउनु हदैसम्मको अपराध हो । यस किसिमको अपराधले मानव सभ्यताको इतिहासमै धब्बा लाग्ने किसिमका ज्यादै भयानक युद्धहरू भएको तथ्य सबैका सामु छर्लङ्गै छ । कुनै नागरिक जब राज्यविहीन हुन्छ, तब त्यसको परिणाम के हुन्छ ? प्यालेष्टिनी जनतालाई हेरे हुन्छ । अकारण नागरिकलाई घरबारविहीन मात्र होइन, राज्यविहीन बनाउनेहरूलाई के जनताले सधैंभरि पूजा गरेर राख्छन् ? मक्किसकेको राजतन्त्रलाई बाहिरबाट लिपपोत गरेर कति दिन सुन्दर देखाउन सकिन्छ ? शायद भुटानी राजा जिग्मे सिग्मे वाङ्चुकले यो प्रश्नमाथि कहिल्यै ध्यान दिएका छैनन् ।

भारतको बाटो भएर नेपाल पसेका भुटानी शरणार्थीलाई स्वदेश फर्काउने सवालमा भारतले सधैं उदासिनता देखाउँदै आएको छ । भुटान र भारतबीचको सम्झौताअनुसार त्यहाँको सुरक्षा र वैदेशिक मामिला सिधै भारतले चाहेअनुसार सञ्चालन हुने स्पष्ट व्यवस्था गरिएको छ । यस अर्थमा भुटान नाममात्रको स्वतन्त्र राष्ट्र हो । तर भारतले जानाजान र नियतवस नै शरणार्थी समस्यालाई नजरअन्दाज गर्दै आएको छ । जबसम्म भारतले भुटानलाई पछाडिबाट उचालिरहन्छ, तबसम्म यो समस्याको समाधान सम्भव छैन भन्ने तथ्य घामजत्तिकै छर्लङ्ग छ ।

भुटान एक हिमाली अधिराज्य हो । समथर भूभागको अभाव रहेको भुटानको क्षेत्रफल ४६ हजार ५ सय वर्गकिलोमिटर छ । त्यसमध्येको खेतियोग्य जमिनमा पहिलेदेखि नै नेपालीभाषीहरू बस्दै आएका थिए । तिनीहरूलाई अनेक बहानामा लखेटेपछि अहिले त्यहाँ भुटानी राजाका नातेदार र उनका चाकडीबाजहरूको हालिमुहाली छ । २२ जिल्ला (जोंखा) मा विभाजित भुटानका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने नेपालीभाषी जनप्रतिनिधिहरू पनि बर्षौंदेखि शरणार्थी क्याम्पमा छन् । राष्ट्रिय भाषाको रूपमा जोङ्खालाई अनिवार्य गर्ने नाममा नेपालीभाषीको कन्तविजोग गराइएको हो ।

जब देशको राजनीति अधोगामी हन्छ, तब त्यहाँ भौतिक विकासको गति पनि मन्द हुन्छ । अहिलेसम्म सिङ्गो भुटानमा एउटामात्र विमानस्थल छ । २९ वटा अस्पतालमा १ सय ९ जना डाक्टर छन् । सवारी साधनको संख्याले ३ हजारलाई छुन सकेको छैन । १५ हजारभन्दा बढी लाइन टेलिफोन छैनन् । देशभरि भएका झण्डै ४ सय विद्यालयमध्ये राजाको कठपुतली सरकारले एक चौथाईलाई सैनिक ब्यारेकमा रूपान्तरण गरिसकेको छ । यसबाट नै स्पष्ट हुन्छ- जिग्मे सिग्मे वाङ्चुक भुटानी जनतालाई कस्तो भविष्य दिन चाहन्छन् ?

डेढ दशकसम्म पनि कुनै सकारात्मक पहल नभएपछि पूर्वी नेपालमा रहेका शरणार्थीका अगाडि एउटै प्रश्न उभिएको छ-अब के गर्ने ? आफ्नो देशको खोजीमा भौंतारिरहेका आम शरणार्थीहरू दिनरात यही पिरलोले रन्थनिरहेका छन् । मानवअधिकार तथा प्रजातन्त्रवादी नेता टेकनाथ रिजालले शरणार्थीहरूको समस्याको निकासका लागि यतिबेला विभिन्न संघ-संस्थाहरूलाई गुहारिरहनुभएको छ । शान्तिपूर्ण वा कूटनीतिक प्रयासबाट यो समस्याले कुनै निकास निस्कला भन्ने आशा क्रमश: मर्दै गएको छ । झन् द्विपक्षीय मामिलाको नाममा नेपाल र भुटानका शाही सरकारहरूलाई मात्र छाडिदिने हो भने त यो समस्याले कहिल्यै निकास पाउँदैन भन्ने कुरा ठोकुवा गरे पनि फरक पर्दैन । त्यसैले अब शरणार्थीहरूका अगाडि एउटै विकल्प बाँकी छ-संघर्ष । राजाको सिहांसन होइन, आफ्नो नागरिकता मागिरहेका भुटानीहरूलाई यदि सधैंभरि यस्तै अवस्थामा राखिरहने हो भने बाँच्नु र नबाँच्नुको भिन्नता नै के रहन्छ र ? त्यसैले अब राज्य खोज्न जाँदा उनीहरूले केवल स्वतन्त्रताको आवाज लिएर होइन, जीवनलाई नै हत्केलामा राखेर बन्दुक पनि बोक्नुपर्छ । भुटानी राजा जब बन्दुकले नै आफ्नो निरंकुश र अत्याचारी साम्राज्य कायम राख्न चाहन्छन् भने देश खोज्नका लागि हतियार उठाउनु जायजमात्र होइन, अनिवार्य र अत्यावश्यक हुन्छ । अब त्यही दिशामा अघि बढ्नुबाहेक उनीहरूसँगका सबै उपाय समाप्त हुँदै छन् ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय दवाव बढ्दै जाँदा भुटानी राजाले आफू संवैधानिक बन्ने धारणा सार्वजनिक गरेका छन् । भारतीय अखबार 'स्टेटस्म्यान'लाई दिएको अन्तर्वार्तामा उनले सो कुरा सार्वजनिक गरेपछि उनले भुटानी राजनीतिलाई नजिकबाट नियालिरहेकाहरुले अब त्यहाँ कुनै परिवर्तन हुन्छ कि भन्ने आशा गरेका छन् । तर कथनी र करनीबीच सधैं भिन्नता रहने राजतन्त्रको चरित्रका कारण उनको भनाइमाथि विश्वास गर्न सकिने आधार भेटिदैन ।

*- विष्णु रिजाल*

# स्टालिनले के भनेका थिए भारतीय कम्युनिष्टलाई ?

**' अग्निशिखा**

छपन्न वर्षअघि एक समय थियो, जतिखेर भारतको स्वतन्त्रतालाई 'झुठा आजादी' भन्दै कोलकाताका कम्युनिष्टहरूले सशस्त्र अभियान छेडेका थिए । त्यो अभियान बंगालभर समेत फैलिन सकेन र कोलकातामा नै सीमित रह्यो । दुई वर्ष बित्दा नबित्दै त्यो सशस्त्र अभियान सेलायो । त्यतिखेर भारतीय कम्युनिष्ट पार्टी अविभाजित थियो । सशस्त्र अभियान सेलाएपछि पार्टीका महासचिव अजय घोषको प्रतिनिधिमण्डल मस्कोमा पुगेको थियो । पार्टीको भावी कार्यनीतिका सन्दर्भमा स्टालिनसँग परामर्श गर्नु प्रतिनिधिमण्डलको उद्देश्य थियो ।

यस सन्दर्भमा एसियन एज (२२ मे, २००४) मा रञ्जित गुप्ता लेख्छन्-'कमरेड स्टालिनले भने-तपाईंहरूले यति राम्रो संविधान पाउनुभएको छ । तपाईंहरूको पार्टी पनि अब अवैधानिक छैन । तपाईंहरूले हिंसात्मक अभियान परित्याग गर्नुपर्छ र संवैधानिक प्रक्रियामार्फत् संसदीय निर्वाचनमा लाग्नुपर्छ । तपाईंहरू अब साम्यवादको सन्देश लिएर जनताको घर-घरमा, मत माग्ने क्रममा पुग्न सक्नुहुन्छ । र, तपाईंहरूले कमरेड लेनिनको संयुक्त मोर्चासम्बन्धी अवधारणालाई सम्झनुपर्छ ।'

स्टालिनको यो परामर्शपछि संसदीय राजनीतिलाई आत्मसात गरेका भारतीय कम्युनिष्ट पार्टीले सात वर्ष बित्दा नबित्दै केरलामा राज्य सरकार बनाउन पुगेको थियो । त्यसयता केरलामा पटक-पटक कम्युनिष्टहरू सरकारमा पुगेका छन् । पश्चिम बंगालमा तीन दशकदेखि सरकार चलाइरहेका छन् । र, त्रिपुरामा समेत तेस्रो पदावधिसम्म कम्युनिष्टहरू नै निरन्तर सरकारमा रहेका छन् । संसदीय राजनीतिमा कम्युनिष्ट पार्टीमध्ये अहम् भूमिका भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी)को रहिआएको छ । त्यसै पार्टीका शीर्षस्थ व्यक्तित्व सोमनाथ चटर्जी लोकसभाको अध्यक्ष पदमा सर्वसम्मतरूपमा निर्वाचित भएका छन् । भारतको संसदीय इतिहासमा यो गौरवशाली पदमा पुग्ने पहिलो कम्युनिष्ट चटर्जी नै हुन् ।

उक्त पार्टीका पोलिटब्यूरो सदस्य तथा विदेश विभाग प्रमुख सिताराम येचुरीका अनुसार हालै सम्पन्न संसदीय निर्वाचनमा तीन मुख्य उद्देश्यका साथ पार्टी उत्रेको थियो । ती उद्देश्य थिए-साम्प्रदायिक शक्ति (अर्थात्, भारतीय जनता पार्टी, शिवसेना, इत्यादि)लाई पराजित गर्नु; केन्द्रमा वैकल्पिक धर्म निरपेक्ष सरकार स्थापना गर्नु र संसदमा भा.क.पा. (मार्क्सवादी) तथा वामहरूको प्रतिनिधित्व बढाउनु ।' निर्वाचन परिणामबाट कम्युनिष्टहरूले यी तीनवटै उद्देश्य हासिल गरेका छन् । जसको मूल श्रेय उक्त पार्टीका महासचिव हरकिशन सिं सुरजीतलाई जान्छ ।

'त्यस ठाउँमा सैनिक तैनाथ गरिएका थिए । उनीहरू गोली ठोक्ने तयारी अवस्थामा थिए । त्यहाँ म एक्लो र केटौले नै देखेर होला, उनीहरूको मन कमलो भयो । त्यसताका पोहोर सालमात्र सहादत प्राप्त गर्नुभएका सहिद भगत सिंहजस्ता व्यक्तित्वहरूको उदाहरणबाट म अत्यधिक प्रभावित थिएँ । पछि, जब मलाई चार वर्षको जेल सजाय तोकियो, म अत्यन्त निराश भएँ र भनें-'चार वर्ष मात्र ?'

यो त्यतिखेरको कुरा हो, जतिखेर भारतमा ब्रिटिस शासन थियो । त्यतिखेर पञ्जावको जालन्धरमा घर भएका सुरजितको उमेर ६ वर्ष मात्र थियो । राष्ट्रिय मुक्ति आन्दोलनप्रति उनमा जोश र प्रतिबद्धता थियो । सुरजित- जसले सत्ताको बन्दुकलाई समेत चुनौती दिँदै होसियारपुरको डिपुटी कमिसनरको कार्यालयमा भारतीय झण्डा फहराउने हिम्मत गरेका थिए र ऐतिहासिक महत्त्वको घटनाको सूत्रपात गरेका थिए ।

आज, अठासी वर्षको यो उमेरमा पनि सुरजितले भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)को नेतृत्व सम्हालेका छन् । तब त, उनी चार पटकसम्म त्यस पार्टीको महासचिवमा निर्वाचित भएका छन् । तब त, उनी भारतीय राजनीतिको धुरी नै बनेका छन् । तब त, उनलाई राजनीतिक वृत्तमा आदरसाथ 'पापाजी' भनिन्छ-चाहे कम्युनिस्ट होऊन्, चाहे कांग्रेस या अन्य कोही । तब त, कोही उनलाई राजनीतिको 'ग्र्यान्ड मास्टर' भन्छन्, कोही 'किंगमेकर' ।

भारतीय जनता पार्टीको साम्प्रदायिक नीतिविरूद्ध सधैं जेहाद छेड्ने सुरजितले संसदीय निर्वाचन सुरू हुनुअघि नै भनेका थिए-'हामी जित्ने छौं । भाजपा पराजित भएको र मे २० सम्ममा धर्मनिरपेक्ष सरकार बहाल भएको तपाईंहरूले देख्नुहुनेछ ।' मत सर्वेक्षणमा भाजपा शिखरमा पुगिरहेको बेला, सायद धेरैलाई लागेको थियो- यो सुरजित साहेबको हवाइकल्पना हो । तर निर्वाचन परिणामले सुरजितकै भविष्यवाणीलाई सही सावित गर्‍यो ।

भाजपालाई सत्तामा पुग्न नदिने वा रहन नदिने र त्यसका लागि धर्मनिरपेक्ष शक्तिहरूको गठबन्धनका प्रणेता सुरजित नै हुन् । विकल्पको खोजीमा सधैं जुटिरहने सुरजितले नै ८ वर्षअघि जनता दलका नेता देवेगौडालाई र एक बर्षपछि आईके गुजराललाई प्रधानमन्त्रीको कुर्सीमा पुर्‍याएका थिए । र, ती सुरजित नै हुन्- जसले क्षेत्रीय पार्टीहरूसँग गठबन्धन गर्न सोनिया गान्धीलाई मनाएका थिए । जसले अन्ततः निर्वाचनमा सकारात्मक परिणाम भित्र्यायो । श्रेयका हकदार सुरजित नै भए ।

सुरजितको व्यक्तित्व नै यस्तो प्रभावशाली छ कि- सोनिया गान्धीदेखि मुलायमसिं यादव, लालुप्रसाद यादवदेखि रामविलास पासवान, शरद पवारदेखि करूणानिधि, विश्वनाथ प्रतापसिंदेखि देवेगौडासम्म उनकै वरिपरि झुम्मिन्छन् । एक-अर्कालाई देख्दा मुख फर्काउने र बाह्र हात पर रहने नेताहरूलाई गोलबन्द गर्नु, गठबन्धनमा सामेल गर्नु र भाजपाको गठबन्धनलाई पछार्नुमा सुरजितकै पौरख र करामत रहेको छ ।

वर्तमान 'संयुक्त प्रगतिशील गठनबन्धन (युपीए)' सरकारको गठनमा समेत सुरजितको अहम् भूमिका रहेको छ । सोनिया गान्धी प्रधानमन्त्री बन्ने कुरामा जब एउटा कोणबाट विवाद उठाइयो, सोनियाले आफू प्रधानमन्त्री नबन्ने जनाइन्- त्यस अनिश्चित क्षणमा समेत सुरजित नै अगाडि सरेका थिए । उनले गठबन्धनका विभिन्न नेताहरूलाई यो स्थितिमा एकताबद्ध रहन आग्रह गरेका थिए । सोनियाको विकल्पमा जुटेका थिए । र, उनी नै थिए- जसले जतिसक्दो छिटो डा. मनमोहन सिंहको नाम प्रधानमन्त्रीको रूपमा प्रस्ताव गर्ने सुझाव कांग्रेस पार्टी र सोनिया गान्धीलाई दिएका थिए ।

सुरजितको नेतृत्वमा रहेको भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)ले पनि सन्तोषजनक सफलता हासिल गरेको छ। लोकसभामा यो तेस्रो ठूलो दलको रूपमा रहन पुगेको छ। संसदीय निर्वाचनमा वाममोर्चाले पश्चिम बंगाल, केरला र त्रिपुरालाई बढारेको छ र यसभन्दाअघि कहिल्यै प्राप्त नगरेको सफलता अर्थात् साठी सिटमा विजय प्राप्त गरेको छ। पश्चिम बंगालमा मार्क्सवादी उम्मेदवार अनिल विश्वासले भारतभरमै सबैभन्दा बढी भण्डै ६ लाख मत अन्तरमा चुनाव जितेका छन्। कम्युनिस्ट भनेपछि कर्के आँखाले समेत देख्न नसक्ने ममता बनर्जीको तृणमूल पार्टीले भने एक सिटमात्र जितेको छ। पहिलेका नौ सिट गुमाएर एउटामात्र सिट जित्ने चाहिँ ममता नै भएकी छन्।

र, यसपटक पनि महत्त्वपूर्ण पदसहित केन्द्रीय सरकारमा पुग्ने टड्कारो अवसर कम्युनिस्टहरूलाई प्राप्त भएको थियो। तर, यस पटक पनि उनीहरूले यस कुरालाई लत्याए। स्मरणीय छ, सन् १९९१ को निर्वाचनको केही दिनअघि मात्र तत्कालीन प्रधानमन्त्री राजीव गान्धीले आफू वामपन्थीसँग मिलेर सरकार बनाउन तयार रहेको विचार व्यक्त गरेका थिए। तर, केही हप्तापछि उनको हत्या भयो। पाँच बर्षपछि मार्क्सवादीका वरिष्ठ नेता ज्योति बसु प्रधानमन्त्री बन्ने निश्चित थियो, तर पार्टीले अस्वीकार गर्‍यो। पार्टीको यो निर्णयलाई पछि गएर ज्योति बसुले 'ऐतिहासिक भूल' भने। तर आज पनि उनकै पार्टीका पोलिटब्यूरो सदस्य सीताराम येचुरी भन्छन्- 'त्यो ऐतिहासिक भूल थिएन, जनताले हामीलाई सरकारमा जाने स्पष्ट जनादेश दिएका थिए भन्ने मलाई लाग्दैन।'

अहिले पनि सरकारमा जानुपर्छ भन्नेहरूको तर्क थियो-'यसबाट सरकारको केन्द्रीय नीतिनिर्माणमा हस्तक्षेप गर्न सकिन्छ र अन्यत्र पार्टीको विस्तारमा सघाउ पुग्छ।' यसको विपक्षमा अघि सारिएको तर्क यस्तो थियो- 'जुन राज्यहरूमा कम्युनिस्टको बर्चस्व छ, त्यहाँ मुख्य प्रतिद्वन्द्वीको रूपमा कांग्रेस नै रहेको छ। यस स्थितिमा केन्द्रीय सरकारमा जानु प्रतिकूल हुनेछ। 'द एसियन एज' अखबारका अनुसार सुरजित र ज्योति बसु केन्द्रीय सरकारमा सहभागिताको पक्षमा थिए भने बुद्धदेव भट्टाचार्य, विमान बोस, अनिल विश्वास, प्रकाश कारत र सीताराम येचुरीलगायतका नेता सहभागिताको विपक्षमा थिए। अन्ततः मार्क्सवादी पार्टीले सरकारमा सामेल नहुने, बाहिर रहेरै समर्थन दिने निर्णय गर्‍यो। त्यस निर्णयलाई वाममोर्चाका अन्य घटकले पनि पछ्याए। अरूलाई सत्तामा पुर्‍याउने सुरजितले आफ्नो पार्टीलाई भने त्यहाँसम्म पुर्‍याउन सकेनन्।

'सोनिया प्रधानमन्त्री बन्नुमा मेरो कुनै आपत्ति छैन। उनी पूर्णरूपमा भारतीय नागरिक हुन्। उनले यहाँ रोमन साम्राज्य खडा गर्नसक्ने छैनन्। उनीहरू कसरी उनको विरोध गर्न सक्छन् ? संविधानको कुन धाराअन्तर्गत विरोध गर्न सक्छन् ? उनी एउटा प्रमुख राजनीतिक दलकी नेतृ हुन्। सरकारमा नेतृत्व गर्न कसलाई पठाउने भन्ने कुरा कांग्रेसको अधिकार हो।'

यो भनाइ भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का वरिष्ठ नेता ज्योति बसुको थियो। तर, सोनिया प्रधानमन्त्री बन्नुमा आपत्ति तिनलाई थियो-जो निर्वाचनमा पाहा पछारिएझैं पछारिएका थिए। राम मन्दिरको नाममा जनताको दिमाग भुट्दा पनि, मानौं आफू नै राम भएझैं ध्वजा-पताकासहित रथयात्रामा सवार भए पनि, चकाचौंध विकासे विज्ञापनको जतिसुकै प्रचार गरे पनि, जसलाई पराजयमात्र हात लागेको थियो।

फासिस्टहरूको चरित्र नै यही हो कि, उनीहरू धर्मको नाममा, ईश्वरको नाममा, राष्ट्रको नाममा र राष्ट्रवादको नाममा प्रजातान्त्रिक प्रणालीमाथि हस्तक्षेप गर्छन्, नागरिकहरूको अधिकारमाथि धावा बोल्छन्, जनादेशको मजाक उडाउँछन् र जनताको आवाजविरूद्ध साँढे जसरी डुक्रन्छन्। सुष्मा स्वराजले मुख पुक्क फुलाएर कपाल खौरने धम्की दिइन्, भारतीय संस्कृतिको राग अलाप्ने उनले लोग्ने जिउँदो छँदै सेतो धोती लगाउने घुर्कीसमेत लगाइन्। र, सधैं कुकुर डुलाउँदै हिँड्ने मध्यप्रदेशकी मुख्यमन्त्री उमा भारतीले पदबाटै राजीनामा दिइन्।

सर्कसका लागि पनि भारत विख्यात छ। त्यसैले राजनीतिमा पनि सर्कसका खेलाडीहरूको जमघट हुनु विस्मातको कुरा भएन। बाजपेयीले नेतृत्व गरेको एनडीएले सोनिया प्रधानमन्त्री भएमा शपथग्रहण समारोह बहिष्कार गर्ने धम्की दियो। कसैले कालो दिवस मनाउने कुरा गरे, कसैले राष्ट्रिय स्वाभिमान आन्दोलन छेड्ने चेतावनी दिए। जस्तो नाम त्यस्तै काम, दलाल स्ट्रिटमा सेयरबजारका दलालहरूले सेयरलाई स्वाट्टै झारे। नागरिक अधिकारमाथि यतिबिघ्न हस्तक्षेप हुँदासमेत कामचलाउ प्रधानमन्त्री वाजपेयी मूकदर्शक बने। प्रजातन्त्रको दुर्दशामा समेत उनी नामअनुसार नै अटल रहे।

सोनियाले आज प्रधानमन्त्री पद अस्वीकार गर्दा भारतीय जनता स्तब्ध भएका छन्। सोनिया जो भन्छिन्- 'प्रधानमन्त्रीको पद कहिल्यै मेरो लक्ष्य रहेन। म विनम्रतापूर्वक यो पद अस्वीकार गर्छु। यो मेरो अन्तरहृदयको आवाज हो। यो कठिन समयमा मेरो जिम्मेवारी भनेको भारतलाई सुदृढ तथा स्थिर धर्मनिरपेक्ष सरकार दिनु नै हो।'

संसदीय निर्वाचनपश्चात् भारतीय जनता पार्टीलाई उछिनेर पहिलो स्थान ओगट्न सफल इन्डियन नेसनल कांग्रेसकी अध्यक्ष सोनिया गान्धी जब प्रधानमन्त्री बन्ने स्थिति देखा परेको थियो, तब भाजपाका उपाध्यक्ष बाबुलाल मराण्डीले भनेका थिए- 'आज सायद महात्मा गान्धीको आत्मा रोइरहेको छ।' जबकि, पाकिस्तानका राजनीतिक टिप्पणीकार इस्लाम अन्सारीको भनाइ छ-'मेरो विचारमा यो कदम उठाएर सोनिया महात्मा गान्धीको हैसियतमा पुगेकी छन्। अब, पाँच वर्षपछिको निर्वाचनमा उनका छोरा राहुल गान्धीलाई प्रधानमन्त्री बन्नबाट कसैले रोक्न सक्ने छैन।' यसैगरी पाकिस्तानी राजनीतिशास्त्रका प्राध्यापक हमिद रफिकको टिप्पणी छ-'यसो गरेर सोनियाले मदर इन्डियाको हैसियत प्राप्त गरेकी छन् र उनले राजनीतिक प्रणालीलाई सुदृढ बनाएकी छन्। प्रजातन्त्रका लागि उनले जुन महान् काम गरिन्, यसका लाग भारतीय जनतासँगै विश्वले उनलाई महान सलामी दिनुपर्छ।'

आफ्ना मतदाता, आफ्ना सांसद र आफ्नो पार्टीको सिंगो केन्द्रीय नेतृत्वको अनुनय र चर्को दबाबका बाबजुद जुन रूपमा सोनिया आफ्नो निर्णयमा अडिग रहिन्, मुलुक भर्सेलामा परे परोस् भनेर प्रधानमन्त्रीको कुर्सीलाई अंगालो हालिनन्, जुन रूपमा

उनी डा. मनमोहन सिंहलाई प्रधानमन्त्री बनाउन लागिपरिन् र 'संयुक्त प्रगतिशील गठबन्धन' (युपीए) सरकारको सिलान्यासका लागि कम्युनिस्टहरूसँग हातेमालो गरिन्-राजनीतिमा हाम फालेको ६ वर्षमा नै उनले आफूलाई राजनेताको हैसियतमा पुऱ्याएकी छन् ।

*– मे, २००४*

# शुरु भयो जसको राजनीति खाद्य आन्दोलनबाट

**हो,** , दुनियाँको जुनसुकै कुनामा भए पनि कम्युनिष्टले हसिया-हथौडा अंकित झण्डामा धूलो लाग्न दिनुहुदैन । दुनियाँमा जति पनि कम्युनिष्ट छन्, तिनीहरूमध्ये एकले झण्डा उठाउँदा अर्काको शिर उँचो हुन्छ । विश्वको सर्वैभन्दा ठूलो प्रजातान्त्रिक देश भनिने भारतमा जब चौधौं लोकसभाको चुनावमा कम्युनिष्टहरूले अलिकति भए पनि झण्डा उचाले, तब बाँकी कम्युनिष्टहरू पनि त्यसबाट प्रेरित भएका छन् । लोकसभामा ४२ बाट ६२ स्थानमा उक्लिनुले भारतीय जनतामा उनीहरू क्रमशः भिज्दै गएको निश्कर्ष निकाल्न सकिन्छ । झन् उनीहरूको संलग्नतामा मात्रै धार्मिक अतिवादी भारतीय जनता पार्टीलाई सत्ताबाट बाहिर निकाल्न अवस्था सिर्जना हुनुले उनीहरूको महत्व राष्ट्रिय रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय रूपमा पनि बढेको छ । तर सत्ताधारी पार्टी भएर पनि मन्त्रिपरिषद्मा सहभागी नहुने उनीहरूको निर्णयको बारेमा भने विभिन्न टिकाटिप्पणीहरू उठेका छन् । आफूलाई राष्ट्रिय राजनीतिमा स्थापित गर्ने एउटा अवसरको रूपमा उनीहरूले सरकारलाई किन उपयोग गर्न सकेनन् ? उनीहरू सत्तासँग डराएका हुन् ? होइनन् भने सरकारमा जान नहुने उनीहरूमाथि के त्यस्तो बाध्यता आइपऱ्यो ? अहिले यी र यस्तै अनेक प्रश्नहरू उठेका छन् । तर पनि लामो छलफल र विचार विमर्शपछि भारतीय विधायिकाको नेतृत्व लिन भने कम्युनिष्ट पार्टी सहमत भएको छ ।

भारतको चौधौं लोकसभाको निर्वाचनले दक्षिणपन्थी भारतीय जनता पार्टीलाई नराम्ररी पराजित गरेपछि भारतीय राजनीतिमा धैरै फेरवदल आएको छ । नयाँ परिस्थितिले सत्तारूढ कांग्रेस (आई) लाई मात्र होइन, भारतीय कम्युनिष्टहरूलाई पनि महत्वपूर्ण जिम्मेवारी सुम्पेको छ । यसैक्रममा भारतीय लोकसभाको सभामुखको जिम्मेवारी मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता कमरेड सोमनाथ चटर्जीले पाउनुभएको छ । चौधौं लोकसभाको पहिलो अधिवेशनको प्रारम्भमै उहाँ सर्वसम्मतिले गत जुन ४ (जेठ २२) मा सभामुख निर्वाचित हुनुभएको हो । भारतको संसदीय इतिहासमा विधायिकाको सभामुख हुने चटर्जी पहिलो कम्युनिष्ट नेता हुनुहुन्छ ।

चाहे सदनमा होस् वा सडकमा, जताततै निरन्तर जनताको पक्षमा आवाज वुलन्द गरिरहनु एक कम्युनिष्टको पहिलो र अनिवार्य दायित्व हुन्छ । यो दायित्वको निर्वाह कमरेड चटर्जीले साढे तीन दशकदेखि सदनभित्र गर्दै आउनुभएको छ । भारतीय श्रमजीवी जनताको हित नहुने प्रस्ताव जब संसदमा आउँथ्यो, त्यसको विरोध गर्ने चटर्जी नै पहिलो सांसद हुनुहुन्थ्यो । संख्याको हिसावले उहाँको पार्टीको संसदमा निर्णायक भूमिका रहदैनथ्यो । तर जुनसुकै महत्वपूर्ण विषय सदनमा प्रवेश गर्दा त्यसमाथिको चटर्जीको राय प्रतिक्षित हुन्थ्यो । त्यही भएर नै सदनमा धेरै महत्व राख्ने विशेषाधिकार, रेल्वे, सञ्चारजस्ता समितिको प्रमुखको जिम्मेवारी उहाँले पटकपटक निर्वाह गरिसक्नुभएको छ ।

७५ बर्षीय चटर्जी मार्क्सवादी कम्युनिष्ट पार्टीका पोलिट्ब्युरो सदस्य हुनुहुन्छ । लोकसभाका ज्यादै प्रभावकारी र चर्चित सदस्यहरूको सूचीमा उहाँको नाम अग्रपंक्तिमा आउँछ । प्रखर वक्ता, हास्यवोध र तीखो टिप्पणीका कारण चटर्जी सधैं लोकसभाको आकर्षणको रूपमा रहिआउनुभएको छ । पश्चिम वंगालको वोलपुर संसदीय क्षेत्रबाट लगातार १० पटक निर्वाचन जितेर भारतीय राजनीतिमा उहाँले कीर्तिमान नै कायम गर्नुभएको छ । संसदीय निर्वाचनमा १९८४ मा भारतभरि कांग्रेसको लहर चलिरहेको बेला जादवपुरबाट कांग्रेसकी ममता वनर्जीसँग एकपटक मात्र उहाँले चुनाव हार्नुभएको थियो ।

चटर्जीको जन्म सन् १९२९ को जुलाई २५ मा असमको तेजपुरमा भएको हो । उहाँको परिवार राजनीतिक रूपले सचेत भए पनि पृष्ठभूमि भने कम्युनिष्ट होइन । उहाँकाँ पिता एन. सी. चटर्जी भारतीय महासभाको अध्यक्ष हुनुभएको थियो । सन् १९६६ मा पश्चिम वंगालमा भएको खाद्य आन्दोलनबाट चटर्जीले राजनीतिमा पाइला हाल्नुभएको हो । त्यसको दुई बर्षपछि मात्रै उहाँ कम्युनिष्ट पार्टीमा आबद्ध हुनुभएको हो । त्यसको तीन बर्षपछि सन् १९७१ बाट त उहाँको निर्वाचन जित्ने श्रृंखला नै शुरू भइहाल्यो । चटर्जीले वेलायतको क्याम्ब्रिज विश्वविद्यालयबाट स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्नुभएको छ ।

भारतीय लोकसभामा उहाँको नाम सभामुखका लागि सत्तारूढ संयुक्त प्रगतिशील गठबन्धन (युपीए) का नेता सोनिया गान्धीले प्रस्ताव गर्नुभएको थियो भने त्यसको समर्थन कांग्रेस (आई) का वरिष्ठ नेताा प्रणव मुखर्जीले गर्नुभएको थियो । दोश्रो प्रस्ताव भारतीय जनता पार्टीका संसदीय दलका नेता अटलविहारी वाजपेयीले गर्नुभएको थियो भने त्यसको समर्थन अर्का नेता लालकृष्ण अड्वाणीले गर्नुभएको थियो ।

सभामुख निर्वाचित हुनेवित्तिकै चटर्जीले सदनलाई सम्वोधन गर्दै आफ्नो मर्यादा र गरिमा बढाउन सांसदहरूलाई आग्रह गर्नुभएको छ । उहाँको कथन छ -'जनताको नजरमा हामी (सांसद) हरू मर्यादित हुन सकेका छैनौं । आफ्नो छवि सुधार्नु हाम्रो कर्तव्य हो । त्यसमा हामीले ध्यान दिनुपर्छ ।'

एक कम्युनिष्टले इमान्दारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न सक्यो भने ऊ सबैको नेता हुनसक्छ भन्ने कुरा सोमनाथ चटर्जीले सावित गरेर देखाइदिनुभएको छ । पद आफैंमा खराव होइन भन्ने कुरा त कम्युनिष्टहरूले उहाँको जीवनबाटै सिके हुँदैन र ? पदमा जाँदैमा जात त जाँदोहेछ त कमरेड ?

**' विष्णु रिजाल**

# इराक : चौरासी वर्षमा के भयो ?

| | |
|---|---|
| **१९२०, २५ अप्रिल** | : इराकलाई ब्रिटिश म्याण्डेट अन्तर्गत राखियो । |
| **१९२१, २३ अगष्ट** | : मक्काका शरिफ हुसेन बिन अलीका छोरा फैजलको इराकको पहिलो राजाको रूपमा राज्यारोहण । |
| १९२४ | : मार्क्सवादी अध्ययन समूह (जमाती)को स्थापना । |
| **१९३२, ३ अक्टोबर** | : स्वतन्त्र राष्ट्रको रूपमा इराकको उदय । |
| १९३४ | : इराकी कम्युनिष्ट पार्टीको स्थापना । |
| १९४४ | : इराकी कम्युनिष्ट पार्टीको पहिलो सम्मेलन । |
| १९४५ | : इराकी कम्युनिष्ट पार्टीद्वारा केन्द्रीय कमिटीको चयन । |
| १९४७ | : अर्बात गाउँमा कम्युनिष्ट पार्टीद्वारा पहिलो किसान विद्रोह । |
| १९४७ | : कम्युनिष्ट पार्टीका महासचिव युसुफ सलमान युसुफ (फाहद) गिरफ्तार/आजीवन कैदको संजाय । |
| **१९४८, जनवरी** | : इराकी भूमिमा ब्रिटिश सैनिक अखडा राख्ने लगायतका प्रावधानसहित मुलुकको सम्प्रभुता मिच्ने पोर्टस्माउथ सन्धिमा ब्रिटिश र इराकी सरकारको हस्ताक्षरविरूद्ध राष्ट्रव्यापीरूपमा अल-वाथवाह (छलाङ्ग) विद्रोह छेडियो । प्रधानमन्त्री मुलुकबाटै पलायन । |
| १९४८ | : महासचिव फाहद तथा पोलिटब्यूरो सदस्यद्वय जाकी वसिम र अल शाबिबीलाई मृत्युदण्डको संजाय सुनाइयो, फांसी दिइयो । |
| १९५८ | : कम्युनिष्ट पार्टीद्वारा राजतन्त्रविरूद्ध व्यापक जनसंघर्ष (इन्तिफादा) सञ्चालन । राजतन्त्र कमजोर भयो । |
| **१९५८, १४ जुलाई** | : बिग्रेडियर अब्द-अल-करिम कासिम तथा कर्णेल अब्द-अल सलाम मुहम्मद आरिफद्वारा नेतृत्व गरिएको सैनिक विप्लवद्वारा राजतन्त्र फ्याँकियो । इराकलाई गणतन्त्र घोषणा गरियो र कासिम प्रधानमन्त्री भए । |
| **१९६३, ८ फेब्रुअरी** | : अरब सोसलिष्ट वाथ पार्टीद्वारा नेतृत्व गरिएको विप्लवमा कासिम मारिए । आरिफ राष्ट्रपति भए । तीन दिन भित्रैमा पाँचहजार कम्युनिष्ट तथा समर्थकको हत्या । कम्युनिष्ट पार्टीका प्रथम महासचिव हुसेन अर-रादीलाई चार दिनसम्म यातना दिएर मारियो । |
| **१९६३, १८ नोभेम्बर** | : आरिफलगायत सैनिक अधिकृतको एक समूहद्वारा वाथ सरकार सत्ताच्यूत । |
| **१९६६, १७ अप्रिल** | : १३ अप्रिलमा हेलिकप्टर दुर्घटनामा आरिफ मारिएपछि उनका जेठा दाजु मेजर जनरल अब्द-अल-रहमान राष्ट्रपति पदमा आसिन । |
| **१९६८, १७ जुलाई** | : बाथवादीहरूले नेतृत्व गरेको विप्लवद्वारा आरिफ अपदस्थ । जनरल अहमद हसन अल बक्र राष्ट्रपति भए । |
| **१९७०, ११ मार्च** | : रिभोल्युसन कमाण्ड काउन्सिल र कुर्दिस्तान डेमोक्रेटिक पार्टीका नेता मुल्ला मुस्ताफा वर्जानीद्वारा शान्ति सम्झौतामा हस्ताक्षर । |
| १९७२ | : प्रगतिशील तथा देशभक्तहरूको मोर्चा गठनको लागि कम्युनिष्ट पार्टीसँग वाथ पार्टी सम्झौतामा पुग्यो । दुईजना कम्युनिष्टलाई मन्त्री बनाइयो । |
| १९७२ | : मैत्री तथा सहयोग सम्बन्धी पन्ध्र वर्षे सम्झौतामा इराक र सोभियत संघद्वारा हस्ताक्षर । |

१९७२ : इराक पेट्रोलियम कम्पनीको राष्ट्रियकरण ।

१९७४ : १९७० को सम्झौता लागू गर्ने क्रममा इराकद्वारा कुर्दहरूलाई सीमित स्वायत्तता प्रदान । तर, कुर्दिस्तान डेमोक्रेटिक पार्टीद्वारा अस्वीकार ।

**१९७५, मार्च** : अल्जियर्समा भएको तेल निर्यातक राष्ट्रहरूको संगठन (ओपेक) को बैठकमा आफ्नो सीमा विवादलाई समाप्त गर्दै इराक र इरानद्वारा सन्धिमा हस्ताक्षर ।

१९७७ : वाथ पार्टीले मोर्चाबाट सम्पूर्ण कम्युनिष्ट प्रतिनिधिलाई निकाल्यो ।

**१९७९, १६ जुलाई** : राष्ट्रपति अल-बक्रद्वारा राजीनामा । उक्त पदमा उप राष्ट्रपति सद्दाम हुसेनको वहाली ।

**१९८०, १ अप्रिल** : बगदादस्थित मुस्तानसिरियाह विश्वविद्यालयमा उपप्रधानमन्त्री तारिक अजिज माथि भएको आक्रमणमा आफ्नो जिम्मेवारी रहेको इरान पक्षधर दावा पार्टीद्वारा स्वीकार ।

**१९८०, ४ सेप्टेम्बर** : इराकी सीमाका शहरहरूमा इरानद्वारा गोलाबारी । इराकको भनाइमा यो कारवाही नै इरान-इराक युद्धको प्रारम्भ थियो ।

१९८०, १७ सेप्टेम्बर : इरानसँग १९७५ मा भएको सन्धि इराकद्वारा रद्द ।

१९८०, २२ सेप्टेम्बर : इराकद्वारा इरानी हवाई अखडाहरूमा आक्रमण ।

१९८०, २३ सेप्टेम्बर : इराकको सैनिक तथा आर्थिक ठिकानाहरूमा इरानद्वारा बम वर्षा ।

१९८१, ७ जुन : बगदाद नजिक तुवेथामा रहेको इराकी आणविक अनुसन्धान केन्द्रमा इजरायलद्वारा आक्रमण ।

१९८८, १६ मार्च : कुर्दिश शहर हलाब्जामा इराकले रसायनिक हतियार प्रयोग गरेको आरोप ।

१९८८,२० अगष्ट : इरान-इराकबीच युद्धविराम । संयुक्त राष्ट्रसंघीय इरान-इराक मिल्ट्री अब्जर्भर गुप (UNIIMOG) द्वारा अनुगमन ।

**१९९०, १५ मार्च** : इरानमा जन्मिएका लण्डन अब्जर्भर अखवारका पत्रकार फर्जाद बाजोफ्ट विरूद्ध इराकको सैनिक ठिकानाको गुप्तचरी गरेको अभियोग । यही अभियोगमा बगदादमा उनलाई झुण्ड्याइयो ।

**१९९०, २ अगष्ट** : इराकद्वारा कुवेतमाथि आक्रमण । संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा प्रस्ताव नं. ६६० पारित गर्दै यसको भर्त्सना र पूर्ण वापसीको माग ।

**१९९०, ६ अगष्ट** : सुरक्षा परिषद्को पारित प्रस्ताव नं. ६६१ द्वारा इराकमाथि आर्थिक प्रतिबन्ध लगाइयो ।

**१९९०, ८ अगष्ट** : इराकमा कुवेत विलय भएको इराकद्वारा घोषणा ।

**१९९१, १६-१७ जनवरी** : बहुराष्ट्रिय सेनाद्वारा इराकमा बमबर्षा । अपरेशन डेजर्ट स्टर्मसँगै खाडी युद्ध प्रारम्भ ।

**१९९१, १३ फेब्रुअरी** : अमेरिकी लडाकु विमानद्वारा अल अमेरियाको बंकरमा आक्रमण । सुरक्षाको लागि त्यहाँ रहेका ३०० भन्दा बढी इराकी जनता हताहत ।

**१९९१, २४ फेब्रुअरी** : बहुराष्ट्रिय सेनाद्वारा स्थल अभियान प्रारम्भ ।

**१९९१, २७ फेब्रुअरी** : इराकको आधिपत्यबाट कुवेत मुक्त ।

**१९९१, ३ मार्च** : युद्धविरामका शर्त इराकद्वारा स्वीकार ।

**१९९१, मध्य मार्च -अप्रिलको शुरूवात** : इराकको दक्षिण तथा उत्तरमा भएको विद्रोहको इराकी सेनाद्वारा दमन ।

**१९९२, २६ अगष्ट** : इराकी हवाई उडानमा प्रतिबन्ध लगाउँदै दक्षिणी इराकमा 'नो फ्लाई जोन' घोषणा गरियो ।

**१९९३, अप्रिल** : कुवेतमा अमेरिकी राष्ट्रपति जर्ज बुश (सिनियर)को हत्याको प्रयास ।

**१९९३, २७ जुन** : यसैको बदलास्वरूप अमेरिकी सेनाद्वारा इराकी खुफियाको हेडक्वार्टर्समा क्रुज मिसाइलद्वारा आक्रमण ।

**१९९३, २९ मे** : सद्दाम हुसेन प्रधानमन्त्री भए ।

**१९९४,१० नोभेम्बर** : इराकको संसदद्वारा कुवेतको सीमा र स्वतन्त्रतालाई मान्यता प्रदान ।

**१९९५, अगष्ट** : सद्दाम हुसेनका ज्वाईं जनरल हुसेन कमिल हसन अल-मजिद, उनका भाइ र परिवार इराकबाट पलायन, जोर्डानमा उनीहरूलाई शरण दिइयो ।

**१९९५, १५ अक्टोबर** : अर्को सात वर्षका लागि राष्ट्रपति पदमा रहन गरिएको जनमत संग्रहमा सद्दाम हुसेन विजयी ।

**१९९६, २० फेब्रुअरी** : माफी दिइने सद्दाम हुसेनको वचन पश्चात् हुसेन कमिल र उनका भाइ इराकमा फर्किए ।

**१९९६, २३ फेब्रुअरी** : हुसेन कमिल र उनका भाइ मारिए ।

**१९९६, ३ सेप्टेम्बर** : अमेरिकाद्वारा 'नो फ्लाई जोन'को घेरा बगदादको दक्षिणसम्म पुर्‍याइयो ।

**१९९६, १२ डिसेम्बर** : बगदादमा हत्याको प्रयास हुँदा सद्दामका जेठा छोरा उदय गम्भीर घाइते ।

**१९९८, ३१ अक्टोबर** : आमविनाशकारी हतियार नष्ट गर्ने काममा खटेको संयुक्त राष्ट्रसंघीय विशेष टोली (UNSCOM) लाई इराकद्वारा आइन्दा सहयोग नगर्ने घोषणा । टोलीमा सीआइएका एजेन्ट रहेको इराकको आरोप ।

१९९८, १६-१९ **डिसेम्बर** : बगदादबाट संयुक्त राष्ट्रसंघका कर्मचारीलाई हटाएपछि अमेरिका र ब्रिटेनद्वारा 'अपरेशन डेजर्ट फक्स' शुरू। इराकको रसायनिक तथा जैविक हतियारको कार्यक्रमलाई नष्ट गर्न भनेर व्यापक वमवर्षाको अभियान प्रारम्भ।

१९९९, १९ **फेब्रुअरी** : शिया समुदायका धार्मिक नेता सइद मुहम्मद सादिक अल-सद्रको नजाफमा हत्या।

१९९९, १७ **डिसेम्बर** : संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को पारित प्रस्ताव नं. १२८४ द्वारा UNSCOM को स्थानमा UNMOVIC (संयुक्त राष्ट्रसंघीय अनुगमन, प्रमाणिकरण तथा निरीक्षण टोली) गठन। इराकद्वारा प्रस्ताव अस्वीकार।

२००१, **फेब्रुअरी** : इराकको हवाई प्रतिरक्षा प्रणालीलाई कमजोर पार्न अमेरिका र ब्रिटेनद्वारा बमबारी। यो कारवाहीमा अन्तर्राष्ट्रिय समर्थन न्यून।

२००१ , **मे** : सत्तारूढ वाथ पार्टीको नेतृत्वमा उदय निर्वाचित।

२००२, **सेप्टेम्बर** : अमेरिकी राष्ट्रपति बुशद्वारा संयुक्त राष्ट्रसंघको महासभाको बैठकमा इराकको बढ्दो खतराको सामना गर्न वा त्यसविरूद्ध हुने अमेरिकी कारवाहीमा चुपचाप रहन विश्वका नेताहरूलाई चुनौति। यसै महिना, इराकको सैनिक सामर्थ्य वारेको विवरण ब्रिटिश प्रधानमन्त्री टोनी ब्लेयरद्वारा सार्वजनिक।

२००२, **नोभेम्बर** : संयुक्त राष्ट्रसंघीय हतियार निरीक्षण टोलीको इराकमा पुनः आगमन।

२००३, **मार्च** : हतियार निरीक्षण टोलीका प्रमुख ह्यान्स ब्लिक्सद्वारा दिइएको रिपोर्टमा निरीक्षण कार्यमा इराकले बढ्दो सहयोग गरेको जनाउँदै इराकको प्रतिबद्धताको परीक्षण गर्न निरीक्षकहरूलाई बढी समयको आवश्यकता भएको उल्लेख।

२००३, १७ **मार्च** : संयुक्त राष्ट्र संघका लागि ब्रिटिश दूतद्वारा इराकको सवालमा कुटनीतिक प्रक्रिया समाप्त भएको जनाउ। इराकबाट हतियार निरीक्षकहरूलाई हटाइयो। इराक छोड्न वा युद्धको सामना गर्न अमेरिकी राष्ट्रपति बुशद्वारा सद्दाम हुसेन र उनका छोराहरूलाई ४८ घण्टाको समय प्रदान।

२००३, २० **मार्च** : बगदादमा अमेरिकी मिसाइल प्रहार। यससँगै अमेरिकाको नेतृत्वमा सद्दामलाई सत्ताच्यूत गर्ने अभियान प्रारम्भ।

२००३, ९ **अप्रिल** : अमेरिकी सेना केन्द्रीय वगदादतर्फ अघि बढ्यो। सद्दाम शासनको पतन।

२००३, **अप्रिल** : पूर्व उपप्रधानमन्त्री तारिक अजिजलाई हिरासतमा लिइयो।

२००३, **मे** : इराकमा अमेरिकी नेतृत्वको प्रशासनलाई समर्थन गर्ने प्रस्ताव संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्द्वारा स्वीकृत। इराकमाथि लगाइएको आर्थिक प्रतिबन्ध फुकाइयो। अमेरिकी प्रशासकद्वारा वाथ पार्टी र पूर्व शासनका संस्थाहरूलाई खारेज गरियो।

२००३, **जुलाई** : इन्टेरिम गभर्निङ्ग काउन्सिलको पहिलो बैठक सम्पन्न। सद्दामका छोराहरू उदय र कुसे तथा नाती मुस्तफा अमेरिकी सेनासँगको भीडन्तमा मोसुलमा मारिए।

२००३, **अगष्ट** : गुरिल्ला युद्धमा तीव्रता। बगदादस्थित संयुक्त राष्ट्रसंघको हेडक्वार्टरमा भएको बम विष्फोटमा संयुक्त राष्ट्रसंघीय प्रमुख दूत सर्जियो डे मेल्लो लगायत २२ जनाको मृत्यु।

२००३, **अक्टोबर** : इराकको सम्बन्धमा अमेरिकाको संशोधित प्रस्ताव संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्द्वारा अनुमोदित। आधिपत्यकारी प्रशासनलाई वैधता प्रदान।

२००३, १४ **डिसेम्बर** : सद्दाम हुसेन पक्राउ परेको घोषणा।

◆

# मदनको सम्झनामा

**- कृष्ण नेउपाने -**

ठोट्ने गाउँ सुरम्य प्राकृत छटा देखेर डाँफेहरू।
नाच्छन् नित्य तमोर बग्छ कलकल फ्याँक्दै नयाँ छालहरू॥
मेचीको उही तापलेजुङ जहाँ उत्तुङ्ग भूस्वर्ग छ।
तिम्रो जन्म त्यहीँ भयो तिमी बन्यौ नेता महान मानव॥१॥

सल्लाघारी, गुफा, पोखरी, भीर या झर्ना र खोल्सीहरू।
लालूपाती, गुराँस बोट वनले नेपालको आवरू॥
राख्दैछन् सबको प्रशासन हुने हो, केन्द्र चैं फुङलिङ।

हाम्रो भेट भयो किशोर वयमै सम्झन्छु मेदीबुङ ॥२॥

पढ्ने बालसुबोधिनी स्कूल थियो, खेल्थ्यौं भलिबल वियो ।
आतसबाजी र बाघचाल सबमा जितबाजी तिम्रै थियो ॥
तिम्रो तर्क मिठासमा गुरूहरू आल्हादमा नाच्तथे ।
आशा राखी भविष्यको वनकुसुम भन्दै सबै हाँस्तथे ॥३॥

एङ्गेल्स, लेनिन, मार्क्स आदि युगमा सिद्धान्तका सर्जक ।
निष्ठावान स्वकर्मका गरीबका, मजदुरका रक्षक ।
झुप्राका तिमी ओत र रश्मि जगतका अन्यायका शत्रु हौ ।
नेता आश्रित मात्रलाई सबकन छाडेर कहाँ गयौ ? ॥४॥

बिहानीपख सूर्य साँझ पछिको शोभा शशीकौमुदी ।
रून्छन् नि शीत झारी बारीबीचमा वैराग्य जाग्दैछ कि ? ॥
दासढुङ्गैतिर कोयली विरसिलो खोल्दैछ स्वर एकली
बग्दो यो त्रिशुली सुसाउँछ पीडा बोकेर आँशु पिई ॥५॥

के को आज विभत्स देशभरमा हत्या र हिंसा बढ्यो ।
माओवादी र राज्यशक्ति दुईको संग्राम माथि चढ्यो ॥
कोदाली र कुटो, हलो अनि खकन बोक्नेहरू मर्दछन्
कसको लागि लडाईं यो नबुझिने बुझ्ने चुपै बस्तछन् ॥६॥

आशामा मन पन्पिएर जनता उर्लेर भो छालझैं ।
आस्था केन्द्र बन्यौ जुटे समयका योद्धाहरू ढाल भई ॥
कालो बादल थ्यो हट्यो गगनको पञ्चायती शासन ।
आयो सौम्य स्वतन्त्रता र बहुदल खुल्ला बन्यो आसन ॥७॥

किन्तु क्रुर कठोर काल, कलिको गुर्धुम्म आई बस्यो
साथीको रूपमा थियो त्रिशुलीमा हालेर आफू बच्यो ॥
ज्योत्स्ना हौ तिमी हे मदन ! युगपुरूष बग्दै गयौ रे सुनें ।
मुट्ठी माथि उठाई आत्मबलले जित्दै गयौ नै बुझें ॥८॥

व्याख्याता तिमी हे मदन ! समयका जो नीति मार्क्सको थियो
तिम्रो सोच बहुदलीय जनवाद, राजनीति दर्शन बन्यो ।
उठ्लान् कि अब झोपडी घर बनी हाँस्लान् कि ढाक्रेहरू ।
आशामा जनता थिए, अब मऱ्यो आशा कि, खै के भनूँ ॥९॥

हेर्दैछौ कि कतै विचार गर्दै नेपाल कस्तो बन्यो ।
तिम्रो त्यो जनवादको सही दिशा क्वै हिंड्छ कि भत्कियो ॥
तिम्रा बान्धव भाइ पत्नीहरूले गोडमेल क्यै गर्दछन् ? ।
आफ्ना साथी जुटे, फुटे कि गिर्दै माथि उठ्यौ भन्दछन् ॥१०॥

भन्थ्यौ नि बिचरा गरीब तनका छोरा पुलिस बन्दछन्
आफ्नो वर्ग चिनौं र दुश्मन हरौं सामन्तले हेप्तछन् ॥
साँच्चै के अब वर्गभित्र झगडा बन्दा नहोला सुख ?।
स्वप्नामा तिमी आई साथीहरूमा सद्बुद्धि देऊ अब ॥११॥

पहाडी वनशैलबाट झर्ने झर्नाहरू बोल्दछन् ।
कावा खाई गगन चुमेर उड्ने हुच्चीलले भन्दछन् ॥

माक माक् घुर्, गरी ती कपोत दुईले सन्देश यो छोड्छन् ।
ज्यादै शान्ति रहोस्, सुशान्ति सबमा खै बन्दुके टेर्दछन् ? ॥१२॥

बन्दैछन् बिधवा स्त्री हेर टुहुरा लाला र बालाहरू ।
खानै छैन हरे उदरको देख्दैन कोही अरू ॥
नेता हे तिमी लौ पुनर्जन्म भई आएर माया गर ।
डुब्नै लागिसक्यो जहाज अब लौ आऊ छ तिम्रै भर ॥१३॥

# कुर्कुच्चाको इतिहास

**- विवश वस्ती -**

अब परिनेछ माटोमुनि
तिम्रो कुर्कुच्चाको इतिहास ।

नरम हातहरूले स्पर्श गर्नेछ अब सहजै
ऊज्यालाका चमरहरूलाई,
चौबीसैघण्टा
खेतका आलीहरूबाट निस्कने पुराना माटाको गन्धले
छर्नेछ अब युग-चेतना
हुनेछ सूर्योदय बिना सन्देह
उब्जनेछ जलतरङ्ग बिना लय
र, फेरिने छ छिटोछिटो समयको क्यालेन्डर ।

अब पुरिनेछ माटोमुनि
तिम्रो कुर्कुच्चाको इतिहास ।

आँधलीले आफ्नो लय फेर्नेछ
स्वप्नवाटिकामा फुलेका नौरङ्गी फूलहरूले
लेख्नेछन् नयाँ-नयाँ सौन्दर्यका काव्य-हरफहरू
बिर्सिएका लोक-भाकाहरू
बैरिनेछन् तीब्र गतिमा/तीब्र ढुकढुकीमा
र, खुसियालीमा गाउनेछन् प्रत्येकले
'तारे भीरमा बाबियो लसरी... लसरी ...।'
कोरिने छन् समयको शिलालेखमा
नयाँ उद्घोषहरू

विश्वास गर,
अब पुरिनेछ माटोमुनि
तिम्रो कुर्कुच्चाको इतिहास

*२०६१-२-८*
***भीमसेन गोला, काठमाडौं***

# नेपाल विकास मंचको बैठक: एक विश्लेषण

**' डा. गोविन्दबहादुर थापा**

**परिचय**

नेपाल विकास मंचको १४औं बैठक विवाद र विषम परिस्थितिबीच हालै काठमाडौंमा सम्पन्न भएको छ । नेपाललाई बैदेशिक सहयोग उपलब्ध गराउने मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बित्तीय संघ-संस्थाहरू र नेपाल सरकारबीच नेपालले

तयार गरेको विकास रणनीति र कार्यक्रम तथा त्यसका लागि आवश्यक हुने बैदेशिक सहायताको सम्बन्धमा दुई पक्षबीच छलफल हुने मंचलाई नेपाल विकास मंच भन्ने गरिएको छ । नेपालमा आयोजना गरिएको विकास मंचको यो दोस्रो बैठक थियो । यसअघि फेब्रुअरी, २००२ मा पनि यो मंचको बैठक नेपालमा नै भएको थियो । त्यसअघिको पहिलो र छैटौं बैठक क्रमशः सन् १९७६ र १९८६ मा जापानमा भएको थियो भने पछिल्ला दुई बैठकहरूबाहेक बाँकी दशवटा बैठकहरू फ्रान्सको राजधानी पेरिसमा भएका थिए । यस्तो बैठक सामान्यतया प्रत्येक दुई-दुई बर्षमा हुने गर्दछ । पहिले यस्तो बैठकलाई नेपाल सहायता समूहको बैठक भनिन्थ्यो । पछि त्यसको नाम परिवर्तन गरी नेपाल विकास मंचको बैठक भन्ने गरियो ।

यस्ता बैठकमा नेपालले आउँदा बर्षहरूमा अपनाउने समष्टिगत तथा क्षेत्रगत विकास रणनीति, विकास आयोजना तथा कार्यक्रमहरूको प्याकेज र त्यस्को कार्यान्वयनको निमित्त आवश्यक हुने कुल बित्तीय साधन र त्यसमध्ये बैदेशिक स्रोतबाट पूर्ति गर्नुपर्ने अंशको बारेमा प्रस्ताव प्रस्तुत गर्दछ । यस्तो प्रस्तावको सँगसँगै बैठकमा उपस्थित दातृ समुदायसंग उक्त बैदेशिक सहायता रासी उपलब्ध गराउन अनुरोधसमेत गरिन्छ । सरकारले प्रस्तुत गरेका नीति, कार्यक्रम तथा अघिल्लो बैठकमा सरकारले कबुल गरेका प्रतिबद्धताहरूको कार्यान्वयनमा दातृ समदाय सन्तुष्ट भएमा मात्र माग गरिएबमोजिमको सहायता उपलब्ध गराउन दातृ समुदायले प्रतिबद्धता व्यक्त गर्दछ ।

यस्तो बैठक नेपाल र विश्व बैंकको स्थानीय प्रतिनिधि कार्यालयको अग्रसरतामा आयोजना गरिन्छ । दातृ समुदायको समन्वय विश्व बैंकले गर्दछ भने नेपालको तर्फबाट अर्थ मन्त्रालयले समन्वय गर्दछ । यो मन्चको औपचारिक बैठक हुनुभन्दा अगाडि पूर्वतयारी वा परामर्श बैठकहरू बस्ने गर्दछन् । यसपटकका यस्ता परामर्श बैठकहरू मार्च ३१ देखि अप्रिल १५, २००४ सम्म काठमाडौंमा बसेका थिए । परामर्श बैठकमा विभिन्न राजनीतिक दलहरू, निजी क्षेत्र, नागरिक समाज र सरकारका विभिन्न निकायका प्रतिनिधिहरूलाई संलग्न गराउने परम्परा छ । परामर्श बैठकमा औपचारिक बैठकमा प्रस्तुत गरिने समष्टिगत तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरूका सम्बन्धमा तयार गरिएका नीतिगत कार्यपत्रका मस्यौदाहरू छलफल र सुझावका लागि प्रस्तुत गरिन्छ । ती परामर्श बैठकबाट प्राप्त सुझावहरूलाई समायोजन गरी प्रस्तुत कार्यपत्रहरूलाई अन्तिम रूप दिइन्छ । यस पटकका परामर्श बैठकहरू काठमाडौंका पाँच तारे होटलहरू होटल ह्यात, होटल सोल्टी र होटल र्‍याडिशनमा बसेका थिए भने औपचारिक बैठक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बानेश्वरमा आयोजना गरिएको थियो । सम्भवतः यी परामर्श र औपचारिक बैठकहरू आयोजना गर्न पनि बैदेशिक सहायता लिइएको थियो ।

यी बैठकहरूमा गरिबी न्यूनीकरण, बित्तीय क्षेत्र सुधार, व्यापार तथा बाणिज्य, द्वन्द्व र विकास, शासन व्यवस्था सुधार र भ्रष्टाचार नियन्त्रण, निजी क्षेत्रको विकास र निजीकरण, विकेन्द्रीकरण तथा सरकारप्रदत्त सेवाहरूको स्थिति, ग्रामीण पूर्वाधार विकास, पिउने पानी तथा ढल निकास, सहस्राब्दी विकास लक्ष, कृषि तथा सिंचाइ, जलस्रोत, सामाजिक परिचालन, शिक्षा, स्वास्थ्य, मानवअधिकारको स्थिति र दातृसमुदायको संयोजन र समन्वय गरी जम्मा १७ वटा क्षेत्रगत र विषयगत कार्यपत्रका मस्यौदाहरू प्रस्तुत गरिएका थिए । यसपटकको नेपाल विकास मंचको औपचारिक बैठकमा नेपाललाई सहयोग गर्दै आएका २० मित्रराष्ट्रहरू तथा ६ वटा अन्तर्राष्ट्रिय संघ-संस्था तथा संयुक्त राष्ट्रसंघसँग सम्बद्ध संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए ।

यस मंचको यस चौधौं बैठकमा नेपाल सरकारले आफूले तयार गरेको गरिबी न्यूनीकरण रणनीतिपत्रको कार्यान्वयनको निमित्त दातृ समुदायसँग बार्षिक ५६ करोड अमेरिकी डलर ( रू. ४१ अर्ब ४४ करोड) लाग्ने अनुमान पेश गरेको थियो । तर सो बैठकमा सहभागी दातृ समुदायले उपरोक्त गरिबी न्यूनीकरण रणनीतिपत्र कार्यान्वयन गर्न प्रथमतः स्थानीय तथा राष्ट्रियस्तरमा प्रजातान्त्रिक प्रक्रियाको पुनर्बहाली, राजनीतिक स्थिरता र शान्तिसुरक्षाको बहाली तथा मानवअधिकारको रक्षा तथा प्रबर्धन हुनु जरूरी भएको कुरामा जोड दिई सहायता दिने सम्बन्धमा कुनै प्रतिबद्धता व्यक्त गरेनन् । साथै दातृ समुदायले वर्तमानको द्वन्द्वको स्थितिलाई वार्ताको माध्यमबाट तत्काल समाधान गर्नुपर्ने कुरामा पनि विशेष जोड दिएका थिए । यी कुराहरू सो बैठकपछि जारी गरिएको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**बैदेशिक सहायताका शर्तहरू**

केही बर्षअघिदेखि विशेषगरी आई.एम.एफ., विश्व बैंक तथा एशियाली विकास बैंक आदि जस्ता बहुपक्षीय दातृसंस्थाहरूले कुनै पनि मुलुकलाई ऋण उपलब्ध गराउँदा आर्थिक उदारीकरणसँग सम्बन्धित समष्टिगत तथा क्षेत्रगत विभिन्न किसिमका शर्तहरू राख्ने गर्दै आएका छन् । त्यसैले यी संस्थाहरूबाट ऋण प्राप्त गर्न यिनले राख्ने त्यस्ता शर्तहरू स्वीकार गरी तिनको कार्यान्वयनसमेत गर्नुपर्ने हुन्छ । तिनले राख्ने शर्तहरू स्वीकार नगरेमा वा स्वीकार गरेर पनि कार्यान्वयन नगरेमा ऋण पाइँदैन । १९८० को दशकको उत्तरार्धदेखि विश्वमा आर्थिक उदारीकरणको अभियान सुरू भएदेखि यस्ता बहुपक्षीय संस्थाहरूबाट ऋण लिन शर्तहरू स्वीकार गर्नुपर्ने कुरा एउटा परम्परा नै बसेको छ । नेपाल जस्ता बैदेशिक ऋणमा निर्भर विकासशील मुलुकहरूले बहुपक्षीय दातृसंस्थाहरूको यो मनशाय प्रष्टसँग बुझेका छन् । त्यसैले यी मुलुकहरूले ती संस्थाहरूबाट माग गरिएबमोजिम ऋण प्राप्त गर्न यस्ता बैठकहरूमा दातृसंस्थाहरू सन्तुष्ट हुनेगरी उदारीकरणका प्रस्तावहरू राख्ने गर्दछन् । नेपाल सहायता समूह/विकास मंचका विगत बैठकहरूदेखि नेपालले पनि त्यसैगरी ऋण लिंदै आएको छ । सन् २००२ मा पेरिसमा सम्पन्न यस मंचको बाह्रौं बैठकमा नेपालले दातृ समुदायलाई खुशी पार्न राखेको प्रस्तावअनुसार नै नेपालका सरकारी क्षेत्रका दुई ठूला बाणिज्य बैंकहरू विदेशी कम्पनीलाई व्यवस्थापन करारमा दिइएको हो ।

त्यसैगरी नेपाल राष्ट्र बैंकको पुनर्संरचना गर्ने, एन.आई.डी.सी. र कृषि विकास बैंकको सुधार गर्ने, दशौं योजनालाई गरिबी न्यूनीकरण रणनीतिपत्रमा रूपान्तरण गरी त्यसलाई स्वीकृति दिन र त्यसको कार्यान्वयनको निमित्त आवश्यक हुने ऋण प्रदान

गर्न विश्व बैंक र आई.एम.एफ.मा पठाउने, कृषि मल र सिंचाइको लागि स्यालो ट्युबवेलमा दिई आएको अनुदान खारेज गर्ने, सरकारी संस्थानहरूलाई तीव्रतापूर्वक निजीकरण गर्ने, सरकारी प्राथमिक विद्यालय तथा प्राथमिक स्वास्थ्य चौकीहरू समुदायमा हस्तान्तरण गर्ने, दूरसंचार संस्थानलाई कम्पनीमा परिणत गर्ने, विद्युत प्राधिकरणलाई विभाजित गरी विद्युत वितरण गर्ने कार्य स्थानीय निकाय वा अन्य संघ-संस्था वा गैरसरकारी संस्थाहरूमार्फत् गराउने, विद्युत, टेलिफोन र पिउने पानीको महसुल बढाउने, खाद्यान्न न्यून दुर्गम जिल्लाहरूमा खाद्य संस्थानले स्थापना गरेका खाद्यडिपोहरू बन्द गर्ने, मध्यकालीन खर्च प्रणाली तयार गरी कार्यान्वयन गर्ने, उदारीकरणको तत्कालीन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, मूल्य अभिबृद्धि कर लागु गर्ने, आर्थिक उदारीकरणलाई अझ अगाडि बढाउन पुराना नेपाल राष्ट्र बैंक ऐन, आयकर ऐन आदि ऐनहरू खारेज गरी तिनका ठाउँमा नयाँ ऐनहरू तर्जुमा गरी लागु गर्ने, बैंकहरूले संचालन गर्दै आएको प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम खारेज गर्ने, बाणिज्य बैंकहरूले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरबीचको अन्तर ५ प्रतिशत भन्दा बढी हुन नहुने भनी नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन खारेज गर्ने, आदि कार्यहरू नेपालको सरकारले यस अवधिमा जो गरेको छ ती सबै ती संस्थाहरूबाट ऋण लिनको निमित्त ती संस्थाहरूले राखेका शर्तहरू पूरा गर्ने क्रममा गरिएका कार्यहरू हुन् ।

यसले के कुरा प्रष्ट पार्दछ भने नेपालले सरकारको तर्फबाट विगतदेखि जनतालाई उपलब्ध गराउँदै आएका सीमित राहत र सुविधाहरू पनि बैदेशिक सहायता लिनकै लागि एकपछि अर्को गरी खारेज गर्दै आएको छ । बैदेशिक सहायता प्राप्त गर्नकै लागि नेपालले आर्थिक नीति र कार्यक्रमको तर्जुमा, विकास आयोजनाहरूको छनौट तथा कार्यान्वयन प्रक्रिया, ऐन, कानुन र नीति नियमहरूको तर्जुमामा रहनुपर्ने मुलुकको सार्वभौम अधिकार त्याग्दै आएको छ । जबकि त्यसरी लिइने बैदेशिक सहायताबाट मुलुकको अर्थतन्त्र र आम जनताको आर्थिक अवस्थाको सुधारमा पुगेको योगदानमा सन्तोष लिन सकिने ठाउँ छैन । लामो अवधिको र न्यून ब्याजदरको हुने भएकोले दातृ संस्थाहरूले पनि त्यस्तो ऋण दिन आफ्ना अनुकूलका शर्तहरू राख्ने र ऋणी मुलुकहरूले पनि जस्तोसुकै शर्त स्वीकार गरेर भए पनि त्यस्तो ऋण लिने गर्दछन् । तर यस्तो ऋणको ठूलो हिस्सा परामर्श र अन्य प्रयोजनमा दाताहरूतर्फ नै फर्केर जाने गर्दछ । बाँकी रहेको ऋण रकमको उपयोगमा पनि ब्यापक लापरबाही हुने गर्दछ । नेपालमा भ्रष्टाचार र कमिसनखोरीलाई व्यापक पार्ने काममा यस्ता ऋणहरू पनि कम जिम्मेवार छैनन् । यस्ता ऋणहरू ४० बर्षसम्मको अवधिका हुने भएकोले ऋण लिने पुस्ताले तिर्नु नपर्ने हुँदा पनि यस्तो ऋण लिंदा र उपयोग गर्दा बढी लापरबाही हुने गरेको छ । यसले गर्दा हाल नेपालले तिर्न बाँकी बैदेशिक ऋण रासी रू २ खर्ब ३० अर्ब पुगिसकेको छ । जुन नेपालको कुल गार्हस्थ उत्पादनको आधाभन्दा बढी हुन्छ । र, त्यो ऋणको साँवा, ब्याज भुक्तानीको निमित्त प्रत्येक बर्ष ७/८ अर्ब रूपैयाँ खर्च हुने गरेको छ । वि.सं. २०५९ सालमा पहिलो पटक बैदेशिक सहायता नीति तर्जुमा गरिएतापनि बैदेशिक सहायता लिने र खर्च गर्ने कुरामा पुरानै प्रवृत्ति र शैली कायम छन्, त्यसमा कुनै सुधार आएको छैन । तर यसको अर्थ बैदेशिक सहायता नै चाहिंदैन र त्यसको निमित्त कुनै शर्त पनि स्वीकार गर्नुहुँदैन भन्ने होइन । विकासको गति तीव्र पार्नको निमित्त बैदेशिक सहायताको महत्वलाई इन्कार गर्न सकिंदैन । त्यसैले भन्न खोजिएको केमात्र हो भने बैदेशिक सहायता मुलुकले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरूमा मात्र उपयोग गरिनु पर्दछ । परामर्शदाताको रूपमा पनि उपलब्ध भएसम्म देशभित्रकै विशेषज्ञहरूको उपयोग गरिनुपर्दछ । र, त्यस्तो सहायताको विल्कुलै दुरूपयोग हुन दिनुहुँदैन । त्यसैगरी बैदेशिक सहायताको निमित्त देशको हितमा रहेका र मुलुकको सार्वभौमिकता कुण्ठित नहुने खालका बाहेक अरू कुनै पनि शर्त स्वीकार गरिनु हुँदैन ।

**चौधौं बैठकको पृष्ठभूमि र परिणाम**

यो बर्ष नेपाल विकास मंचको बैठक आयोजना गर्नुपर्ने बर्ष भएतापनि मुलुकको अत्यन्त कठिन र बिषम परिस्थितिको कारणले यो बर्ष यो बैठक नबोलाई पछि सार्नुपर्दछ भन्ने व्यापक आवाज उठेको थियो । मुलुक स्थानीय तहदेखि राष्ट्रिय तहसम्म जनप्रतिनिधिविहीन रहेको अवस्थामा यस्ता बैठकहरूमा जनताको आवाज प्रतिध्वनित हुन नसक्ने, सरकारले तर्जुमा गर्ने बार्षिक बजेटमा जनताका आवश्यकताहरू प्रतिबिम्बित हुन नसक्ने, त्यसरी तर्जुमा हुने बजेटमा साधन परिचालन र खर्च विनियोजनका प्रस्तावहरूमा संसदमा बहस र छलफल हुन नपाउने र सरकारले गर्ने खर्चको महालेखा परीक्षकबाट हुने लेखा परीक्षणको प्रतिवेदन सार्वजनिक नभइरहेको अवस्थामा सार्वजनिक साधनको ब्यापक दुरूपयोग हुनसक्ने सम्भावना हुन्छ । साथै माओवादी आतंकको कारणले प्रमुख शहरी क्षेत्र बाहिर सरकारले समेत कुनै निर्माण र विकासका कार्यहरू संचालन गर्न नसकिरहेको, निर्माण सामग्री, सरकारी कर्मचारी तथा ठेकेदारहरू शहरी क्षेत्र बाहिर जान र लैजान नसकिएको, अधिकांश गा.वि.स.भवनहरू ध्वस्त गरिएको, गा.वि.स.सचिवहरू जिउ जोगाउन जिल्ला सदरमुकाममा नै रहने गरेको, माओवादी आतंक ब्यापक हुँदै गएको, मानवअधिकारको ब्यापक हनन् भइरहेको, पाँच राजनीतिक दलहरूले प्रतिगमनविरूद्ध आन्दोलन गरिरहेका, कुनै पनि बेला सरकार परिवर्तन हुनसक्ने स्थिति रहेको र कुनै पनि बेला मुलुकमा ठूलो राजनीतिक उथलपुथल हुनसक्ने अवस्था रहेको कारणले यस्तो असामान्य अवस्थामा यस्तो महत्वपूर्ण बैठक आयोजना गरिनु हुँदैन भन्ने आवाज व्यापकरूपमा उठेको थियो । यही स्थितिलाई मध्यनजर गर्दै आन्दोलनरत पाँचै राजनीतिक दलहरूले यो बैठकमा भाग नलिने निर्णय गरे ।

साथै यस्तो अवस्थामा बैदेशिक सहायता प्राप्त गर्न माथि उल्लेख गरिएझैं जनताप्रति जवाफदेही नरहेको सरकारले स्वीकार गर्ने शर्तहरूप्रति मुलुक जिम्मेवार हुन नसक्ने भएकोले यो बैठक मुलुकमा जनप्रतिनिधिमूलक सरकार स्थापित भई राजनीतिक स्थिरता कायम नभइन्जेलसम्मका लागि स्थगित गरियोस् भन्ने राजनीतिक दलहरू, नागरिक समाज तथा

बुद्धिजीवीहरूको मागलाई दातृ समुदायले गम्भीरतापूर्वक लियो। र, उनीहरूले आन्दोलनरत दलहरूसँग छुट्टै बैठक गरी उनीहरूको भावना बुझे।

सरकारको ठूलो जोड बल र जोरजुलुमपश्चात् बैठक बस्यो र उनीहरूले सरकारी पक्षका कुरा त सुने। तर परिस्थितिको गम्भीरतालाई महसुस गर्दै सरकारले माग गरेको सहायता रकमका बारेमा कुनै प्रतिवद्धता व्यक्त गरेनन्। प्रजातान्त्रिक प्रक्रियाको पूर्ण बहाली भई राजनीतिक स्थिरता कायम भएपछि र मानवअधिकारको रक्षा र सम्बर्द्धनको प्रत्याभूति भएपछि मात्र सहायता दिने सम्बन्धमा विचार गरिने कुरा व्यक्त गर्दै बैठक टुङ्गियो। वास्तवमा सरकारले यो बैठक विकासको निमित्त बैदेशिक सहायता परिचालन गर्ने उद्देश्यले भन्दा मनोनीत असंवैधानिक सरकारलाई दातृ समुदायबाट मान्यता दिलाई सत्ता टिकाउने उद्देश्यले आयोजना गरिएको थियो भन्ने कुरा दातृ समुदायले पनि बुझ्यो। र, प्रजातन्त्र तथा मानवअधिकारको प्रश्न उठाउँदै सरकारलाई उचित जवाफ दियो।

# आमरण अनसनका बीस दिन

## ' प्रेम पराजुली

२०४६ सालको जनआन्दोलन सफल पार्न व्यक्तिगत तथा सामूहिकरूपमा विभिन्न पेशाकर्मी र कर्मचारीहरूसमेत आन्दोलनमा सहभागी भएका थिए। प्रजातान्त्रिक व्यवस्थामा मात्र सबैको हित हुनसक्छ भन्ने मान्यताका साथ म आफू पनि निजामती कर्मचारी हुँदाहुँदै पनि जागिरको पर्वाह नगरी प्रजातान्त्रिक आन्दोलनमा सरिक भएँ।

जनआन्दोलन सफल भएपछि कर्मचारीहरूको वैधानिक संगठन बन्यो। संगठनको माध्यमबाट निजामती क्षेत्रमा हुने ढिलासुस्ती, घुसखोरी, भ्रष्टाचार, कमिसनतन्त्रको अन्त्य, पेशागत हकहितको रक्षा, जनआन्दोलनका अपराधीहरूलाई दण्ड र असल साशनकालागि स्वच्छ प्रशासनको माग गर्दै अन्तरिम सरकारसमक्ष कर्मचारी संगठनले मागपत्र प्रस्तुत गऱ्यो। केही दिनको आन्दोलनपछि कर्मचारीहरूको सुविधा बृद्धि, वृत्तिविकास लगायत सबै मागहरूको बारेमा सरकारसँग वार्ता भयो। ती मागहरू निर्वाचनपछि बन्ने सरकारले पूरा गर्नेगरी कर्मचारी प्रतिनिधि र सरकारबीचमा सहमति भएर आन्दोलन स्थगित गरियो।

निर्वाचनपछि नेपाली काँग्रेसको बहुमतको सरकार बन्यो। गिरिजाप्रसाद कोइराला प्रजातान्त्रिक सरकारको प्रधानमन्त्री बन्नुभयो। प्रजातान्त्रिक सरकार गठन भएपछि जनआन्दोलनका अपराधीहरू, घुसखोर, कमिसनखोर तथा भ्रष्टाचारीहरूलाई कारबाही होला र कर्मचारीहरूका समस्याप्रति सरकार सकारात्मक हुन्छ र कर्मचारीका प्रतिनिधिहरूसँग छलफल गरेर एउटा उचित निकास निस्केला र देशमा स्वच्छ प्रशासन कायम होला भन्ने आशा गर्नु स्वभाविकै थियो। तर त्यस्तो भएन। सरकार आफैं घुसखोर, कमिसनखोर, भ्रष्टाचारी र अपराधीहरूबाट घेरिएर बस्न रूचायो र प्रजातान्त्रिक खोलभित्र निरंकुश र स्वेच्छाचारी शासन शैली अपनाउँदै गयो। प्रजातान्त्रिक सरकारको रवैया निरंकुश पञ्चायती शैलीभन्दा फरक भएन।

कर्मचारीहरूप्रति सरकारको उदासिन र रूखो व्यवहारका कारण कर्मचारी संगठनलाई आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य बनाइयो। जसअनुसार २०४८ असार १६ गतेदेखि संगठनले आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गऱ्यो, कर्मचारीहरू प्रजातन्त्र, सुशासन र पेशागत हक-हितको आवाज उठाउँदै सडकमा ओर्लिए। त्यसबेला एकातर्फ प्रजातान्त्रिक जनप्रतिनिधिहरूको संसद चलिरहेको थियो भने अर्कोतर्फ शान्तिपूर्ण आन्दोलनका विभिन्न चरणहरू पार भइरहेका थिए। आन्दोलनका ३५ दिन बितिसकेका थिए। धेरै कर्मचारीहरूलाई गिरफ्तार गरिएको थियो। केही कर्मचारीहरू विभागीय कारबाहीमा परिसकेका थिए। कर्मचारीहरूलाई कारबाहीको नाममा अपायक सरूवा गर्ने, निलम्बन गर्ने, घटुवा गर्ने जस्ता काम भैरहेको थियो। जसले गर्दा कर्मचारी आन्दोलन आगोमा घिउ थपेजस्तै अझ चर्कदै गयो। कर्मचारीहरू झन् झन् आक्रोसित हुँदै थिए। कर्मचारी आन्दोलन दवाउने क्रममा खोटाङमा मनोज जोशीको हत्या भइसकेको थियो। जोशीको हत्याले कर्मचारीहरूमा अझ बदलाको भावना ल्याउन थालेको थियो।

संगठनले अघि सारेका कार्यक्रमहरूलाई सफल पार्न हामी सवैले विहानदेखि बेलुकासम्म निरन्तर लागिरहनुपर्ने अवस्था थियो। घरमा ७ बर्षको छोरो टाइफाइडले सिकिस्त थियो। मेरी श्रीमती विहान ६ बजेदेखि ११ बजेसम्म स्कूलमा पढाउन जान्थिन्। त्यसदिन विहान आन्दोलनसम्बन्धी जरूरी बैठक थियो। म विरामी छोरालाई विहान ७ बजे जाउलो र औषधी खान दिएर कोठामा एक्लै छोडेर मिटिङको लागि बाहिर निस्किएँ। विरामी नाबालक छोरालाई एक्लै छोडेर हिंडेकोमा मनमा नरमाइलो लागिरहेको थियो। आन्दोलन भनेको सजिलो र रमाइलोका लागि फुर्सद र अनुकूल अवस्थामा गरिने पनि त हैन। यो अप्ठ्यारो अवस्थामा नै सुरू हुन्छ, अप्ठ्यारै अवस्थामा विकसित हुन्छ  र सजिलोमा गएर टुङ्गिन्छ भन्ने सोचें र मन दरो पारेर लक्षमा अघि बढें।

त्यो बैठक उपत्यकाभित्र र बाहिरका अगुवा कर्मचारी प्रतिनिधिहरूको बैठक थियो। बैठकले आन्दोलन हिंसात्मक बन्दै गएमा जनधनको ठूलो क्षति हुने र भर्खरै प्राप्त भएका प्रजातन्त्र तथा जनअधिकारहरू पनि खोसिन सक्ने अवस्था रहेको, सरकार अकर्मण्य तरिकाले हिंसा र दमनमा उत्रिएको निष्कर्ष निकाल्यो र आन्दोलनलाई अनुशासित र संयमित बनाउँदै अगाडि जानुपर्ने समीक्षा गर्दै सोही दिनदेखि काठमाडौंमा आमरण अनसनका थप कार्यक्रम दिने निर्णय गऱ्यो। निर्णयअनुसार आमरण अनसनका लागि १२-१५ जनाले नाम पनि लेखाउनुभयो र स्वास्थ्य परीक्षणका लागि वीर अस्पताल जाने निधो गरेर बैठक सकियो।

स्वास्थ्य परीक्षणमा ६-७ जनाको मात्र उपस्थिति रह्यो । त्यसबेला म दुब्लो र पातलो थिएँ । डाक्टरले मलाई स्वास्थ्य ठीक छैन भनेर अनसनमा नबस्न सल्लाह दिएका थिए ।  अनसनमा बस्ने बेला भयो, उपत्यका बाहिरबाट गजाधर यादव, शोभाकान्त न्यौपाने र दीपक देवकोटा आमरण अनसनमा बस्न तयार हुनभयो । उपत्यकाभित्रबाट खाली हुने अवस्था भयो, डाक्टरको अस्वीकृतिमा पनि म तयार भएँ । तर संगठनका साथीहरू मेरो स्वास्थ्य विचार गरेर डाक्टरको अस्वीकृतिलाई ध्यान दिदै बस्न नदिने कुरा गर्न थाल्नुभयो । हामी कर्मचारीहरू सबै मरन्त्यासे नै छौं । अहिले हामी आन्दोलनमा छौं अब को बलियो खोजेर आन्दोलन गर्ने ? अर्काले आन्दोलन गरिदिंदैन । फेरि आन्दोलन भनेको नाप, तौल, उचाई, मोटाइको आधारमा गरिने पनि त होइन । यो त सचेत नागरिकले आफ्नो अधिकारको लागि गर्ने कर्तव्य हो । त्यसैले म दुब्लो छु त के भो, म मेरो अधिकारको लागि लड्न सक्षम छु, मलाइ नरोक्नुहोस् भनेपछि साथीहरूले मलाई पनि आमरण अनसनमा बस्न स्वीकृति दिनुभयो । उता घरमा श्रीमतीसँग कुनै सल्लाह, खोजखवर नै नगरी आँखा चिम्लेर म आमरण अनसनमा बसें । सधैं दिउँसो आन्दोलनका क्रममा मेरी श्रीमतीको समेत उपस्थिति हुन्थ्यो तर त्यसदिन छोराको अवस्था अलि गम्भीर नै भएकोले उनी पनि दिउँसो त्यहाँ सहभागी हुन सकेकी थिइनन् । म घरबाट बिहानै हिंडेको खाना खान पनि गएको थिइनँ । उता साँझ पर्दासम्म पनि म घर नफर्केका कारण भने उनीलाई थाहै थिएन । उनी आफैं पनि अल्सरले सिकिस्त भएर औषधी खाँदै स्कूल पढाउन जाँदै थिइन् । अब एकै पटक मेरो यो निर्णय सुनेर उनले के गर्लिन् ? अनसन त बसें तर रातभर ती सवै घरायसी परिस्थितिहरू सम्झिरहें ।

भोलिपल्ट बिहानै उनी हामी अनसन बसेको ठाँउ भद्रकालीमा आइन् र एकछिन अवाक भएर हामीलाई हेरिरहिन् । त्यसपछि उनले भनिन्- म पनि त सचेत मान्छे हुँ, आन्दोलनमा सरिक हुँदा मलाई पनि एक बचन सुनाउनुपर्छ कि पर्दैन ? म पनि त आन्दोलनको विराधी मान्छे त होइन । हरेक दिन आन्दोलनमा म पनि सहभागी भएकै छु । घरमा छोरालाई टाइफाइड भएको छ, छोरीलाई रातभर ज्वरो आएको छ, तपाई आफैं शारीरिकरूपमा अस्वस्थ हुनुहुन्छ । ती सवै परिस्थितिको ख्यालै नगरी एक पटक सोचविचार पनि नगरी किन यसरी निर्णय गर्नुभयो ? भनेर भनिन् । उनको भनाइमा मेरोमात्र हैन, संगठनका अरू साथीहरूको समेत कुनै जवाफ थिएन । त्यसखेरका कर्मचारी संगठनका अगुवा विश्वनाथ प्याकुरेल, श्यामबाबु दहाल, रामेश्वर फुँयालहरूले हामी सवै छौं, अब जे भए पनि परिस्थितिको सामना गर्नैपर्छ, तपाई पीर नगर्नुहोस्, हामी पनि अब तपाईहरूको परिवारप्रति त्यति नै चिन्तित छौं भनेर आफ्ना कुराहरू राख्नुभयो । त्यस दिनदेखि उनको विहानको स्कूल पढाउने जागिर पनि खत्तम भयो ।

हामी चार जना भद्रकालीमा अनसन बस्यौं, अरू आन्दोलनका कार्यक्रमहरू पनि दिनदिनै चलिरहेका थिए । मैले पहिले अनसन बसेको एक दुई दिनपछि भोक लाग्दैन भनेको सुनेको थिएँ तर त्यसो हैन रहेछ, मलाई प्रत्येक दिन खाना खाने समयमा भोकले भुँडी कोक्याउँदथ्यो । जति त्यस्तो हुन्थ्यो हामी त्यति पानी पिउँथ्यौं । हामी अनसन बसेको आठौं दिनका दिन बेलुका प्रहरीहरूले जवर्जस्तीसँग हामीलाई भद्रकालीबाट उठाएर शिक्षण अस्पताल महाराजगंज पुऱ्याए । अस्पतालमा भित्र बाहिर जतातत‍ै पुलिस नै पुलिस थिए । लाग्थ्यो त्यो अस्पताल हैन, प्रहरी तालिम केन्द्र हो । मलाई तुरून्तै एकजना डाक्टरले स्लाइन दिन खोजे, मैले स्लाइन लिन्न भनेर प्रतिवाद गरें । प्रहरीहरू जवर्जस्ती गर्न खोज्दै थिए तर डाक्टरले अनसनकारीहरूको इच्छाविपरीत तपाईंहरूले जवर्जस्ती गर्न पाउनुहुन्न, यो अस्पताल हो भनेपछि उनीहरू चुपलागे । त्यसपछि मलाई खुट्टा भाँचिएको विरामीसँग लगेर राखियो । उसलाई छिनछिनमा खाइरहनुपर्ने हुन्थ्यो, मैले भोको पेट लिएर अर्काले खाएको हेरिरहनुपर्थ्यो, त्यो पनि प्रहरीहरूले हामीलाई मानसिक दबाव दिनकै लागिगरेका थिए । तर पनि दृढ अठोट र दरो इच्छाशक्ति भयो भने त्यस्ता कुनै पनि बाधा व्यवधानहरूले गलाउन सक्दोरहेनछ । दुई दिनपछि त्यो विरामी डिस्चार्ज भयो । उसको ठाउँमा हाम्रै अनसनकारी साथी दीपक देवकोटालाई ल्याउन लगाइयो । हामीलाई रूड्न चौबीसै घण्टा प्रहरी तैनाथ थिए । हाम्रो कोठामा भिजिटरहरू पस्न पाउँदैनथे । अरू तीन जना साथीको परिवार काठमाडौंमा हुनुहुन्नथ्यो, उनीहरू परिवार त्यहाँ पुऱ्याएर विक्षिप्त बनाएर हामीलाई गलाउन चाहन्थे । मेरी श्रीमती यही भएको र उनी आफैं नै आन्दोलनका कार्यक्रममा सामेल हुनेहुँदा उनी त्यहाँ पनि गइन् । अनसनकारीकी श्रीमती हो भनेपछि प्रहरीले उनलाई सहज ढंगले जान दिन्थे, किनकि उनी त्यहाँ गएर रोईकराई हामीलाई कमजोर बनाएर अनसन टुटाउन सहयोग गर्छिन् भन्ने उनीहरूको सोचाइ थियो । तर अवस्था उनीहरूले सोचेभन्दा उल्टो थियो । उनी त त्यहा गएर डाक्टरहरूसँग कन्सल्टेसन गरेर अझ हामीलाई मानसिक दबाब नदिन  र जवर्जस्ती नगराउन अनुरोध गर्थिन् । अस्पतालदेखि संसदसम्म लवी गर्ने र सूचना प्रवाह गर्ने कुरामा सहयोग गर्थिन् । अझ समय पाएसम्म त्यहाँ बसेर हामी चारैजनालाई मनोवल बढाउने र हौसला दिने गर्थिन् । तर उनको यस्तो क्रियाकलापले प्रहरी र प्रशासनलाई अझ असहयोग भएकोले दुई-चार दिनपछिदेखि उनलाई पनि त्यहाँ पस्न दिन छाडें ।

गजाधर यादवको बुबालाई प्रहरीले अत्याउदै भ्यानमा नै राखेर ल्यायो । मेरा घरमा बा आमालाई छोरो सिकिस्त छ, भेट्ने भए गइहाल भनेर प्रहरीले आतेस लगाएछ । बर्षाको बेला मेरा बा आमा पनि आत्तिदै एकै पटक अस्पताल आइपुग्नुभयो । आमा धेरै रूनुभयो । मैले आमालाई सम्झाए, आमा हामी अहिले आन्दोलनमा छौं । मैले चोरी-डकैती तथा अनैतिक काम गरेर तपाईहरूको शीर निहुऱ्याउनुपर्ने काम गरेको छैन । हामी राज्यसँग लाखौं कर्मचारीहरूको अधिकारका लागि लडिरहेका छौं । अधिकारको लडाईंमा जीवन भन्ने कुरा गौण हुन्छ । म मरे भनें पनि तपाईंका लाखौं छोराहरू हुनेछन्, पीर मान्नुपर्दैन भनेर सम्झाएँ । आमा आँसु पुछ्दै त्याहाँबाट बाहिरिनुभयो । अनसन तोडाउंन सरकारले नियोजित ढंगले यस्तो कार्य गरेको रहेछ, हामी थाहा पाउँदै गयौं  । एक दिनको घटना हो, दीपकजीको नाता पर्ने एकजना मानिस राति १२-१ बजेतिर हाम्रो कोठामा आइपुगें । उनी प्रवेश गरेपछि प्रहरी पनि बाहिर निस्किए । उनले त्यहाँ धेरै भूमिका बाँधेर र अन्तमा अनसन तोड्ने हो भने, सरकारले अनसनकारीहरूलाई चार-चार लाख रूपैयाँ नगदै दिने, श्रीमतीहरूलाई योग्यताअनुसारको जागिर दिने, भनेको ठाउँमा जागिर सरूवा गरिदिने, अनसनकारीका छोराछोरीलाई बोर्डिङमा निशुल्क पढाउने व्यवस्था गरिदिने भएको छ तपाईंहरू के गर्नुहुन्छ ? उसले प्रस्ताव राख्यो । हामीले राज्यसत्ता र राजगद्दी हामीलाई देऊ भनेर मागेको होइन । हाम्रा ४ वटा मागहरू

स्पष्ट छन्। सक्छौ भने हाम्रा तिनै मागहरू पूरा गर। हामीलाई केही दिनुपर्दैन। हामी अहिल्यै अनसन तोड्न तयार छौं, सक्दैनौ भने अनेकथरी प्रलोभन देखाएर हामीलाई गलाउन कोसिस नगर भनेपछि निकैबेरमा अझै सोच्नुहोस् मौका छ भनेर ऊनी त्यहाँबाट बाहिर निस्किए। त्यसपछि हरेक दिन राति उनले यिनै प्रलोभनहरू देखाएर हामीलाई खरिद गर्ने प्रयत्न गरिरहन्थे। तर हामीले तिमीजस्तो पैसा र प्रलोभनमा बिक्ने कर्मचारी होइनौं, हामी स्वाभिमानी राष्ट्रसेवक हौं। हामीलाई रूपैयाँ पैसामा किन्ने कोसिस नगर भनेर जवाफ दिइरह्यौं। अन्तमा ऊ खिस्रिक्क परेर फर्क्यो। तर उसले त्यो प्रयत्न हामीलाई मात्र गरेको रहेनछ मेरो कोठा पत्ता लगाएर मेरी श्रीमतीलाई पनि त्यसै गर्दोरहेछ। उनले पनि त्यसैगरी खरो जवाफ दिएपछि उनीहरूको त्यो प्रयत्न पनि असफल भयो।

हामी आमरण अनसन बसेको बीस दिन बितिसकेको थियो। भोलि अनसन तोड्ने निर्णय गरियो भन्ने सूचना संगठनबाट आयो। मागहरू पूरा नभई आन्दोलन रोक्नुपरेकोमा हाम्रो मन अमिलिएर खिन्न भयो। संगठनले नै अब रोक्ने भनेर निर्णय गरिसकेपछि अगाडि जानु पनि उचित हुँदैन थियो। त्यसैले अनसन तोड्ने मनस्थिति तयार भयो। मनलाई अलिकति छोडिदिने वित्तिकै यति छाडा हुँदोरहेछ, त्यसपछि त सहनै नसक्ने गरी भोक लाग्न थाल्यो। अहिल्यै खाउँ, भरे नै खाउँ, खाइहालौं जस्तो लाग्न थाल्यो। उज्यालो भयो। आज अनसन तोड्ने हो। अनसन तोडेपछि टन्न भात खाइन्छ भन्ने मनमा सोच बनिरहेको छ। झण्डै १२-१ बजेतिर अनसन तोड्ने कार्यक्रम भयो। एक पाकेट फ्रुटी खाएर अनसन तोडियो। भातको तिर्सना जागिरहेको थियो। बेलुका भात खान पाइन्छ होला भनेको त त्यसदिन एक गिलास दालको झोलमा चित्त बुझाउनुपर्‍यो।

आन्दोलन स्थगित गरेपछि सोही दिन प्रधानमन्त्रीले वक्तव्य जारी गर्दै कर्मचारी भनेको सरकारकै अंग भएको र यसमा कसैको हारजितको भावना राख्न नहुने र आन्दोलनकारी कर्मचारीहरूलाई पूर्वाग्रह राखेर कारबाही नचलाइने उद्घोष गरिएको थियो। तर त्यसको केही दिन वित्न नपाउँदै हजारौं हजार कर्मचारीहरू अवकास, घटुवा, सरूवा, ग्रेड रोक्का, बढुवा रोक्का जस्ता कारबाहीमा पारिए। अनसन तोडेको झण्डै एक महिनापछि म कार्यालयमा हाजिर भएँ। हाजिर भएपछि विभागीय प्रमुखद्वारा आन्दोलनमा सहभागी भएकोमा पश्चाताप गर्दै माफी मागेमा कारबाही नहुने नत्र विभागीय कारबाही चलाइने मलाई जानकारी दिइयो। त्यसपछि मैले म जानीवुझिकनै पेशागत आन्दोलनमा लागेको हुँ र मैले गरेका कुनै पनि क्रियाकलापप्रति मलाई कुनै पश्चाताप छैन र माफी माग्नुपर्ने आवश्यकता ठान्दिनँ भनेर मैले जवाफ दिएँ। त्यसपछि केही समय उनीहरू पनि चुपचाप लागे, म कार्यालय गइरहें। एकै पटक त्यसै साल माघ ८ गते मेरो हातमा अवकासपत्र थमाइयो।

मेरो कुनै गुनासो छैन। ममात्र हैन म सँगै, म अगाडि र म भन्दा पछाडि पनि जो साथीहरूले अवकास पाउनुभयो, उहाँहरू कोही राजनीतिमा सक्रिय हुनुहुन्छ, कोही व्यापारी र उद्योगपति हुनुभएको छ, जो जागिरमा फर्कनुभएको छ, उहाँहरूको पनि राम्रै अवस्था छ। पौरखी हातहरू र सिर्जनशील दिमागलाई कसैले पनि रोकेर वा छेकेर नास पार्न सक्तैन। उसले आफ्नो मेहनत र क्षमताले भाग्य निर्धारण गरिछाड्छ।

अहिले यतिबेला देशमा फेरि प्रतिगमन भएको छ। पुनरूत्थानवादीहरू प्रतिगमनलाई बलियो पार्न कम्मर कसेर लागेका छन्। प्रजातन्त्र फेरि पनि संकटमा परेको छ। प्रजातन्त्र बचाउन राजनीतिक दलहरूले गरेको आन्दोलनलाई समर्थन गर्दै कर्मचारीहरूले फेरि पनि ऐक्यवद्धता प्रदर्शन गरेका छन्। आफ्नो पेशा र जागिरको पर्वाह नगरी प्रजातन्त्र ल्याउन र त्यसलाई बचाउन पनि कर्मचारीहरू संघर्ष गरिरहेका छन्। प्रजातन्त्रको खातिर लड्दा अब पनि थुप्रै कर्मचारीहरूको जागिर खोसिन सक्छ, अपायक सरूवा हुनसक्छ, ग्रेड र प्रमोशन रोक्का हुनसक्छ, तल्लो पदमा घटुवा हुन सक्छ, तर जे भएपनि साथीहरू अन्तमा जित तपाईं हाम्रै हुन्छ। किनभने तपाईं हामी प्रजातन्त्रको पक्षमा छौं, न्यायको पक्षमा छौं, सुशासनको पक्षमा छौं। त्यसैले कम्मर कसेर लागौं फेरि पनि प्रतिगमनलाई परास्त गर्न हामी लाखौं राष्ट्रसेवकहरू।

# सत्र सालमा पार्टी सदस्यता माग्ने बसन्त गौचन

"रो जीवनको बाटो पार्टीले बनाइदियो, म अहिलेसम्म त्यही बाटोमा हिंडिरहेको छु। मैले पारिवारिक सुख, भौतिक सुख र ऐस-आरामलाई जीवनमा कहिल्यै महत्व दिइनँ र अब बाँकी जीवन पनि म निष्ठा र सिद्धान्तमा बाँधिएर बिताउन चाहन्छु।"

वि.सं. १९८५ फागुन ७ गते बाग्लुङको हरिचौरमा जन्मनुभएका कमरेड बसन्त गौचन अहिले पनि बाग्लुङ-काठमाडौं सम्पर्क मञ्चको सल्लाहकार हुनुहुन्छ। ७५ बर्ष उमेर काटिसकेर पनि उहाँ पार्टी र संगठनमा त्यत्तिकै सक्रिय हुनुहुन्छ।

"म ६ महिनाको छँदा मेरी आमा खस्नुभयो रे, आमा खसेको एक बर्षपछि मेरो बुबाले मेरी आफ्नै सानीमासँग विवाह गर्नुभयो। मलाई मेरी बज्यु (हजुरआमा)ले हुर्काउनुभयो। हामी गाउँ-घरका राम्रै किसान परिवार थियौं, खान लाउन राम्ररी पुग्थ्यो तर त्यतिखेर शिक्षाको अवसर भने त्यहाँ थिएन। मैले पनि औपचारिक शिक्षा लिने अवसर भने पाइनँ।

२००५ सालमा मुस्ताङकी टीकाकुमारी शेरचनसँग मेरो विवाह भयो, २००७ सालमा एउटा छोरा पनि जन्म्यो र छोरो एक बर्ष जतिको भएपछि मेरी श्रीमती खसिन्। मेरो नियतिमा अर्को बज्र पर्‍यो। आफू बर्ष दिनको हुँदा टुहुरो भएको थिएँ, मेरो छोरो पनि बर्ष दिनको हुँदा टुहुरो भयो। आखिर मेरो पनि व्यवहार चलेन, २००९ साल असोज २७ गते फेरि मुस्ताङकै चन्द्रकुमारी तुलाचनसँग मेरो दोस्रो विवाह भयो। जन्मँदैदेखि मेरो जीवन वियोगान्त बन्दै गयो, लेख-पढ गर्न नसकेकोले घरायसी व्यवहारमा पनि आफन्त र छिमेकीको समेत थिचोमिचो र अन्याय हुन थाल्यो। त्यसपछि मलाई साँच्चिकै शिक्षाको महत्व थाहा भयो, पढ्नैपर्ने कुरा महसुस भयो र म २००९ साल कार्तिक ९ गते पढ्न भनेर गोरखपुर गएँ।

मुस्ताङको गाउँबाट भारतको गोरखपुर पुगेर पढ्न मेरो लागि सजिलो थिएन, त्यहाँ पुग्ने खर्चमात्र मैले बोकेको थिएँ तर बाँच्ने आधार त्यहीँ जुटाउनुपर्थ्यो । अरूको आश्रयमा बसेर पनि सधैं निर्वाह नहुने हुँदा त्यहाँका केही व्यक्तिहरूसँग सहयोग मागेर गोरखपुरको पल्टन बजारभित्र सानो कपडा पसल सञ्चालन गर्न थालें ।

यही कपडा पसलको आरम्भसँगै मेरो राजनीतिक जीवनको पनि आरम्भ भयो । त्यो कपडा पसल थालनी गराउँदा-गराउँदै मलाई त्यहाँका कम्युनिष्ट कार्यकर्ताले सम्पर्क गरिसकेका रहेछन् । जगदीश पाठक, जगदीश गौड, ज्यामिन अलीलगायतका भारतीय कम्युनिष्ट पार्टीको गोरखपुर जिल्ला कमिटी र मजदुर कमिटीका कार्यकर्ताहरूसँग मेरो नियमित भेटघाट र सम्पर्क आरम्भ भयो । म विस्तारै विस्तारै थाहै नपाई भारतीय कम्युनिष्ट पार्टीको सम्पर्कमा बाँधिए । पढ्न भनेर गोरखपुर पुगेको मेरो उद्देश्य पेशासँगै राजनीतितिर ढल्कियो ।

मेरो पनि संगठन निर्माणको जिम्मेवारी बढ्न थाल्यो । सँगै आफ्नो व्यापार पनि भएको हुँदा ६ महिनापछि मैले मेरो परिवार पनि गोरखपुर लगें । परिवारले पसल हेर्न थालेपछि म अलि बढी पार्टीको काममा लाग्न थालें । पढ्ने मेरो उद्देश्य त्यहीँ रोकियो । २०१० तिर गोरखपुर पुरानो धर्मशाला नजिकै मैले एभरेष्ट नाम राखेर एउटा नेपाली होटल खोलें । मेरी श्रीमतीले त्यो होटल चलाउन थालिन्, त्यसबाट आर्थिकरूपमा पनि निक्कै टेवा पुग्न थाल्यो र एक-दुई बर्षपछि भारतीय कम्युनिष्ट पार्टीको पूर्णकालीन कार्यकर्ता भएर काम गर्न थालें । मैले २०१४ सालमा भा.क.पा.को सदस्यता प्राप्त गरेको थिएँ । मेरो कार्यक्षेत्र गोरखपुर डिष्ट्रिक कमिटीको सेरोफेरो नै थियो ।

२०१७ सालमा नेपालमा राजा महेन्द्रले निर्दललीय पञ्चायती व्यवस्था प्रारम्भ गरेपछि नेपालका धेरै राजनीतिक कार्यकर्ता भारततर्फ प्रवासिन थाले । त्यसखेर मलाई महसुस भयो, अब मैले आफ्नै देश फर्कनुपर्छ र जे गर्ने हो त्यहीँ गएर गर्नुपर्छ । त्यही सोचेर म २०१७ सालको अन्त्यमा नेपाल पसें । म त्यतिखेर सिधै कास्की (पोखरा) पुगें र त्यहाँ नन्दमोहन भट्टराई ( कम्युनिष्ट पार्टीका जिल्ला सचिव), सुन्दरमणि पराजुली, जम्दार चित्रबहादुर गुरूङ, चन्द्रबहादुर जि.सी.लगायतका कम्युनिष्ट पार्टीका जिल्ला कमिटी सदस्यहरूसँग भेटघाट भयो । त्यसपछि उहाँहरूले नै मलाई बनारस लगेर कमरेड पुष्पलालसँग भेट गराउनुभयो ।

क. पुष्पलाललाई भेटेपछि उहाँले मलाई ने.क.पा.को सदस्यता दिनुभयो र संगठन विस्तारको जिम्मेवारी दिएर मलाई धौलागिरी अञ्चल खटाउनुभयो । मेरो राजनैतिक कार्यक्षेत्र धौलागिरी नै भएकोले मेरो परिवार पनि २०१९ सालमा गोरखपुरबाट पोखरा आएर बसें । उनीहरू पोखरामा पनि होटल नै चलाउन थालें । यसरी काम गर्ने क्रममा म अधिकांश त्यही क्षेत्रमा बिताउन थालें, २०२१ सालमा बाग्लुङ जिल्ला कमिटी गठन भयो । तर त्यसपछि तत्कालीन अञ्चलाधीशले उनीहरूका गुप्तचरहरूको रिपोर्ट अनुसार मलाई कम्युनिष्ट भएको आरोपमा परिवारसहित पोखरा छाड्न दबाव दियो र २०२१ सालदेखि मेरो परिवार काठमाडौं आएर बसें । परिवारलाई काठमाडौं राखेर छोराछोरीको लेखाई-पढाईको परिबन्द गराएर म चाहिँ भूमिगतरूपमा भए पनि त्यसै क्षेत्रमा काम गरिनै रहें । आन्दोलनका क्षणहरूमा, निर्वाचनका समयमा जस्तासुकै महत्वपूर्ण बेलामा पनि मेरो क्षेत्र त्यही नै छ । अहिले पनि मेरो अधिकांश समय जिल्लामै बितेको छ । म बाग्लुङ-काठमाडौं सम्पर्क मञ्चको सल्लाहकार पनि छु ।

२०४७ सालअगाडि म नेकपा (मार्क्सवादी)को सदस्य थिएँ, २०४७ मा पार्टी एकीकरण भएपछि अहिलेसम्म म नेकपा ( एमाले)को सदस्य छु । २०५४ मा पार्टी फुटाउने अपराधमा धेरै मान्छेहरू लागें । तर मैले उनीहरूलाई त्यतिखेर पनि तिमीहरू अपराधी हौ, तिमीहरूलाई सन्तानले श्राप दिन्छन्, पार्टी फुटाउने काममा नलाग भनें । आफूलाई बुढापाका र पार्टीका पुराना भन्नेहरूले पनि गति छाडेर पार्टीलाई टुक्र्याए । त म यही पार्टीमा छु, आफ्नो सदस्यता नवीकरण गरिरहेको छु । अहिले पनि म प्रतिगमनविरोधी आन्दोलनमा लागिरहेको छु, थाकेको छुइनँ । मलाई लाग्छ, जननेता मदन भण्डारीले मार्क्सवादको ठीक परिभाषा गर्नुभएको थियो, विश्वको अगाडि नेकपा (एमाले)लाई चिनाउनुभएको थियो, तर त्यसलाई गतिशील बनाएर निरन्तरता दिन अझ राम्ररी नसकेको हो कि जस्तो चाहिँ लाग्छ ।

जे होस्, अहिलेसम्म गरेको कुरामा म आफू सन्तुष्ट छु । मलाई पुरानो कम्युनिष्ट कार्यकर्ताको हैसियतले नेकपा (एमाले) बाग्लुङ जिल्ला कमिटीले अभिनन्दन पनि गरेको छ । पार्टीले मेरो बारेमा गरेको मूल्यांकनप्रति म आभारी छु ।

म सामाजिक काममा पनि रूची राख्छु । अहिले म मातातीर्थ बृद्धाश्रमको अध्यक्ष छु । आफू बर्षदिनको हुँदा आमा मरेर टुहुरो भएकोले होला अहिले असहाय आमाहरूको संरक्षण गर्ने जिम्मेवारी पाएको छु । म त्यसमा ज्यादै सन्तुष्ट छु । जीवनको उत्तरार्द्ध ज्यादै कष्टप्रद हुन्छ, बल, उमेर, धन-सम्पत्ति, सान, प्रतिष्ठा र शक्ति सबै हराउँदै जान्छ । त्यतिखेर मानिसलाई सहारा चाहिन्छ । भौतिक सहारा, मानसिक सहारा र आफन्तको खाँचो । यी सहारा गुमाएकाहरूलाई संरक्षण गर्नु हाम्रो दायित्व हो र पार्टीले पनि बृद्ध-बृद्धाको बारेमा पनि सोच्नुपर्छ भन्ने मलाई लाग्छ ।

चेतना र शिक्षाको अभावमा जीवन अधुरो हुन्छ भन्ने महसुस गरेर मैले मेरा छोराछोरीलाई शिक्षाको राम्रो अवसर र वातावरण मिलाएँ । अहिले मेरो छोरी-ज्वाइँ, छोराबुहारी, नाति-नातिनी कोही अमेरिका, कोही अष्ट्रेलिया, कोही बेलायत, कोही क्यानाडामा छन् डाक्टर, इन्जिनीयर, व्यापारी सबै क्षेत्रमा छन् । म सन्तुष्ट छु । अहिले हामी दुई बुढाबुढीमात्र रविभवनस्थित आफ्नो घरमा छौं । बेलामौकामा छोराछोरीहरूले हेरविचार गर्छन् । भोगेर भन्दा सम्झेर देखेर भन्दा सुनेर नै आनन्द मानिरहेका छौं । टाढटाढा भएका छोराछोरीहरूले जति माया गरे पनि के गर्ने ? जीवन भोग्ने आफैंले नै त हो नि ? उनीहरूले त सञ्चो-बिसञ्चो सोध्छन् । त्यही धेरै हो । उमेर र बेला छउञ्जेल बुढेसकालको चिन्ता गरिएन, अहिले कहिलेकाहीँ डर लाग्छ, कसो गर्ने होला ? भनेर । तर पनि सन्तुष्छ छु अहिलेसम्म, कुनै गुनासो छैन जीवनदेखि ।

***' कमला पराजुली***

# आमसञ्चारको विश्लेषण

*अहिलेको युगलाई सञ्चारको युग भनिन्छ । हरेक व्यक्तिलाई छिट्टै प्रभाव पार्नसक्ने प्रभावकारी माध्यमको रूपमा यसले आफ्नो श्रेष्ठता स्थापित गरिसकेको छ । जसरी यसको महत्व व्यापक छ, त्यसैगरी यसलाई हेर्ने, बुझ्ने र सम्प्रेषण गर्ने तरिका पनि फरक-फरक छन् । यिनै विषयलाई समेटेर स्थापित पत्रकार विजय चालिसेले पुस्तक तयार पार्नुभएको छ । 'आमसञ्चार द्वन्द्व र आतंकवाद' नामक सो कृतिमा लेखकले पत्रकारिताको समसामयिक प्रवृत्ति र यसलाई हेर्ने दृष्टिकोणका विषयमा पर्याप्त सन्दर्भ सामग्रीहरूको सापेक्षमा विवेचना गर्नुभएको छ ।*

*पछिल्लो पटक आतंकवाद सतहमा आएको अमेरिकी ट्वीन टावर ध्वस्त भएपछि हो । अझ जव अमेरिकाले कुनै विदेशी सार्वभौम राज्यमाथि आक्रमण गर्छ, तव आतंकवादको कुराले बढी महत्व पाउँछ । यसर्थ कि, ऊ आफ्नो त्यो औपनिवेशिक कार्यलाई आतंकवादविरोधी युद्धको जामा पहिऱ्याउँछ । अनि अमेरिकी सञ्चार माध्यमहरू त्यसैमा होमा हो मिलाउँछन् । अरूलाई प्रेस स्वतन्त्रताको पाठ पढाएर नथाक्ने अमेरिकीहरूको यो कार्य के प्रेस स्वतन्त्रताको सिद्धान्त अनुकूल छ त ? यस सन्दर्भमा पत्रकार चालिसेले लेख्नुभएको छ-'निश्चय नै आतंकवादविरूद्धको युद्धमा अमेरिकी प्रेसको समाचार सम्प्रेषण शैली र तथ्यको प्रस्तुतीबाट कुनै संकेत ग्रहण गर्ने हो भने त्यहाँ पनि प्रेस स्वतन्त्रताका बारेमा ठूलै प्रश्न उठाउन सकिन्छ । अमेरिका जब कुनै मुलुकसँग युद्धमा होमिन्छ, जब आतंकवादको प्रश्न अगाडि सार्छ, तब ऊ अरू मुलुकको सन्दर्भमा लागू हुने अमेरिकी प्रेस स्वतन्त्रताका मापदण्डमा पनि भिन्नता देखापर्ने गर्छ ।' यसबारेमा उदाहरण प्रस्तुत गर्दै उहाँ अगाडि लेख्नुहुन्छ-'सन् १९६८ को भियतनाम युद्धताका पनि यस्ता निकै प्रश्नहरू उठेका थिए । .......अमेरिकी विदेशमन्त्री डिन रस्कले प्रेस ब्रिफिङ गर्दै अमेरिकी प्रेसले भियतनाम युद्धका विषयमा समाचारमार्फत् उठाएका केही प्रश्न र तथ्य प्रकाशनलाई लिएर 'तिमीहरू कसको पक्षमा छौ ?' भन्ने आक्रामक प्रश्न गरेका थिए । अहिलेको आतंकवादी आक्रमणपछि अमेरिकी राष्ट्रपति जर्ज बुशको 'कोही हाम्रो पक्षमा छैन भने ऊ आतंककारीको मतियार हो' भन्ने भनाइ त्यसैको पुनरावृत्तिका रूपमा देखिएको छ ।' यसले पनि समकालीन समाचार सम्प्रेषण शैली र त्यसका प्रवृत्तिका बारेमा धेरै कुरा बुझ्न सकिन्छ ।*

*प्रस्तुत पुस्तक मूलरूपमा पाँच खण्डमा विभाजन गरिएको छ । 'आतंकवाद र हिंसा' खण्डमा आतंकवादका प्रकार, हिंसा र आतंकवादबीचको फरकका साथै यी विषयमा प्रेसको भूमिका र जिम्मेवारीका विषयमा चर्चा गरिएको छ । 'सामाजिक द्वन्द्व र हिंसा' खण्डमा विद्रोह र आतंकवाद तथा सामाजिक द्वन्द्व र आमसञ्चारको अन्तर्सम्बन्धबारे विश्लेषण गरिएको छ । त्यसैगरी 'नयाँ सहस्राब्दीमा आतंकवाद' अन्तर्गत ११ सेप्टेम्बर र त्यसयताको युद्ध तथा युद्धविरोधी विश्व जनमतको चर्चा गरिएको छ । 'संकटकाल र आतंकवाद' मा नेपाल तथा अन्य देशहरूमा संकटकालको अवधिमा प्रेसले भोग्नुपरेका कतिपय समस्याका बारेमा व्याख्या गरिएको छ । 'संकटकालीन सञ्चार र कानुनी प्रावधानहरू' मा पत्रकारिताका मान्यतालगायतका विषयमा चर्चा गरिएको छ । भृकुटी एकेडेमी पब्लिकेसन्सद्वारा प्रकाशित १ सय १८ पृष्ठको यो पुस्तक पत्रकारिताका विद्यार्थी र अध्येताका लागि निकै उपयोगी छ । खासगरी पत्रकारिताका चुनौती र त्यसका प्रवृत्तिहरूका बारेमा लेखकले मेहनतका साथ पुस्तक तयार गर्नुभएको छ ।*

# वर्तमानप्रतिको आक्रोश

उनको नाम रेशम विरही हो तर उनी विरहका कवितामात्र लेख्दैनन् । उनी त कवितामा विद्रोहको आगो ओकल्छन्, सिर्जनाका बीउ रोप्छन र सुन्दर भविष्यको सपना साँच्छन् । यस कुराको प्रमाण उनले आफ्नो पछिल्लो कृति 'मङ्गली गुप्ताको पान' मा पेश गरेका छन् । विरहीको यो कृतिले समकालीन विकृति र विश्रृंखलतामाथि चोटिलो प्रहार गरेको छ भन्न हिच्किचाउनु पर्दैन ।

कवि समाजको सदस्य हो । तर उसको जिम्मेवारी यतिले मात्रै पूरा हुँदैन । ऊ यसको सचेतक पनि हो । त्यसैकारण ऊ एक निरीह दर्शक भएर टुलुटुलु हेरिरहन सक्दैन । मानवताविरोधी जुनसुकै क्रियाकलाप पनि उसका लागि अस्वीकार्य हुन्छन् । गाउँबस्तीमा माओवादी जनयुद्धका नाममा शुरू भएको मानवविनाशको कारखानासँग कविको गम्भीर असहमति यसरी प्रकट हुन्छ -

*कुटोले पहरो खन्दै*
*मकै रोपिरहेकी फूलमतीको अगाडि*
*एक झुण्ड फौजी मानिसहरू झुरूम्म उभिए*
*र रितबहादुरले झैं*
*कसिलो मुठी उचालेर अभिवादन गरे,*
*उसले झुण्डको वरिपरि*
*रितबहादुरको अनुहार खोजी*
*जवाफमा एउटाले कड्किएर भन्यो*
*'प्लाटुन कमाण्डर रितबहादुर शहीद हुनुभो'*
*फूलमतिले न 'प्लाटुन कमाण्डर' बुझी*
*न 'शहीद' बुझी,*
*.......*
*फूलमतीले केही नबुझेर*

*मौन आँखाले हेरिरही ।*

साँच्चै नागरिकले मौन आँखाले हेरिरहने यो विडम्बना कहिलेसम्म जारी रहन्छ ? कविले वर्तमानको कुरूपतासँग यी र यीजस्तै अनेक प्रश्नहरू गरेका छन्-'मङ्गली गुप्ताको पान' मा ।

सिमान्त आय भएका आम नेपालीहरूको प्रतिबिम्ब र एकत्रित स्वर हो-'मङ्गली गुप्ताको पान ।' यही शीर्षकको कवितामा एक पान व्यापारी महिलालाई अघि सार्दै नागरिकका सपनामाथि व्यापार नगर्न चेतावनी दिएका छन् ।

*चिरा परेका कुर्कुच्चाहरूको*
*आँखाबाट ऊ सर्वत्र नियालिरहन्छे,*
*जीवनका हरेक देउरालीहरूमा*
*मन र तनको तादात्म्य*
*बिषम-बिषम भोग्दाभोग्दै*
*न उसले रूनुलाई अर्थ मानी*
*न उसले बेदनाको अर्थ बुझी*

सत्ताको छिनाझप्टी वा हिंसा-प्रतिहिंसाको अमानवीय श्रृंखलाले एक नागरिकको जीवनमा के फरक पर्छ ? मङ्गली गुप्ताको दिनचर्याले यही प्रश्न उठाएकी छिन् । कविताका प्रबुद्ध शिल्पी श्यामलका शब्दमा 'यी कविता एक दशकको राष्ट्रिय पीडाका साक्षी हुन्' भने अर्का कवि प्रमोद प्रधानका विचारमा 'यो सिर्जनशीलता र एकान्त साधनाले उनलाई समकालीन नेपाली कविता संसारमा दह्रो रूपमा उभ्याइदिएको छ ।'

लामा-छोटा गरेर पन्ध्रवटा कविता संग्रहित प्रस्तुत पुस्तकको प्रकाशन गरेर भेरी साहित्य समाज, नेपालगञ्जले त्यस क्षेत्रका अन्य पुराना र नयाँ स्रष्टाहरूलाई पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रेरित गरेको छ ।

# जाजरकोटमा कम्युनिष्ट आन्दोलन

**' निरज आचार्य**

यतिबेला सर्वाधिक द्वन्द्वग्रस्त स्थलका रूपमा मुलुकका सामु नतमस्तक भएर उभिन बाध्य जिल्ला हो-जाजरकोट । यो मध्य पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत भेरी अञ्चलको दुर्गम पहाडी जिल्ला हो । नेपालको एकीकरणपूर्व एउटा शक्तिशाली बाइसे राज्यका रूपमा इतिहासमा दर्ज भएको जाजरकोट समुन्द्र सतहबाट ६१० मिटरदेखि ५४१२ मिटरसम्म उचाई, ३८.३८° २०' देखि २९.७° ३२' उत्तरी अक्षांश र ८१° ४' देखि ८२:३४' ४६" पूर्व देशान्तरमा अवस्थित छ । यस जिल्लाको सिमाना पूर्वमा रूकुम र डोल्पा, पश्चिममा सुर्खेत र दैलेख, उत्तरमा जुम्ला र कालिकोट तथा दक्षिणमा रूकुम र सल्यान जिल्लाहरू पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २१२३.३८ वर्गकिलोमिटर छ भने यहाँको जनसंख्या एकलाख चौंतीस हजार नौसय अठसट्ठी छ । यस जिल्लालाई दुई निर्वाचन क्षेत्र, एघार इलाका र ३० गाविसमा विभाजित गरिएको छ ।

लामो समयदेखि सामन्ती, जिमुवाली प्रथाद्वारा शासित र उत्पीडित हुँदै आएका जाजरकोटी जनता अझै पनि पूर्णरूपले मुक्त र स्वतन्त्र हुन सकेका छैनन् । तद्अनुरूप आफ्नो भूमिका निर्वाह गर्न पाएका छैनन् । इतिहासको कालखण्डमा शासकहरू फेरिएका छन्, शोषणका रूपहरू फेरिएका छन् तर जनता सामन्ती भद्दा उत्पीडनबाट मुक्त भएका छैनन् ।

यस्तो स्वभाव, शैली र चरित्रको पीडादायी विगतका विरूद्ध आफ्नो मुक्तिको आधारभूमि निर्माण गर्दै अघि बढ्ने क्रममा जाजरकोटी जनताको चेतनाले तुलनात्मकरूपमा कम्युनिष्ट विचारलाई ढिलो छोयो । जाजरकोटमा कम्युनिष्ट आन्दोलन ढिलो छिर्‍यो । तर पनि हामी सबैले गौरव गर्नुपर्ने विषय त जाजरकोटे भूमिमा कम्युनिष्ट आन्दोलन ढिलो छिरेर छिटो विकास भएको छ । बिउ ढिलो रोपियो तर छिटै उम्रियो ।

मूलतः २०३६ सालको विद्यार्थी आन्दोलनले उत्पन्न गरेको राजनीतिक तरंगसँगै जाजरकोटमा कम्युनिष्ट आन्दोलनका बाछिटाहरू परेको देखिन्छ । २०३७ सालपछि मधुगुरू (माधव ज्ञवाली) को सम्पर्कमा कृष्णबहादुर शाहीहरूले अगुवाई गरेर जयबहादुर शाही संयोजक रहेको ने.क.पा. (मार्क्सवादी) समुहको अनेकिसंघको जिल्लास्तरको कमिटी बनेको भेटिन्छ । ०२६ देखि ०४२ कै बीचमा विद्यार्थी आन्दोलनबाट प्रभावित भई ने.क.पा. (मशाल) को समर्थक बनेका गोपालबहादुर रोकाय, कैलाशसिंह खत्रीहरू, नेकपा (मशाल)का तत्कालीन नेता यदुकुमार गौतम, दल्ली मा.वि.का शिक्षक नारायण शर्माहरूले (मशाल) धारको भूमिगत संगठन निर्माण गर्न यथेष्ट प्रयत्न गरेको भेटिन्छ । त्यो समयमा नेकपा (मशाल)को रूपमा संगठित गरिएको टिम एकता केन्द्र हुँदै हाल नेकपा (माओवादी)का नाममा सशस्त्र (जनयुद्ध)को यात्रा अगाडि बढाइरहेको छ । त्यो समयमा नेकपा ( मशाल)मा संगठित भएर हाल माओवादी जनयुद्धको नेतृत्व गर्दै आएका तत्कालीन युवा-विद्यार्थीहरू भक्तबहादुर शाह, कालिबहादुर मल्ल, शक्तिबहादुर बस्नेत, मायाप्रसाद शर्मालगायतको टिम थियो । हाल उहाँहरूमध्येका केही माओवादी पार्टीको उच्चतहको नेतृत्व सम्हालिरहनुभएको छ ।

०३६ को विद्यार्थी आन्दोलनबाट प्रभावित र उत्साहित भएका अनेरास्ववियु (छैटौं) समर्थक राजेन्द्रविक्रम शाह, वेदराज खनाल, जनकराज शर्मा, धनबहादुर बुढाहरूको समूहले दशेरा मा.वि.मा २०३८/२/१५ मा जनकराज शर्माको संयोजकत्वमा धनबहादुर बुढा, केशवबहादुर बुढा, प्रेमप्रसाद शर्मा, रत्नप्रसाद शर्मा सदस्य रहेको बिद्यालयस्तरको कमिटी निर्माण गरी विद्यार्थी संगठन निर्माण गर्ने कार्यको आरम्भ गरेको पाइन्छ ।

पी.एन. क्याम्पस पोखरामा अध्ययन गर्ने क्रममा ०३६ पछाडि भैरवसुन्दर श्रेष्ठ, खम्बप्रसाद रोकाय, हेरम्बबहादुर शाहलगायतका तत्कालीन विद्यार्थीहरूले नेकपा (माले) निकटको अनेरास्ववियु (एकताको पाँचौं)को समर्थक बनी गोप्यरूपमा प्रचारको सुरूवात गरेका थिए । २०४५ सालमा शिक्षक बासुदेव पन्थी (अर्घाखाँची)को सम्पर्कमा जाजरकोटको दशेराका शिक्षक र केही विद्यार्थीहरू रत्नप्रसाद शर्मा, टेकबहादुर थापा, मानबहादुर थापा, धनबहादुर बुढा र खिमबहादुर शाहीसमेत रहेको नेकपा (माले) सम्पर्क तथा अध्ययनमण्डल गठन गरेर माले धारको बिजारोपण गर्ने प्रयास गरेका थिए । २०४७ सालतिर सुर्खेतमा अध्ययन गर्ने क्रममा ने.प्र.वि.यू. को समर्थक बनेका तत्कालीन विद्यार्थी कृष्णबहादुर बुढाको एक समूहले जिल्लामा ने.प्र.वि.यू. को प्रचार-प्रसार गरेको थियो । २०३९ ताका दैलेखमा अध्ययन गर्ने क्रममा शेरबहादुर शाही, शिवराम शाहीहरूले ने.क्रा.वि.संघ समर्थक भई विभिन्न गतिविधिमा भाग लिएको देखिन्छ । २०४३ सालमा आएर शेरबहादुर शाहीको अध्यक्षतामा शिवराम शाही, रूपेन्द्र अधिकारी, खड्गबहादुर घ्यारलगायतका सदस्य रहेको मजदुर किसान पार्टीको जिल्लास्तरको कमिटी समेत बनेको थियो ।

यसरी विभिन्न स्थान, व्यक्ति र सम्पर्क सूत्रबाट प्रभावित, संगठित र परिचालित भएका विभिन्न दृष्टिकोण र सैद्धान्तिक मान्यताका कम्युनिष्ट पार्टीहरू जाजरकोटमा प्रवेश गरेर साम्यवादी चेतनाको बिजारोपण गरेका थिए ।

०४६ को जनआन्दोलनमा जाजरकोटले निर्णायक भूमिका निर्वाह गर्न नसके पनि शिक्षक गोपालबहादुर रोकाय, विद्यार्थी शक्तिबहादुर बस्नेतलगायत र गोरखबहादुर सिंह (दैलेखमा)ले विभिन्न ढंगका कार्यक्रमहरू गरेका थिए। ०४६ को जनआन्दोलनले उपलब्धि हासिल गरिसकेपछि खुला राजनीतिक परिस्थितिमा नेकपा (माले), नेकपा मार्क्सवादी, नेकपा (मशाल), नेमकिपा व्यापक ढंगले संगठन निर्माण र प्रचारमा लागे । जुङ्गाथापाचौर, सीमा, थालारैकर, साल्मा, पजारू, मजकोट, पुन्मा नायकवाडालगायतका गाविसमा नेकपा (मार्क्सवादी) समूहले संगठन निर्माण गऱ्यो भने दशेरा सुवानाउली, मजकोट, कोर्ताङ, पजारू, झाप्रा, कार्कीगाउँ, खलंगा, डाँडागाउँ, भुर, रोकाय गाउँ, रग्दादिमे, नायकवाडा, पैकलगायतका गाविसमा नेकपा ( माले)ले संगठन गरेको र खलंगा, जगतिपुर, लहँ, डाँडागाउँ, रग्दा, भगवती, पैक लगायतका गाविसमा नेकपा (मशाल)ले संगठन निर्माण गऱ्यो । सीमा र थालारैकर गाविसमा नेमकिपाले संगठन गरेको थियो ।

नेकपा (माले) र मार्क्सवादी समूहका जिल्लास्तरका कमिटीहरू भने ०४७ ताका बनेका थिए ।

नेकपा (माले) भेरी-कर्णाली क्षेत्रीय कमिटीका सदस्य हरि पराजुली र रूकुम जिल्ला कमिटीका भक्तबहादुर के.सी.को उपस्थितिमा मिति २०४७/१/१९ गते क. भैरवसुन्दर श्रेष्ठको संयोजकत्वमा हेरम्बबहादुर शाह, मधुकर शाक्य, विष्णुराज भण्डारीसमेत रहेको पार्टी सम्पर्क कमिटी गठन गरियो र यसले जिल्ला सम्पर्क कार्यालयसमेत स्थापना गऱ्यो ।

नेकपा (माले) भेरी-कर्णाली क्षेत्रीय कमिटी सदस्य लक्ष्मणराज ज्ञवालीको उपस्थितिमा ०४७ भदौ २० गते ५० जना कार्यकर्ताका बीचमा प्रशिक्षण भेला गरी उक्त भेलाले भैरवसुन्दर श्रेष्ठ सचिव रहेको १५ सदस्यीय जिल्ला पार्टी कमिटी गठन गऱ्यो । यसका अन्य सदस्यहरूमा रत्नप्रसाद शर्मा, खीमबहादुर शाही, हेरम्बबहादुर शाह, रामलाल आचार्य, मधुकर शाक्य, विष्णुराज भण्डारी, टेकबहादुर थापा, शंकर कार्की, झपेन्द्र बस्नेत, जगतबहादुर शाही, जीतबहादुर कार्की, लालबहादुर महतरा, हिक्मत नेपाली र हरिप्रसाद शर्मा रहनुभएको थियो । यो नै नेकपा (माले)को पहिलो जिल्ला कमिटी थियो । ०४७ असोजमा क. युवराज ज्ञवालीको उपस्थितिमा जाजरकोटमा आमसभा सम्पन्न भयो । उहाँको उपस्थितिले कार्यकर्तामा नयाँ हौसला प्रदान गऱ्यो । ०४७ कै मंसिर २८ गते भेरी-कर्णाली क्षेत्रीय कमिटी सदस्य माधवराज पन्थीलाई जाजरकोटको सचिव भई काम गर्नू भनी क्षेत्रीय कमिटीले खटाएको हुँदा उहाँ सचिव र भैरवसुन्दर श्रेष्ठ उपसचिव रहेको १६ सदस्यीय जिल्ला कमिटी बन्यो ।

मार्क्सवादी समूहको पहिलो जिल्ला कमिटी २०४७/२/२७ गते माधव ज्ञवालीको उपस्थितिमा भवानीप्रसाद शर्मा सचिव रहेको ११ सदस्यीय गठन भयो । जसका अन्य सदस्यहरूमा कृष्णबहादुर शाही, कीर्तिबहादुर चन्द, कृष्णबहादुर बुढा, हर्कबहादुर रावत, नरेन्द्रबहादुर शाह, टीकाराम रेग्मी हुनुहुन्थ्यो ।

२०४७ पुस २२ गते नेकपा (माले) र मार्क्सवादीका बीचमा ऐतिहासिक एकीकरणपछि जाजरकोटमा पनि २०४७ चैत ८ गते दुई पार्टीका बीचमा एकीकरण गरियो । माधवराज पन्थी इन्चार्ज रहेको ३१ सदस्यीय नेकपा (एमाले) जिल्ला कमिटीका सचिव अच्युतराज ज्ञवाली, उपसचिव भैरवसुन्दर श्रेष्ठ, सदस्यहरू कृष्णबहादुर शाही, रत्नप्रसाद शर्मा, भवानीप्रसाद शर्मा, रामलाल आचार्य, कृष्णप्रसाद बुढा, हिक्मत नेपाली, भीमबहादुर नेपाली, प्रेमप्रसाद घर्ती, तुलाबहादुर पुन, लालबहादुर महतरा, गोरखबहादुर सिंह, टेकबहादुर थापा, हर्कबहादुर रावत, पद्मबहादुर शाही, हिरा सिंह, लालबहादुर थापा, दीपबहादुर शाही, टेकबहादुर सिंह, मानबहादुर शाही, मधुकर शाक्य, हेरम्बबहादुर शाह, धिरेन्द्र आर.सी., शंकर कार्की, खम्बप्रसाद रोकाय, दीपक जी.जङ्ग शाह, कीर्तिबहादुर चन्द, लालबहादुर गिरी, जगतबहादुर शाही रहनुभएको थियो ।

यसरी उत्साहितरूपमा क्रियाशील भएको नेकपा (एमाले) पार्टीले ०४८ को निर्वाचनमा क्षेत्र नं. २ बाट प्रतिनिधिसभाका लागि सांसद निर्वाचित गर्न सफल भएको थियो भने क्षेत्र नं. १ बाट भने पाँचौं स्थान हासिल गरेको थियो । ०४९ को स्थानीय निर्वाचनमा जिविस उपसभापतिलगायत २ जना इलाका सदस्य र ७ गाविसमा निर्वाचन जित्न सफल रहेको थियो । यद्यपि ०४८ देखि ०५० को बीचमा पार्टीको सांगठानिक काम अत्यन्तै कमजोर भयो । विभिन्न मितिमा कमिटी पुनर्गठन भइरहेको थियो । पार्टी अञ्चल कमिटीले पेशेवररूपमा जाजरकोट खटाइएका राजेश कोइरालालाई २०४८/१२/१३ देखि सचिव बनाई केही समय जिम्मेवारी दिइयो । २०४९ कार्तिक २४ गते पुनः जिल्ला कमिटी पुनर्गठन गरियो । जसको सचिव खीमबहादुर शाही रहनुभयो । ०४९/१०/१ मा पार्टी अञ्चल सचिव देवराज भारको उपस्थितिमा पाँचौं राष्ट्रिय महाधिवेशनका प्रतिनिधि छनौट गरियो । महाधिवेशनमा जाजरकोटले पहिलोपटक प्रतिनिधित्व गरेको थियो । त्यसपछि हरिशकुमार शाक्यलाई कार्यवाहक सचिवको जिम्मेवारी दिइएको थियो । उक्त कमिटी पनि क्रियाशील नहुँदा २०५०/९/१८ गते हरि पराजुलीको उपस्थितिमा

शिक्षक पदबाट राजीनामा गराई रत्नप्रसाद शर्मालाई सचिवको जिम्मेवारी दिई कमिटी पुनर्गठन गरियो, जसको उपसचिव भवानीप्रसाद शर्मा हुनुहुन्थ्यो ।

०५१/१२/२ मा नेकपा (एमाले) भेरी अञ्चलका इन्चार्ज गोविन्द कोइरालाको उपस्थितिमा रत्नप्रसाद शर्मा सचिव, नवराज सिंह उपसचिव रहेको १५ सदस्यीय जिल्ला संगठन कमिटी गठन भयो ।

२०५० देखि २०५६ को अवधिमा त्यहाँ पार्टी काम निकै राम्रो भयो । यो बीचमा जिल्लाभरी पार्टी संगठन विस्तार भएको छ । पार्टी प्रवेशको लहर निकै उत्साहजनक रह्यो । पार्टी स्थापनादेखि ०५३ सम्म आइपुग्दाको विभिन्न मितिमा भएको पार्टी पुनर्गठनको सिलसिलामा संगठित भएर रामप्रसाद घर्ती, शेरबहादुर शाही, कालीबहादुर सिंह, मित्र गणेश श्रेष्ठ, नन्दु सिंह, अम्बा शाह, लक्ष्मीप्रसाद शर्मा, कृष्णबहादुर खड्का, इन्द्रबहादुर खत्री, विष्णुकुमार पुनहरू विभिन्न गतिविधिमा क्रियाशील रहेको पाइन्छ ।

२०५३ जेठ १० गते पार्टीको प्रथम जिल्ला अधिवेशन महासचिव क. माधवकुमार नेपालको प्रमुख आतिथ्यमा सम्पन्न भयो । प्रथम जिल्ला अधिवेशनबाट सचिव रत्नप्रसाद शर्मा, उपसचिव हिरण्यप्रसाद भण्डारी (पछि कमिटी छाडेको), सदस्यहरू नवराज सिंह (पछि उपसचिव), कृष्णबहादुर शाही, भैरवसुन्दर श्रेष्ठ, कृष्णबहादुर बुढा, कीर्तिबहादुर चन्द, खीमबहादुर शाही, तारा शाक्य, धनपति राणा, नरेन्द्रबहादुर शाह, राजु शाक्य, गोपालबहादुर रोकाय, डिल्लीबहादुर सिंह, भक्तबहादुर रोकाय, शिवबहादुर रोकाय, निरज आचार्य (पछि थप) रहेको जिल्ला कमिटी निर्माण भयो ।

०५४ को स्थानीय निर्वाचनमा जिविस सभापति, उपसभापतिसहित ७ इलाका सदस्य र २० वटा गाविसमा विजय हासिल गर्न पार्टी सफल भएको थियो ।

२०५६ को संसदीय निर्वाचनमा क्षेत्र नं. २ बाट अत्याधिक मतले रत्नप्रसाद शर्मा निर्वाचित हुनुभयो भने क्षेत्र नं. १ मा कृष्णबहादुर शाहीले ५ सयभन्दा कम मतले पराजित हुनुपर्‍यो । पार्टीका तत्कालीन सचिव रत्नप्रसाद शर्मा प्रतिनिधिसभा सदस्य भइसकेपछि ०५६ माघदेखि नवराज सिंह सचिव र लालबहादुर महतरा उपसचिव रहेको दोस्रो जिल्ला सम्मेलन आयोजक कमिटी गठन गरियो ।

२०५७ जेठ ३ गते पार्टी स्थायी समिति सदस्य केशवप्रसाद बडालको प्रमुख आतिथ्यमा दोस्रो जिल्ला अधिवेशन सम्पन्न भयो । दोस्रो जिल्ला अधिवेशनबाट लालबहादुर महतरा सचिव, डम्बरबहादुर सिंह उपसचिव र सदस्यहरू रत्नप्रसाद शर्मा, कृष्णबहादुर बुढा, नवराज सिंह, निरज आचार्य, कीर्तिबहादुर चन्द, करवीर शाही, खीमबहादुर शाही, जीतबहादुर मल्ल, धर्माबहादुर शाही, हरिबहादुर थापा, डम्बरबहादुर घर्ती, लालबहादुर रावल, प्रेमनाथ योगी, जीतबहादुर थापा, वेदबहादुर शाही (पछि थप), भीमबहादुर नेपाली (पछि थप), नरबहादुर खत्री, पूर्णप्रसाद रेग्मी, तारा शाक्य, वैकल्पिक सदस्यहरू रिता रावल, नगेन्द्र शाह रहेको कमिटी निर्माण भयो । २०५४ को दुःखद् पार्टी विभाजनले जाजरकोटमा खासै असर नपारे पनि ०५९ को पार्टी एकीकरणपछि ०५९ माघमा जाजरकोटमा पनि माले-एमालेबीच एकीकरण सम्पन्न भयो । जुन कमिटीको सचिव लालबहादुर महतरा, उपसचिव डम्बरबहादुर सिंह, सदस्यहरू रत्नप्रसाद शर्मा, नवराज सिंह, कृष्णबहादुर बुढा, निरज आचार्य, खीमबहादुर शाही, करवीर शाही, कीर्तिबहादुर चन्द, खीमबहादुर शाही, नगेन्द्र शाह, नरबहादुर खत्री, लालबहादुर रावत, जीतबहादुर थापा, हरिबहादुर थापा, भीमबहादुर नेपाली, वेदबहादुर शाही, धर्माबहादुर शाही, रिता रावल रहनुभयो भने मालेबाट कालु हमाल र भक्तबहादुर रोकायलाई समावेश गरियो । २०६० पुस ३ मा पार्टी अञ्चल समन्वय कमिटीका सचिव लक्ष्मणराज ज्ञवालीको उपस्थितिमा तेस्रो जिल्ला अधिवेशन आयोजक कमिटी गठन भएको छ । यसको सचिव लालबहादुर महतरा, उपसचिव डम्बरबहादुर चन्द, धर्माबहादुर शाही, भैरवबहादुर श्रेष्ठ, नगेन्द्र शाह, कालु हमाल, कलावती रोकाय रहेको कमिटीले हाल नेकपा (एमाले) धारको नेतृत्व गरिरहेको छ ।

जाजरकोट जिल्लामा (माले) धारको स्थापनादेखि हालको नेकपा (एमाले) निर्माण र निरन्तर विकास गर्ने, पार्टी संगठनलाई व्यापक बनाउन विभिन्न समय र कार्यक्रममा नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल, स्थायी समिति सदस्य अमृतकुमार बोहरा, केशव बडाल, युवराज ज्ञवाली, केन्द्रीय सदस्यहरू गोविन्द कोइराला, प्रेमसिंह धामी, के.अ.नि.क. का सचिव गंगालाल तुलाधर, केन्द्रीय सदस्य सिद्धिलाल सिंह, के.स. राजेन्द्र पाण्डे, प्रकाश ज्वाला, माधवराज पन्थी, हरि पराजुली, लक्ष्मणराज ज्ञवाली, देवराज भार, रंगनाथ जोशी, डिल्ली महत, अच्युत ज्ञवाली, राजेश कोइराला उपस्थित भई कार्यकर्तालाई सैद्धान्तिक, वैचारिक ढंगले दिशाबोध गराउनुभएको छ, कार्यकर्तामा उत्साह प्रदान गर्नुभएको छ । त्यसैगरी बाहिर जिल्लाबाट नोकरीको सिलसिलामा गएका शिक्षक रामप्रसाद ज्ञवाली, केशवराज शर्मालगायतका थुप्रै शिक्षक कर्मचारी साथीहरूले त्यहाँको पार्टी निर्माणमा उत्प्रेरकको भूमिका निर्वाह गर्नुभएको छ । जसका कारण नेकपा (एमाले) जाजरकोटी जनताका बीचमा एउटा सशक्त कम्युनिष्ट पार्टीका रूपमा स्थापित भएको, जिल्लाभरी घनिभूत संगठन निर्माण गर्न सफल भएको छ । नेकपा (एमाले)ले जाजरकोटी जनताको नेतृत्व गरिरहेको छ । यो नै जाजरकोटी कम्युनिष्ट आन्दोलनको अविचलित मूलधारका रूपमा निरन्तर अगाडि बढिरहेको छ ।

# नेपाली राजनीतिमा महिला सहभागिता

## ' लालबाबु यादव

**ने**पालमा राज्यको एकीकरणदेखि १९ औं शताब्दीसम्म महिलालाई राज्यको सम्बन्धमा कुनै चासो थिएन र महिलाहरूको भूमिका केवल परिवारमा मात्र सीमित थियो । तर २० औं शताब्दीको अन्ततिर राज्यको आधुनिकीकरणले

महिलाहरूलाई पारिवारिक कामबाट राज्यको ऐन, कानून र नीतिको परिधिभित्र ल्याउने काम भयो। त्यसैले सन् १९५१ मा अन्तरिम संविधान र त्यसपछिका कानूनी प्रावधानहरू लागु भएदेखि कानूनीरूपमा महिला पुरूष समान मानिन्छन्। तर व्यवहारमा वर्तमान संविधानमा नै महिला र पुरूषबीच असमानता देखिन्छ। यद्यपि २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त नेपाल अधिराज्यको संविधान-२०४७ को भाग (३) को धारा ११ को उपधारा २ मा "कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति वा बैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" भनिएको छ।

**१. नेपाली राजनीति र महिला सहभागिता :**

प्रत्येक प्रजातान्त्रिक राज्यले आफ्नो जनताको राजनीतिमा बढी सहभागिता र सबै पक्षको प्रतिनिधित्वको विस्तार गर्न आवश्यक परिवेश बनाउने गर्दछ। तर एकीकरणदेखि पंचायतकालसम्म राज्यले नै सम्पूर्ण राजनैतिक गतिविधिलाई नियन्त्रण गरेको हुनाले राजनीतिमा महिलाको सहभागितालाई निरूत्साहित गरिएको थियो। जबकि राज्यको कुल जनसंख्याको (५०.०५ के.त.वि.२०५९) आधाभन्दा बढी जनसंख्या रहेको महिलाहरूले नेपालको प्रजातन्त्रको आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका छन्। बहुदलीय प्रजातन्त्रको पुनर्वहालीपछि महिलाहरूको राजनीतिमा तुलनात्मकरूपमा बढी चासो र सहभागिता देखिन्छ। सबै प्रमुख राजनैतिक दलहरूले आफ्नो पार्टीका महिला विभाग संचालन गरेर महिलाको राजनीतिक सहभागितामा अभिवृद्धि गर्नेतर्फ सकरात्मक कार्य गरेका छन। राज्यका प्रत्येक तह अर्थात् केन्द्रदेखि गा.वि.स.को तल्लो इकाईसम्मका निर्वाचित संस्थाका साथै पार्टी संगठनका केन्द्रीय र स्थानीय तहमा पनि महिला कोटाको व्यवस्था गरी राजनीतिमा महिलाहरूको निमित्त प्रतिनिधित्वलाई निश्चित गरिएको छ। यी सबै व्यवस्था भएतापनि महिलाहरूको राजनीतिमा सहभागिता र प्रतिनिधित्व कमजोर नै देखिएको छ। त्यसमा पनि तराई मूलका र दलित महिलाहरूको सहभागिता त झन् अति नै नगन्य नै देखिएको छ।

राजनीतिमा महिला सहभागिता अभिवृद्धि गर्नका लागि संवैधानिक व्यवस्था पनि गरिएको छ। जसअनुसार प्रत्येक राजनीतिक दलले आमनिर्वाचनमा महिलाहरूको लागि कम्तीमा पाँच प्रतिशत स्थान सुरक्षित राख्नुपर्ने, राष्ट्रियसभामा ६० स्थानमा कम्तीमा ३ जना महिला हुनुपर्ने व्यवस्था गरिएको छ। यसका साथै स्थानीयस्तरमा पनि महिला सहभागितालाई बढाउनको लागि सरकारले स्थानीय स्वायत शासन ऐन-२०५५ मा प्रत्येक जिल्ला, नगर र गाउँ विकास समितिका वडातहमा महिलाको लागि २० प्रतिशत स्थान सुरक्षित गरिएको छ। यो ऐनले प्रत्येक राजनीतिक दलहरूलाई महिला उम्मेदवारहरू उठाउन अनिवार्य गरेको छ। यो ऐनको व्यवस्थाले गर्दा नै विघटित स्थानीय निकायमा करिब ४४,००० महिला स्थानीय तहमा संलग्न रहेको थिए। संविधानमा महिलाहरूलाई राजनीतिमा बढी सहभागिताको लागि विशेष व्यवस्था गरे पनि अहिलेसम्मको अध्ययन र अनुसन्धानमा सरकार, संसददेखि स्थानीय तहसम्म महिलाको प्रतिनिधित्व अत्यन्त सीमित देखिएको छ। प्रजातन्त्रको पुनर्स्थापनापछिको २०४८, २०५१ र २०५६ को आमनिर्वाचनमा प्रतिनिधिसभामा महिलाको प्रतिशत क्रमशः ३, ३, ५ र ८ प्रतिशतमात्र रहेको छ। विघटित स्थानीय निर्वाचन २०४९ र २०५४ को जिल्लास्तर २० प्रतिशतमात्र देखिएका थिए।

२०५६ को प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने यी सात दलहरूको कुल महिला उम्मेदवार ७.१५ प्रतिशत थियो भने पुरूषको प्रतिशत ९२.८५ थियो। नेपाली कांगेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको १४ जना महिला उम्मेदवार थिए भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) का १२, नेपाल मजदुर किसान पार्टी र नेपाल सद्भावना पार्टीका ५, संयुक्त जनमोर्चा ३ र राष्ट्रिय जनमोर्चा ४ जना उम्मेदवारहरू थिए। जसमा सबभन्दा धेरै महिला उम्मेदवारको प्रतिशत ने.म.कि.पा. (१२.२०) रहेको छ। त्यस्तै सबै राजनीतिक दलहरू र स्वतन्त्र गरी प्रतिनिधिसभाको २०५ स्थानको लागि २२३८ जना उम्मेदवार थिए जसमा महिलाको संख्या १३५ रहेको थियो। तर २०५ क्षेत्रमध्ये ११३ क्षेत्रमा महिला उम्मेदवार एउटा पनि थिएन।

२०५६ को आमचुनावमा २०५ स्थानमध्ये महिला १२ स्थान (अर्थात् ५.९ प्रतिशत) मात्र निर्वाचित भए भने पुरूष १९३ स्थान (अर्थात् ९४.१) मा विजयी भएको देखिन्छ। त्यसैगरी नेकपा (एमाले) को ६ जना र ने.का. ५ जना, रा.प्र.पा. १ जनामात्र महिला विजयी

भए। त्यस्तै ने.स.पा., ने.म.कि.पा., सं.ज.मो. र रा.ज.मो. का कुनै पनि महिला उम्मेदवार विजयी हुन सकेनन्। यस्तै २०५६ को राष्ट्रियसभाको कुल ६० जनामध्ये महिला ९ जना अर्थात् १५ प्रतिशत रहेकोमा पुरूष ५१ जना अर्थात् ८५ प्रतिशत देखिएको थियो जुन विगतको साल भन्दाभन्दै दोब्बर देखिएको छ।

त्यस्तै मुलुकका प्रमुख राजनीतिक दलहरूको पनि आफ्नो केन्द्रीय कार्यसमितिमा महिलाहरूको उचित प्रतिनिधित्व नभएको भन्ने विभिन्न महिला संघ संगठनको पनि गुनासो रहेको छ। यसमा मुलुकका ठूलो राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रसको केन्द्रीय समितिमा दश प्रतिशतभन्दा पनि कम महिला प्रतिनिधित्व भएको देखिन्छ। संख्याको आधारमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा महिलाको बढी प्रतिनिधित्व (५) देखिएता पनि प्रतिशतको आधारमा नेपाल मजदुर किसान पार्टीको केन्द्रिय कार्यसमितिमा सबभन्दा धेरै महिला प्रतिनिधित्व भएको (१५.४) देखिएको छ जबकि संयुक्त जनमोर्चाको केन्द्रिय कार्य समितिमा सबभन्दा कम (६.३) महिला प्रतिनिधित्व रहेको छ। तर नेपाल मजदुर किसान पार्टीमा सबभन्दा बढी प्रतिनिधित्व प्रतिशत देखिए पनि जनसंख्याको आधारमा (दुई जनामात्र) सबभन्दा कम देखिन्छ। त्यस्तै नेपाली कांग्रेसमा तीन जना र रा.प्र.पा. र ने.स.पा.मा ४ जना सदस्य छन्। यसरी विगतका प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूको केन्द्रीय कार्यसमितिमा (६ वटा राजनीतिक दल ) कुल २३९ जना सदस्य रहेकोमा महिलाको प्रतिनिधित्व २१ अर्थात् (८.८) छ भने पुरूषको २१८ (९१.२) देखिएको छ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ)*

## प्रतिनिधिसभा र राष्ट्रिय सभामा महिलाको संख्या

| साल | प्रतिनिधिसभा | | | राष्ट्रिय सभा | | |
|---|---|---|---|---|---|---|
| | महिला संख्या | जम्मा संख्या | महिलाको प्रतिशत | महिला संख्या | जम्मा संख्या | महिला प्रतिशत |
| २०४८ | ७ | २०५ | ३.४१ | ३ | ६० | ५ |
| २०५२ | ७ | २०५ | ३.४१ | ५ | ६० | ८.३३ |
| २०५३ | १२ | २०५ | ५.८ | ९ | ६० | १५ |

*श्रोतः CEDAW imfact study, Nepal, FWCD*

## प्रतिनिधिसभा २०५६ मा प्रतिनिधित्व गरेका विभिन्न राजनीतिक दलका महिला उम्मेदवारको अवस्था :

| सि.न. | राजनीतिक दल | महिलाको संख्या | प्रतिशत | पुरूषको संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | १२ | ६.१५ | १८३ | ९३.८५ | १९५ |
| २. | ने. का. | १४ | ६.८३ | १९१ | ९३.१७ | २०५ |
| ३. | रा.प्र.पा. | १४ | ७.१८ | १८१ | ९२.८२ | १९५ |
| ४. | ने.स.पा. | ५ | ७.३५ | ६३ | ९२.६५ | ६८ |
| ५. | ने.म.कि.पा. | ५ | १२.२० | ३६ | ८७.८० | ४१ |
| ६. | सं.ज.मो. | ३ | ७.५० | ३७ | ९२.५० | ४० |
| ७. | रा.ज.मो. | ४ | ७.५५ | ४९ | ९२.४५ | ५३ |
| ८. | स्वतन्त्र | २६ | ४.१० | ६०७ | ९५.९० | ६३३ |
| | जम्मा | ८३ | | १३४७ | | १४३० |
| | स्वतन्त्र बाहेक | ५७ | ७.१५ | ७४० | ९२.८५ | ७९७ |

*श्रोतः निवार्चन आयोग, नेपाल, सन् १९९९*

## २०५६ सालको प्रतिनिधिसभामा निर्वाचित महिला तथा पुरूषहरूको संख्या :

| सि.नं. | राजनीतिक दल | महिलाको संख्या | प्रतिशत | पुरूषको संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | ६ | ८.५ | ६५ | ९१.५ | ७१ |
| २. | ने. का. | ५ | ४.५ | १०६ | ९५.५ | १११ |
| ३. | रा.प्र.पा. | १ | ९ | १० | ९१ | ११ |
| ४. | ने.स.पा. | ० | - | ५ | १०० | ५ |
| ५. | ने.म.कि.पा. | ० | - | १ | १०० | १ |
| ६. | सं.ज.मो. | ० | - | १ | १०० | १ |
| ७. | रा.ज.मो. | ० | - | ५ | १०० | ५ |
| | जम्मा | १२ | ५.९ | १९३ | ९४.१ | २०५ |

**श्रोत : निर्वाचन आयोग, २०५६**

## २०५६ को आमनिर्वाचनमा प्रतिनिधित्व गरेको राजनीतिक दलहरूको केन्द्रीय समितिमा महिलाको प्रतिनिधित्व :

| सि.नं. | राजनीतिक दल | महिला सदस्य | प्रतिशत | पुरूष सदस्य | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | ५ | ७.६ | ६१ | ९२.४ | ६६ |
| २. | ने. का. | ३ | ९.४ | २९ | ९०.६ | ३२ |
| ३. | रा.प्र.पा. | ४ | ८.२ | ४५ | ९१.८ | ४९ |
| ४. | ने.स.पा. | ४ | १२.९ | २७ | ८७.१ | ३१ |
| ५. | ने.म.कि.पा. | २ | १५.४ | ११ | ८४.६ | १३ |
| ६. | सं.ज.मो.(रा.ज.मो.) | ३ | ६.३ | ४५ | ९३.७ | ४८ |
| | जम्मा | २१ | | २१८ | | २३९ |

# अनुशासन निरीक्षण कमिटीमा मनोनयन

काठमाडौं । नेकपा (एमाले) केन्द्रीय अनुशासन निरीक्षण कमिटीको सदस्यमा गौरा कोइराला मनोनीत हुनुभएको छ । गत जेठ २५ गते बसेको केन्द्रीय कमिटीको बैठकले उहाँलाई सदस्यमा मनोनयन गरेको हो ।
पार्टी विधानको धारा १५ (ग-१२) बमोजिम उहाँलाई मनोनीत गरिएको कमिटीले जनाएको छ । उहाँ भेरी अञ्चल समन्वय कमिटीको सदस्य रहिआउनुभएको थियो ।

## ओखलढुङ्गामा अधिवेशन

ओखलढुङ्गा । नेकपा (एमाले) ओखलढुङ्गाको पाँचौं अधिवेशन गत चैत १३ गते पार्टीको केन्द्रीय सदस्य तथा माथिल्लो सगरमाथा अञ्चल इन्चार्ज हेमराज राईको प्रमुख आतिथ्य र केन्द्रीय कमिटीका सल्लाहकार सदस्य दीपबहादुर श्रेष्ठको आतिथ्यमा सम्पन्न भयो ।
सो अधिवेशनले किशोर अधिकारी सचिव रहेको नयाँ कमिटी गठन गरेको छ । सो कमिटीको उपसचिवमा नेत्रप्रसाद भट्टराई र सदस्यहरूमा छविलाल कार्की, हर्कबोल राई, मोहनकुमार श्रेष्ठ, प्रेमनारायण प्रेमी, शंकर कार्की, सागर राई, केशवकुमार उदास, केदारबाबु बस्नेत, वीरबहादुर पौडेल, निलम के.सी., विष्णुबहादुर थापा मगर, शंकर ब. कटुवाल, मेखबहादुर कटुवाल रहनुभएको छ भने वैकल्पिक सदस्यमा गोविन्द पौडेल र नरबहादुर कटुवाल रहनुभएको छ ।

# प्रवक्ता मदन भण्डारीको एक मात्र वक्तव्य

**(२०४६ को संयुक्त जनआन्दोलन उत्कर्षमा पुगिरहेको बेला तत्कालिन नेकपा (माले)का प्रवक्ता वेदबहादुर वान्तवाले चैत ३, २०४६ मा वक्तव्य जारी गर्नुभएको थियो । "प्रजातान्त्रिक अधिकार प्राप्ति र राष्ट्रिय हीत रक्षाको निम्ति अघि बढाइने यस राजनीतिक संग्राममा अब भविष्यमा जे जस्तो स्थिति उत्पन्न हुनेछ, त्यसको जवाफदेही श्री ५ को सरकार र पञ्चहरूमा मात्र होइन, सम्पूर्ण रूपमा राजामाथि रहनेछ र इतिहासले राजालाई यस उत्तरदायित्वबाट उम्कन दिने छैन" भन्ने उक्त वक्तव्य जारी गर्नुहुने प्रवक्ता वान्तवा वास्तवमा मदन भण्डारी हुनुहुन्थ्यो । प्रवक्ताको रूपमा उहाँको यो एकमात्र वक्तव्य हो । वक्तव्यको पूर्ण विवरण यसप्रकार थियो)**

निर्दलीय पंचायती व्यवस्थाको समाप्ती र बहुदलीय राजनीतिक व्यवस्थाको स्थापना गर्ने संकल्पका साथ शुरू भएको आन्दोलनले दोस्रो चरणका कार्यक्रमहरू सफलताका साथ पूरा गर्दैछ । आन्दोलनका कार्यक्रमहरूमा आम जनताले देखाएको उत्साह, साहस र सक्रियताप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

राजा वीरेन्द्रको सरकारले आन्दोलन दबाउन हिंसात्मक दमनमात्र होइन, अरू अनेकौं षड्यन्त्र पनि गरिरहेको छ । पक्राउ परेका विभिन्न राजनीतिक समूहका कार्यकर्ता र समर्थकहरूलाई असैह्य यातना दिएर खाली कागजमा सही गराउने र त्यसमा पछि आफूखुशी लेखेर प्रचारित गर्ने, पतित भइसकेका र घुसपैठ गराइएका तत्वहरूबाट वक्तव्य दिन लगाएर आन्दोलनको विरोध गराउने जस्ता हास्यास्पद कोसिस पनि गरिरहेको छ । त्यतिमात्र होइन, कतिपय दिवंगत, पुराना प्रजातान्त्रिक व्यक्तित्वहरूको प्रतिष्ठालाई समेत धमिल्याउने हिसाबले तिनीहरूका अयोग्य उत्तराधिकारीहरूलाई समेत किनेर आन्दोलनको एकतामा भाँजो हाल्ने कुत्सित कोसिस पनि गरिरहेको छ । यस्ता अराजनीतिक, हुतिहारा र कायर क्रियाकलापहरूको म घोर निन्दा र भर्त्सना गर्दछु ।

जनताको यस आन्दोलनले निर्दलीय पञ्चायती संविधानलाई सार्वजनिक रूपमा साहसपूर्वक अवज्ञा र उल्लंघन गरिसकेको छ । जुलुस र व्यापक जनसहभागिताको साथ प्रतिकात्मक रूपमा व्यवस्थाको अन्त्येष्टी गरेर आफ्नो पूर्ण विरोध व्यक्त गरिसकेको छ र अब निकट भविष्यमा यस पञ्चायती संविधानलाई समेत पोलेर वर्तमान संविधान र व्यवस्थासँग आफ्नो पूर्ण सम्बन्ध विच्छेद पनि जाहेर गर्नेछ । यस्तो बेलामा आज पोखराको पञ्चग्यालीमा राजाद्वारा एउटा प्रतिगामी संबोधन गरिएको छ । जनताद्वारा संविधान र व्यवस्थालाई नै समाप्त पार्न आन्दोलनमा उत्रिसकेको स्थितिमा लोकसम्मतिअनुसार पंचायती व्यवस्थामै अझै सुधार गर्दै जाने भन्ने राजाको संबोधनको कुनै सकारात्मक मूल्य र महत्व छैन । यस शाही संबोधनले देशको वर्तमान राजनीतिक गतिरोधलाई तोड्ने र विस्फोट भइसकेको संघर्षलाई समाधान गर्ने होइन, चर्काउनेमात्र काम गरेको छ । जनताको संघर्षले जबसम्म खुद राजालाई बाध्य पार्दैन, तबसम्म यस जनविरोधी, राष्ट्रघाती र लुटपाटको शासन व्यवस्थालाई हटाउने राजाको इच्छा छैन भन्ने कुरा प्रष्ट भएको छ । यस्तो स्थितिमा जनताले राजाको सरकार र पञ्चायती व्यवस्थाविरूद्ध आफ्नो संघर्षलाई अझ प्रचण्डरूपमा अघि बढाउनुबाहेक अर्को कुनै विकल्प छैन । त्यतिमात्र होइन, देशभित्रको प्रजातान्त्रिक,

शान्तिपूर्ण जनआन्दोलनलाई दबाउन आफ्नो सरकारलाई भारत सरकारसमक्ष घुँडा टेक्ने ठाडो निर्देशन पनि राजाबाट भइसकेको छ। त्यही निर्देशानुरूप न्यायप्रेमी, निर्दोष जनताको रगत लतपतिएका हात लिएर भारतसँग दासताको नयाँ सन्धि गर्न राजाको सरकार अग्रसर भइरहेको छ। यस्तो स्थितिमा प्रजातान्त्रिक अधिकार प्राप्ति र राष्ट्रिय हितरक्षाको निम्ति अघि बढाइने यस राजनीतिक संग्राममा अब भविष्यमा जे जस्तो स्थिति उत्पन्न हुनेछ, त्यसको जवाफदेही श्री ५ को सरकार र पञ्चहरूमा मात्र होइन, सम्पूर्ण रूपमा राजामाथि रहेनछ र इतिहासले राजालाई यस उत्तरदायित्वबाट उम्कन दिनेछैन।

यस आन्दोलनको दौरानमा अहिलेसम्म तीन दर्जनभन्दा बढी व्यक्तिहरू सरकारी हिंसाको शिकार भइसकेका छन्। सयौं व्यक्तिहरू अपाङ्ग भएका छन् र हजारौं व्यक्तिहरूलाई निर्मम यातनाका साथ हिरासतमा र जेलमा थुनिएको छ। जनताका प्रतिनिधि राजनीतिक पार्टीहरू र देशको बौद्धिक जनमतले शान्तिपूर्ण शहरी जनआन्दोलनको माध्यमबाट आफ्नो अभिमत जाहेर गर्दा त्यसमाथि र देशको बौद्धिक जनमतले शान्तिपूर्ण शहरी जनआन्दोलनको माध्यमबाट आफ्नो अभिमत जाहेर गर्दा त्यसमाथि आफ्नो तानाशाही सरकार लगाएर हिंसात्मक दमन गर्ने र लत्याउने काम खुद राजाबाट भइरहेको छ । यस्तो स्थितिमा आन्दोलनकारीहरूले पंचायतविरोधी आन्दोलनलाई अब सबै वर्ग र तहका जनतामा र खासगरी गाउँले क्षेत्रमा पनि विस्तार गर्नु अत्यन्त जरूरी भएको छ। गाउँले क्षेत्रका पंचायती निकायहरूलाई तोड्दै बहुदलीय राजनीतिक व्यवस्थाका राजनीतिक निकायहरू निर्माण गर्ने र तिनीहरूको माध्यमबाट पंचायती संविधान, व्यवस्था र राजाको तानाशाही सरकारविरूद्ध राष्ट्रियस्तरको आन्दोलनलाई सशक्तरूपमा अघि बढाउनुपर्छ। यस राजनीतिक संग्रामलाई अब सबै ठाउँमा पंचायतका स्थानीय निकायहरू, खुँखार पंचहरू र कट्टर यथास्थितिवादी शोषक, जाली-झेली तत्वहरूको विरूद्ध अघि बढाउन म सम्पूर्ण न्यायप्रेमी आन्दोलनकारी शक्ति र जनसमुदायलाई हार्दिक आह्वान गर्दछु।

*-चैत्र ३, २०४६*

## शंकर पोखरेल

*केन्द्रीय कमिटी सदस्य*
*शिक्षा विभाग प्रमुख*

- **जन्ममिति** :- ०१-०३-१९६३
- **जन्मस्थान** :- दाङ, बिजौरी-६
- **माता** :- टीकादेवी शर्मा **पिता** :- केशवराज शर्मा
- **पत्नी**:- सुजिता शाक्य, **छोरी**: अंकिता, आकृति
- **शिक्षा**:- प्राथमिक- जनता पाठशाला-बिजौरी, उच्च-एम.बी.ए., त्रि.वि.
- **राजनीतिक जीवनको आरम्भ**

\+ २०३५-०३६ को विद्यार्थी आन्दोलनबाट

- **जिम्मेवारी** :-

- अभानेविसंघ अध्यक्ष बनारस - २०३९
- संस्थापक तथा अध्यक्ष अभानेस्ववियु- २०४०
- अनेरास्ववियू अध्यक्ष बागमती -०४३
- युग लिग सदस्य उपत्यका-२०४३
- राजकाज मुद्दा-२०४४
- केन्द्रीय कोषाध्यक्ष अनेरास्ववियु - २०४४
- सभापति त्रि.वि.वि. कीर्तिपुर- २०४५
- संयोजक स्ववियु काउन्सिल-२०४५
- अनेरास्ववियु उपाध्यक्ष - २०४६
- अध्यक्ष- अनेरास्ववियु- २०४७-२०५०
- प्रतिनिधिसभा सदस्य २०५१ दाङ-३

- विद्यार्थी जिल्ला कमिटी सचिव तथा उपत्यका सदस्य -२०४७-२०५१
- प्रचार विभाग प्रमुख २०५१ र सचिव २०५१-२०५४
- राप्ती अञ्चल इञ्चार्ज - २०५४-२०५९
- त्रि.वि. महेन्द्र संस्कृति विश्वविद्यालय सभा सदस्य
- पाँचौं, छैटौं र सातौं महाधिवेशन प्रतिनिधि
- हिरासतमा १० पटकभन्दा बढी (पञ्चायतकाल)

◆ **तपाईंको आदर्श** -

- सक्रियता, निष्ठा र समर्पण

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको ज्यादै दुःखको क्षण**

- दासढुंगा हत्याकाण्ड, मदन-आश्रितलाई गुमाउनुपर्दा, क. नेत्रको निधन

◆ **हालको ठेगाना** :- का.म.न.पा.-३४, मीनभवन

## प्रदीप ज्ञवाली

*केन्द्रीय कमिटी सदस्य*

◆ **जन्म मिति** - २८ भदौ, २०१९

◆ **जन्मस्थान** :- बलेटक्सार-२, चौतारा, गुल्मी

◆ **माता** :- पुण्यकला ज्ञवाली **माता** :- नारायणदत्त ज्ञवाली

◆ **पत्नी**:- सरस्वती अर्याल, छोरीः क्षितिज छोराः प्रशान्त/स्वागत

◆ **शिक्षा**:-

◆ **राजनीतिक जीवनको आरम्भ**

+ कम्युनिष्ट पार्टीबाट प्रभावित-२०२८
+ अखिल नेपाल क्रान्तिकारी विद्यार्थी संघमा संगठित-२०३०
+ को.के.सँग सम्पर्क- २०३४
+ कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त-२०३५ कार्तिक

◆ **जिम्मेवारी** :-

- सक्रिय दल सचिव-०३४
- गुल्मी-पाल्पा संयुक्त जिल्ला कमिटी सदस्य-२०३५ चैत
- भूमिगत जीवन प्रारम्भ- २०३६ कार्तिक
- अर्घाखाँची जिल्ला सचिव- २०४६
- लुम्बिनी अञ्चल सचिव- २०५१
- रा.प.स. - २०५२
- के.क.स.- २०५४

◆ **तपाईंको आदर्श** -

- असल कम्युनिष्ट बन्नु

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद क्षण-**

- दासढुंगा घटनामा कमरेड मदन भण्डारी र जीवराज आश्रितको हत्या

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- ०३४-३६ को अवधिमा पार्टी संगठन निर्माण गर्दाको क्षण
- क. बसीर मिया र क. बाँकाबलको हत्यापछि अर्घाखाँचीमा काम उठाउँदाको क्षण

◆ **हालको ठेगाना** :- बुटवल-९, पुष्पनगर, रुपन्देही